दायित्व

(साहित्यिक मासिक)

वर्ष १७ / पूर्णाङ्क ४५ / वैशाख २०६०

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४८६४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४८३४२६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४८२२६४

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

विशेष सहयोगी
कमल ज्ञवाली/विष्णु ज्ञवाली
अरुण खत्री 'नदी'

आवरण सज्जा
सोम सानु

प्रकाशक
दायित्व वाङ्मय प्रष्ठिान, नेपाल

कार्यालय:
घ-[illegible]/७०, चावहिल-७, काठमाडौं
फोन ४७४९८३
[illegible] नं. ६[illegible]६, काठमाडौं

सहयोग
संस्थागत रू. ५०/-
व्यक्तिगत रू. २०/-

मुद्रक : चावहिल [illegible] प्रेस, चावहिल, फोन नं - ४-४७०१७०
कम्प्युटर: देवेन्द्र [illegible] (चावहिल अफसेट प्रेस)

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

सम्पादकीय

- वर्तमान नेपाली साहित्य जगतमा देखिने/पढिने गरेका साहित्यिक कृति वा सामग्रीको नाम दिने गरिएका सबै रचनाहरूलाई साहित्यको संज्ञा दिनु वा साहित्यकार बन्ने लोभमा कनीकुथी दुई/चार रचना सिर्जना गर्ने र हराउने मौसमी साहित्यकारलाई स्रष्टाको सूचीमा राखीहाल्नु चाहीं अनुचित मात्र होइन निरन्तर साधनारत साहित्यकार माथि अन्याय गरेको पनि ठहरिन सक्छ ।

- साहित्यकार भनेको समाजको संवाहक हो । साहित्यको माध्यमबाट समाजमा देखिएका विकृति विसंगतिहरूलाई सौन्दर्यपूर्ण भाषा र शैलीमा उजागर गरेर अन्याय, अत्याचार र कुसंस्कारमाथि खबरदारी गर्दै समाजलाई अग्रगति दिनु साहित्यकारको धर्म हो । तर आज साहित्यलाई अनुत्पादक भन्ने शठमानवहरूको पनि कमी छैन । राजनीतिक संस्कारमा हुर्केका भौतिकवादका परिपोषक शुष्क मस्तिष्कधारी मानवहरूको हातमा शक्ति केन्द्रीत भएकोले आज हाम्रो सुसंस्कृत समाज दुरावस्थातिर धकेलिदै छ ।

- साहित्यकारहरू भनेका अस्वीकृत व्यवस्थापक हुन् । यिनीहरूले सत्य र निष्ठाको आडमा शासन चलाउँछन् र तानाशाहको मुटु हल्लाउँछन् । सत्य बोल्नु र सत्य लेख्नु उनीहरूको धर्म हो । असली साहित्यकारले मृत्युवरण गर्न सक्छ तर असत्य र अन्यायको अगाडि शीर निहुराउन सक्तैन । साहित्यकारमा हुनुपर्ने प्रमुख गुण यही नै हो ।

- मानवसभ्यताको प्रथम उपलब्धी नै उसमा कला र संस्कृतीको प्रादुर्भाव हुनु हो । जब मानवमा चेतनाको अंकुरण हुनथाल्यो तबदेखि उसमा दया, भावना र विचारहरूले जन्म लिन थाले । तिनै भावना र विचारहरूलाई अभिव्यक्त गर्ने साधन हो साहित्य । बुझ्नुपर्ने कुरा यही हो कि व्यक्त वा अव्यक्त रूपमा मानवमा साहित्य, संस्कृति र कलाको अंश रहँदैन त्यो मानव पूर्णमानव हुन सक्तैन । यही नै सभ्य मानवको पहिचान हो ।

- नेपाली साहित्य जहिले विश्व साहित्यको प्रतिस्पर्धा गर्ने स्थितिमा छ । कला, शैली, शिल्प, भाव र वैचारिक उच्चताका कारणले नेपाली साहित्य माथिल्लो श्रेणीमा स्थापित भइसकेको छ । नेपाली भाषामा लेखिएका मुनामदन तरुणतपसी र गौरीजस्ता काव्यहरू विश्व साहित्यमा गनिएका कृतिहरूका पंक्तिमा राख्न सकिन्छ । तर यिनीहरूको अनुवाद अन्तर्राष्ट्रिय स्तरका भाषामा नहुनाले नेपाली साहित्यको चर्चा विश्वसाहित्यमा कम हुनेगरेको छ । अतः यस दिशातिर हाम्रो ध्यान आकृष्ट हुनु जरुरी छ ।

- अन्तमा: विगत सात वर्षयता देखिएको रक्तपातपूर्ण राजनीतिक द्वन्द्वमा पिल्लिएका जनताले बल्ल शान्तिसँग घुम्न र निदाउन पाएका छन् । भगवान् गरुन् - यस प्रकृयाले स्थायित्व पाओस् । नयाँवर्ष २०६० को जिहानीमा यही हार्दिक शुभकामना ।

दायित्व

(साहित्यिक मासिक)

अन्तर्वार्ता :

भाषाका माध्यमबाट उदात्त विचार.....	१	प्रा. गोपीकृष्ण शर्मा

कथा/लघुकथा

आज जनैपूर्णिमा	१६	गोरखबहादुर सिंह
स्यालको सिकार	२८	कपिल लामिछाने
कडी	६२	रामविक्रम थापा
क्षितिज उघ्रेन	६९	पूर्ण मुनकर्मी
नेपाल बाजेको छोरो	७१	अपरिचित
फैसला	७३	सागर 'मणि' थापा

लेख/निबन्ध

लुम्बिनीको मायादेवी मन्दिर.....	२१	घनश्याम राजकर्णिकार
शाक्य सभ्यताको साक्षी : कपिलवस्तु...	३६	डा. गितु गिरी
चिन्तनको चौतारीदुःखको नाम साहस	५९	अच्युतप्रसाद पौडेल 'चिन्तन'

हास्यव्यङ्ग्य

दन्त पुराण	१४	विष्णु प्रभात

लोककथा/लोकसंस्कृति

फेक्षपे बनकोकीको कथा	११	प्रा. मोहन सिटौला
गुल्मेली लोकगीतको परिचयात्मक.....	४६	हिरण्यलाल ज्ञवाली

समीक्षा/समालोचना

कवि गोदारे र स्वराष्ट्रका वीरेन्द्र.....	६	रूद्र शर्मा
युगान्तकर महाकाव्यको मनस्थितिमा....	१७	अर्जुन विरक्ति
चतुष्कोण भित्रका चार कृतिलाई हेर्दा	२३	ठाकुर शर्मा
ज्योत्स्ना खण्डकाव्य:एक सिंहावलोकन	३३	डा. दामोदर ढकाल
जगदम्बिकावैभवम् कृतिलाई.....	४०	माधव घिमिरे 'टंगाल'
कवि चार : दृष्टि एक	४२	यादव भट्टराई
बीपीको समाधि : एक समीक्षा	५५	टीकाराम घिमिरे
भूपीका कविता र मानवताको सन्निकटता	६४	युवराज मैनाली

यात्रा संस्मरण/संस्मरण

भारतीको आलु र निर्मलाको माछा-२	२९	रामप्रसाद पन्त
पाण्डव सुनुवार र श्रीताको कन्दरा	७२	अरूण खत्री 'नदी'

कविता/गीत/गजल/मुक्तक

स्व. पं रामप्रसाद भट्टराई-५/ नारायण गोदारे-५/ अनन्त यात्री-९/ बालकृष्ण भट्टराई-१०/ बुद्ध राना-१३/ मोदनाथ शास्त्री-१३/ कद्र.पुखी-२०/ रमेशजङ्ग सिजापति-२०/ उर्मिला पन्त 'पाण्डेय'-२०/ कल्पना न्यौपाने-२०/ बाहिटा-२८/ कद्र ज्ञवाली-३२/ इन्द्रकुमार श्रेष्ठ-३४/ राजा-३५/ डा. घनश्याम 'परिश्रमी'-३५/ गोपाल पौडेल-३५/ बसन्तराज अज्ञात-३५/ भाग्यशाली अधिकारी-३८/ आनन्दराम पौडेल-३९/ सुमडी आचार्य-४१/ दामोदर पुडासैनी 'किशोर'-४१/ सुशील घिमिरे-४५/ तीर्थराज अधिकारी-४५/ रवीन्द्र थपलिया-४५/ सुदीपभट्ट थपाल-५४/ गोकुल अधिकारी-५८/ ज्ञानप्रसाद आचार्य-५८/ उज्ज्वल जीसी-६२/ रेणुका भट्टराई-६२/ शम्भुकुमार मिलन-६२/ ममता शर्मा 'नेपाल'-६३/ प्रकाशमणि दाहाल-६३/ जयन्ती 'स्पन्दन'-६८/ राज माङ्लाक-६८/ धीरेन्द्र मल्ल-७०/ असीम उपाध्याय-७३

अन्तर्वार्ता

भाषाका माध्यमबाट उदात्त विचार वा अनुभूतिलाई सम्प्रेषित गर्ने ललितकला हो: साहित्य

प्रा. गोपीकृष्ण शर्मा

वि.सं. १९९७ साल माघ २२ गते तानसेन नगरपालिका वडा नं. १० पाल्पामा जन्मनुभएका श्री गोपीकृष्ण शर्माले वाराणसीबाट संस्कृतमा व्याकरणाचार्य र त्रि.वि. बाट नेपाली विषयमा एम.ए. गर्नुभएको छ । वि.सं. २०२१ सालदेखि त्रिभुवन कलेज पाल्पामा दश वर्षसम्म र त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा पाँच वर्ष प्राध्यापन सेवा गर्नुभए पश्चात् श्री शर्माले २०३६ सालदेखि नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा सह-प्राध्यापक र २०५४ सालदेखि प्राध्यापक भई हालै सेवा निवृत्त हुन भए पनि प्राध्यापन पेशालाई छोड्नुभएको भने छैन ।

अध्यापनकै सिलसिलामा उहाँले पाठ्यक्रमसँग सम्बन्धित थुप्रै महत्वपूर्ण कृतिहरू प्रकाशित गर्नुभएको छ । जसमध्ये नेपाली निबन्ध परिचय (२०४०), अवलोकन र विवेचन (२०४४), पौराणिक बालकथा (२०४४), सरल निबन्ध परिचय (२०४८) र संस्कृत साहित्यको रूपरेखा (२०५४) प्रमुख छन् ।

यस बाहेक उहाँले बृहद् नेपाली शब्दकोषको सह-सम्पादन, त्रि.वि. पाठ्यक्रम विकास पत्रिका (२०३६-२०४१), सम्झनाका लहरहरू (२०४५) र पाल्पा दर्पणको सम्पादन गर्नुभएको छ । यसैगरी विभिन्न प्राज्ञिक गोष्ठी र कार्यशालाहरूमा विशेषज्ञको भूमिका निर्वाह गर्दै आउनुभएका श्री शर्माले थुप्रै अनुसन्धानात्मक लेख रचनाहरू प्रकाशित गर्नुभएको छ ।

बाल्यकालदेखि नै अत्यन्त मेधावी विद्यार्थीको रूपमा परिचित हुँदै आउनुभएका श्री शर्माले वाराणसेय संस्कृत विश्वविद्यालयबाट स्वर्णपदक, आचार्यमा प्रथम (२०१९), महेन्द्र विद्याभूषण (२०२०), बि.ए. मा सर्वप्रथम भएबापत अर्जुन पदक, झपट पुरस्कार (२०४५), दीर्घ सेवा पदक, दीपा-जनमत पुरस्कार (२०५४) प्राप्त गर्नुको साथै दायित्व साहित्यिक पत्रिका र दायित्व वाङ्मय प्रतिष्ठानसँग सम्बद्ध रही अविच्छिन्न सेवा पुऱ्याएबापत दायित्व वाङ्मय प्रतिष्ठान नेपालले उहाँलाई सम्मानित गरेको छ ।

प्रस्तुत छ- दायित्व पत्रिकाका सम्पादकद्वय **रामप्रसाद पन्त र यादव भट्टराईले** उहाँसँग राखेका जिज्ञासा र शर्माज्यूबाट व्यक्त अभिव्यक्तिहरू ।

१. साहित्यको कुन विधा तपाईंलाई बढी मन पर्छ ? र किन ?

● साहित्यका गद्य, पद्य र नाट्यविधा सबै महत्वपूर्ण छन् । कुनै एक विधा नै उत्कृष्ट भन्ने स्थिति रहँदैन । जहाँसम्म रुचिको प्रश्न छ, त्यो ठ्रक हुन सक्छ । आख्यान र नाट्यविधा पनि मलाई त्यत्तिकै मन पर्छन् । तैपनि सानैदेखि गाउँघरमा सिलोक हाल्ने परिवेशमा हुर्किएको र भानुभक्त र लेखनाथका कविताको आरम्भिक छाप परेको हुनाले मलाई साहित्यको कविता विधा बढी मन पर्छ । पूर्वीय काव्यशास्त्रको अध्ययन-अध्यापनले पनि यसलाई सघाउ पुऱ्याएको हुन सक्छ ।

२. साहित्यको परिभाषा के हो ?

● साहित्यको परिभाषामा एकरूपता पाइँदैन । पूर्व र पश्चिमका विद्वानहरूले कतै कलात्मकतालाई, कतै अनुभूति तीव्रतालाई र कतै साङ्गीतिकतालाई जोड दिएर साहित्य वा काव्यको परिभाषा गरेका छन् । यस स्थितिमा सर्वमान्य परिभाषा साहित्यमा पाइँदैन । त्यसमा पनि साहित्यका कविता, कथा, उपन्यास, नाटक आदिका अलग-अलग परिभाषा हुन सक्छन् । त्यसैले साहित्यबारे के भन्न सकिन्छ भने साहित्य भनेको भाषाका माध्यमबाट उदात्त

विचार वा अनुभूतिलाई सम्प्रेषित गर्ने ललितकला हो ।

३. जीवनको परिभाषा के हो ?

● जीवन निरन्तर चलिरहने प्रक्रिया हो । एकपछि अर्को जीवनले प्रतिस्थापित गर्दै मानव-जीवनको प्रक्रिया परम्परित हुन्छ । खास व्यक्तिको जीवन अवधिको दृष्टिबाट हेर्ने हो भने जीवन परार्थका लागि हुनुपर्छ। अरूको कल्याण गर्ने, परपीडा हटाउने, सामान्य जीविका जिएर उच्च चिन्तन गर्ने आचरण नै जीवनको परिभाषा हो । परार्थमा स्वार्थ हेर्ने प्रवृत्तिमा जीवन मूल्यवान् बन्छ । साहित्यको सिर्जना र अध्ययनलाई अरू शाश्वत तुल्याउँछ ।

४. साहित्य र जीवनबीचको अन्तरसम्बन्ध कस्तो छ भन्ने लाग्छ ?

● साहित्य र जीवनबीचको अन्तरसम्बन्ध निकै घनिष्ठ हुन्छ । सत्साहित्यमा सधैं जीवनलाई उच्च बनाउने सन्देश रहन्छ । साहित्यको लक्ष्य स्वान्तःसुख र कान्तसम्मित उपदेश आदि चर्चित भएबाट पनि असल साहित्यले जीवन प्रक्रियालाई निर्देश गरेकै हुन्छ ।

५. साहित्यिक पुरस्कारको कस्तो महत्त्व रहेको हुन्छ ? आजभोलि जनस्तरमा स्थापित साहित्यिक पुरस्कारको औचित्य स्पष्ट पारिदिनु हुन्छ कि ?

● साहित्यिक पुरस्कारका दुई पक्ष देखा पर्छन् । एउटा पक्ष प्रतिभा र योगदानप्रति गरिने सम्मान हो भने अर्को पक्ष चाहिँ अरू सिर्जनाका लागि प्रोत्साहन पनि हो । यिनमा पनि साहित्य क्षेत्रमा गरिएको उत्कृष्ट योगदानको कदर गर्नु नै साहित्यिक पुरस्कारको महत्त्व हो । आजभोलि जनस्तरमा पनि मनग्ये पुरस्कार स्थापित भएका छन् । लामो इतिहास बोकेका संस्थागत साहित्यिक पुरस्कारको पनि कमी छैन । जहाँसम्म जनस्तरका साहित्यिक पुरस्कारको प्रश्न छ, तिनको आफ्नै महत्त्व छ । प्रतिभाविशेषलाई जनताले गरेको सम्मानको गरिमा हुन्छ नै । स्वार्थहीन साहित्यानुरागीहरूको संलग्नतामा पारदर्शी चयन-प्रक्रिया अँगालेर प्रदान गरिने साहित्यिक पुरस्कार जुनसुकै तहबाट भए पनि प्रतिष्ठाको विषय बन्छ ।

७. समालोचना भनेको के हो ? र किन गरिन्छ ?

● समालोचना, आलोचना, विवेचना, समीक्षा, मूल्याङ्कन आदि विविध शब्दहरू कृतिकार र कृतिको पर्यवेक्षणका लागि प्रचलित छन् । यिनमा पनि समालोचना शब्दको प्रयोग बढी हुनेगरेको छ । साहित्यमा सिर्जनाको बारेमा गरिने प्रतिक्रियालाई समालोचना भनिन्छ । समालोचनामा नीरक्षीरविवेक हुनुपर्छ । गुण वा प्राप्ति भन्न अनकनाउनु हुँदैन र दोष वा त्रुटिपक्षको पनि उल्लेख हुनुपर्छ । सम+आलोचना नै समालोचना हुनाले दोषपक्षलाई छुँदै गुणपक्षको बारेमा निर्भीक भएर सप्रमाण चर्चा गर्नु समालोचना हो । लेखकको भाषा, शिल्प कला र उसबाट व्यक्त अभिव्यक्तिहरू माथि गुण दोष औंल्याउनु नै समालोचना हो ।

८. अत्याधुनिक कालमा उदाएका नेपाली कवि लेखकको समीक्षा, समालोचना भएन भनिन्छ नि ? यथार्थ के हो ?

● यता दुई-अढाइ दशक भित्र कलम चलाउन शुरु गरेका साहित्यिक प्रतिभाहरूका कृति प्रबुद्ध पाठक जगतबाट त्यति पढिएका छैनन् र समीक्षा समालोचनामा पनि त्यति समेटिएका छैनन् । त्यसैले अत्याधुनिकालमा उदाएका नेपाली कवि-लेखकको समीक्षा-समालोचना भएन भन्नु अर्घेल्याइँ होइन । नेपाली साहित्यिक क्षेत्रमा स्रष्टाको वा समालोचकको भरोसालाग्दो जमात पनि त तयार भएको छैन । प्रायः पाठ्यक्रममा रहेका साहित्यिक विधाहरूको मात्र समालोचना गर्ने प्रबृत्ति बढी देखिएको पनि छ । यस स्थितिमा नयाँ लेखक-कविका कृतिमा उदीयमान समालोचकले समेत समीक्षा नगर्नु वा गर्न नम्याउनु तीतो यथार्थ हुँदै हो भने नयाँ कवि-लेखकबाट पनि मूल्यावान् तथा कालजयी कृतिहरूको पौल जन्मन नसक्नु अर्को वास्तविकता हो । राम्रो रचना आउनुपर्‍यो, आज नभए पनि भोलि त्यसको मूल्याङ्कन हुन्छ नै । संस्कृतमा एउटा उक्ति पनि छ -

"उत्पत्स्यते ऽस्ति मम को ऽपि समानधर्मा
कालो ह्ययं निरवधिर्विपुला च पृथ्वी ।"

९. प्राध्यापक, समालोचक र सर्जक यी तीनवटै कार्यमा भूमिका निर्वाह गर्दै आउनुभएका तपाईंले आफूलाई मूल्यमा के भनेर दिनाउन चाहनुहुन्छ ? र किन ?

● बनारसमा संस्कृत व्याकरण तथा साहित्यको अध्ययनका क्रममा मैले २०१२ सालदेखि कविता कोर्न थालेको थिएँ । तत्कालीन छात्रदूत, उजेली आदि त्यहींका पत्रिकामा फुटकर कविताहरू छापिएका पनि छन् । यता पुगनपुग चार दशकदेखि शिक्षण-प्राध्यापनमा संलग्न भएकाले पेशागत रूपमा समेत समीक्षा समालोचनातर्फ मेरो संलग्नता देखिएको हो । केही निबन्ध पनि प्रकाशित छन् । यत्तिकै आधारमा मैले आफूलाई सर्जक ठान्दिनँ, बामेसराइ मात्र हो । त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्राध्यापक पदमा कार्यरत रहेकाले मेरो प्राध्यापन-कौशलको लेखाजोखा गर्ने काम प्रबुद्ध श्रोता तथा विद्यार्थी वर्गको हो । म स्वयंलाई आफैंले समालोचकको लेबल लगाउन पनि चाहन्नँ । तैपनि मित्रहरू मलाई प्राध्यापक र समालोचक भन्न बढी मन पराउँछन् ।

१०. प्राध्यापक र समालोचनाको सहसम्बन्ध कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?

● प्राध्यापक र समालोचनाको सम्बन्ध अत्योन्याश्रयी र उपकारक हुनुपर्छ । प्राध्यापन र समालोचन दुवै कार्यका लागि पूर्व-पश्चिमका नयाँ-पुराना साहित्य-सिद्धान्तको गम्भीर अध्ययन त अपेक्षित हुन्छ नै, साथै आलोच्य कृतिको बहुपक्षीय विश्लेषण र मूल्याङ्कन गर्ने क्षमता पनि आवश्यक हुन्छ । कृतिकार को प्रवृत्ति बुझेर अन्तःसाक्ष्यका आधारमा समेत कृतिको चिरफार दुवै क्षेत्रमा आवश्यक हुनाले प्राध्यापक र समालोचनाको सहसम्बन्ध घनिष्ठ रहन्छ ।

११. त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध भएको नाताले वर्तमान शैक्षिक अराजकता र स्वस्फूर्त शैक्षिक गुणस्तरबारे तपाईंको धारणा बताइदिनु हुन्छ कि ?

● लगभग तीन दशकको प्राध्यापन सेवामा मैले त्रि.वि. बारे थुप्रै अनुभवहरू सँगालेको छु । ०३२ साल, ०३६ साल र ०४६ सालका राजनैतिक घटनाक्रममा शैक्षिक जगत् पनि अछुतो रहन सकेन । शैक्षिक अराजकता त नभनि हालौं तर शिक्षामा अन्यौलको सिर्जना भने भरखरै २०५९ चैत्रदेखि पनि हुँदै छ । कतिपय विद्यार्थीवर्गले शैक्षिक क्यालेन्डर अनुसार नियमित पढाइमा त्यति सरीक नहुने र धेर थोर शिक्षक वर्गले पनि निजी शिक्षण संस्थामा समर्पण भावले पढाएजस्तै सरकारी स्कूल र आङ्गिक क्याम्पसहरूमा त्यतिविधि ध्यान नदिने प्रवृत्तिले गर्दा यता आएर शैक्षिक स्तर पनि खस्केको महसुस हुनथालेको छ । यसका लागि शैक्षिक प्रशासन मजबुत हुनुपर्छ र विद्यार्थी वर्ग तथा शिक्षक समुदायले पनि आफ्नो दायित्वप्रति बढी इमान्दारी देखाउन सक्नुपर्छ । विद्यार्थी-वर्गले पढाइप्रति गम्भीर नहुने र यदाकदा राजनीतिक दलविशेषको निर्देशनमा आन्दोलित बन्ने प्रवृत्ति त्यागेर विशुद्ध शिक्षामा समाहित भएमा शैक्षिक स्तर उकासिन सक्छ ।

१२. साहित्यिक संवेदनशीलताको अपरिहार्यतालाई आधुनिक भौतिकवादी साहित्यले थिचेको छ भन्ने कुरामा कति सहमत हुनुहुन्छ ?

● आधुनिक भौतिकवादी साहित्य 'कला जीवनका लागि' भन्ने मान्यताको उपज हो । मानव आमा मात्र होइन भौतिक तत्त्वहरूको संयोजन पनि हो भन्ने यथार्थलाई भुल्न मिल्दैन । त्यसैले साहित्यमा भौतिकवाद अर्थात् जीवनसापेक्षता अपेक्षित हुन्छ नै । तर यो पक्ष स्वार्थभन्दा पर राष्ट्रवादी र कल्याणकारी हुनुपर्छ । अनुभवले खारिएको र विवेकले साथ दिएको भौतिकवादी साहित्यले पनि साहित्यिक संवेदनशीलता गुमाएको हुँदैन । कला र जीवन दुवैलाई साथसाथै हिंडाउने स्वतःस्फूर्त चासो त्यहाँ र हन्छ नै । त्यसैले आधुनिक भौतिकवादी साहित्य पनि नारा नभएर कलामुखी छ । त्यसले साहित्यिक संवेदनशीलताको अपरिहार्यतालाई थिचेको हुँदैन ।

१३. प्रगतिवादी साहित्य भनेको के हो ? साहित्य पनि प्रगतिवादी र अप्रगतिवादी हुन्छ ? स्पष्ट पारिदिनु हुन्छ कि ?

● साहित्यमा प्रगतिवाद भनेको भौतिकवादी दर्शनको प्रतिच्छाया हो । ईश्वर निरपेक्ष बनेर जीवन र

जगतलाई यथास्थितिबाट प्रगतिका लागि परिचालित गर्नसकेमा प्रगतिवाद साहित्यमा निहित हुन्छ । वास्तवमा परम्परावादी र जीवननिरपेक्ष साहित्यिक दर्शनमा पनि जीवनलाई खार्ने र विश्वहित गर्ने प्रगतिशीलता रहन्छ नै । त्यहाँ नारामा हुर्केको प्रगतिवाद नहोला, उन्नतिधर्मी प्रगतिशील चिन्तन रहन्छ नै । त्यसैले साहित्यमा अप्रगतिवाद भनी विभाजन गर्नु उचित हुँदैन ।

१७. पूर्वीय र पाश्चात्य साहित्यमा देखिएको मूलभूत अन्तर के हो ?

● पूर्वीय र पाश्चात्य साहित्यमा देखिएको मूलभूत अन्तर त्यहिं यस ब्रह्माण्डलाई हेर्ने र जीवनलाई फरक गर्ने चिन्तनको अन्तर हो । अरू स्पष्ट शब्दमा भन्ने हो भने अध्यात्मवादी र भौतिकवादी दर्शनको प्रभावगत अन्तर हो । पूर्वीय साहित्यले सधैं आदर्शलाई छुन खोजेको हुन्छ, सांसारिक क्रियाकलापलाई पनि आदर्शकै लागि समाहित गराउन चाहन्छ । अनि उच्च र कुलीन वर्गको चित्रणमा बढी केन्द्रित हुन्छ । तर पाश्चात्य साहित्यले भने याथार्थलाई छाड्दैन, जस्तो त त्यस्तै चित्रण गर्न चाहन्छ र निम्न वर्गका पीडाव्यथालाई पनि अपेक्षाकृत बढी प्रतिबिम्बित गर्न चाहन्छ । यति भएर पनि पूर्वीय साहित्यमा देखिने चिन्तनको उँचाइलाई, साहित्यिक रसको सत्वगुणी आनन्दमयतालाई र उदात्त समर्पण-भावलाई पाश्चात्य साहित्यले आत्मसात् गर्न सकेको छैन । वर्तमान युगमा समन्वयवादी चिन्तनले दुवैलाई एकै ठाउँमा ल्याउने प्रयास गरेको छ । नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाटककार बालकृष्ण समका समष्टि साहित्यिक प्रप्तिहरूले पूर्व र पश्चिमका साहित्यिक मान्यतालाई जोड्ने सेतुको काम गरेका छन् । यता आएर भने नेपाली साहित्यमा पनि यस दूरीलाई कम गर्ने खास प्रयास भएको छैन ।

१८. विश्वसाहित्यको समकक्षमा पुग्ने क्षमता नेपाली साहित्यले राख्न सकेको छ कि छैन ? छैन भने त्यस दाँजोमा पुग्न कुन शैली वा उपाय अपनाउनु पर्ला ?

● नेपाली साहित्य उत्तरोत्तर समृद्धि र विकासतिर उन्मुख छ र यसको भविष्य पनि उज्ज्वल छ । विश्वसाहित्यको दाँजोमा पुग्ने साहित्यिक कृतिको सिर्जना-प्रक्रिया नभएको भन्न त सकिँदैन, तर पनि साहित्यिक क्षेत्रमा लाग्ने प्रतिभाहरूको संलग्नताले त्यस उँचाइलाई छोइरहेको र विश्वस्तरबाट नै अनुदित भएर पनि त्यसको मूल्याङ्कन भइनसकेको प्रतीत हुन्छ । साथै सिद्धहस्त र उदीयमान सबै साहित्यकारहरूले विश्व साहित्यकै दाँजोमा पुग्ने उत्कृष्ट कृतिको निर्माणमा समेत सजग बन्नुपर्ने स्थिति पनि छ ।

१९. 'दायित्व'ले गर्दै आएका गतिविधिलाई तपाईंले कसरी मूल्याङ्कन गर्नुभएको छ ?

● 'दायित्व'ले नेपाली साहित्यको अभिवृद्धिमा गहकिलो काम गर्दै आएको छ । पत्रिका प्रकाशनको निरन्तरता विगत दुई दशकदेखि कायमै छ । सामग्री पनि बहुप्रकृतिका, बौद्धिक र साहित्यिक रहेका छन् । दायित्व वाङ्मय प्रतिष्ठानको संगठन र यसका क्रियाकलापहरू पनि गतिशील रूपमा अगाडि बढिरहेको पाएको छु । वर्तमान समयमा खोलिएका थुप्रै साहित्यिक संस्थाहरूको बीचमा भिन्न अस्तित्व राख्न सफल यस संस्थाले समयको प्रवाहमा आफ्नो मौलिक पहिचानलाई जोगाइ राख्न सफल हुनेछ भन्ने कुरामा मलाई पूर्ण विश्वास छ ।

प्रस्तुति : रामप्रसाद पन्त/यादव भट्टराई

कला भनेको सृजनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । - **महाकवि देवकोटा**
संगीत र भावको संमिश्रणबाट जन्मेको उच्चतम आदर्श नै साहित्य हो । -**विश्वेश्वरप्रसाद कोइराला**
नारी नरको जन्मदात्री हो, नारी नरको सहयात्री हो । - **बालकृष्ण सम**
जो अत्यन्तै तृष्णावान् छ उही दरिद्र हो । -**जगत्गुरु शंकराचार्य**

कविता

पछुतो

◈ स्व. पं. रामप्रसाद भट्टराई

न त शान्तिमयै मन भो भरिलो कसरी यसरी भव पार् तरने
न त जीर्ण नभै म रहैं कलिलो कसरी यिनी पिर् टरने हरने !
न त कीर्ति बढ्यो भवमा सबमा
न त पुष्ट भयो मन सान्त्वनमा जति नै कुदियूँ पुगनै दुःख छ
जति शान्ति रह्यो उति नै सुख छ
न त याद गरें सुकृति भवको किन अल्मलियो नबुझी किन यो !
न त प्रेम बस्यो भवमा सबको कटनी गरनु तन-बन्धनको
न त आत्म रह्यो हरिका पदमा
न त पूर्ति भयो मनको धनमा न त निश्चय छ तन यो रहने
न त ज्ञान भयो सब पिर सहने
न त बास गरें घनजङ्गलमा न त मोह गयो हृदयैस्तरको
न त चित्त गयो शुभ मङ्गलमा न त शेष गऱ्यो शुभ साधनको
न त कोष रह्यो धुकुटीस्थलमा
सब कीर्ति गयो एउटै पलमा म त मूर्ख भएँ अघि यौवनमा
पछि शान्त हुँदा पछुतो सपना
न त काम गरें परमै पदको कलि-कल्मषको बीज यो धुनमा
न त नाम रह्यो पछिसम्मनको कटिबद्ध भएँ उही तुन्तुनमा
न त सोख भयो जनमै भरिमा
मनमुक्ति पुग्यो पछिकै घडीमा सब काम छोडे दश इन्द्रियले
मन खिन्न भयो यति नै पिरले
किन हो मन यो भवमा डुलने दिन छन्जरी घुम्दछ मन् मदले
शिवशक्ति हरि क्षणमा भुलने जब रात पऱ्यो समझ्यो कमले ।

कविता

युद्ध र मान्छे

◈नारायण गोदारे

युद्ध लड्छ मान्छे आफैं
मान्छे लड्छ युद्ध पनि
बन्दुक गोला चलाउँछ आफैं
आफैं पर्छ बन्दुक र गोलामुनि ।

विजय, पराजयको कुरा उही गर्छ
पराजय विजयको युद्ध गर्छ पनि
गर्छ युद्ध वैज्ञानिक विकासको
विनास गर्छ उही पनि ।

छेप्यास्त्र प्रयोग गर्छ
पर्छ मान्छे छेप्यास्त्रमुनि
युद्ध ललकार्छ मान्छे
मान्छे ललकार्छ युद्ध पनि ।

अनि, दङ्ग परी हाँस्छ मृत्यु,
युद्ध र मान्छेसँगै
अँधेरीमा उजेली लागी
झुक्कान्छ गालामा लालिगुराँस,
युद्ध र मान्छे सँगसँगै
दङ्ग परी उही हाँस्छ,
युद्धसँगै मान्छे पनि ।

मृत्यु उसै छक्क पर्छ
पर्छ छक्क मान्छे र युद्ध पनि
दर्शक देखी भोग्दा मग्न हुन्छ
गर्जी लड्दा युद्ध पनि .....।

नववर्ष २०६० को सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा
शुभचिन्तक महानुभावहरूमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

प्रो अफताव आजन
स्टार प्याकेजिङ् एण्ड प्रिन्टिङ्स
गण्डक बहुअरी- ६ बारा
फो.नं. ५२७९९७

समालोचना

कवि गोदारे र स्वराष्ट्रका वीरेन्द्र महाकाव्य

◈रूद्र शर्मा

नेपाली साहित्यका आधुनिक युगका शास्वत सत्यवादी साहित्यकार हुन् । अन्य साहित्यकारहरूले गोदारेभन्दा बढी योगदान दिन सक्लान् तर गोदारेले वर्तमान समयमा जे जति जसरी योगदान दिए त्यो यस समयका सापेक्षतामा अत्यन्त मूल्यवान सिद्ध भएको छ। उनी साहित्यकार मात्र नमएर बौद्धिक तथा सामाजिक क्षेत्रका एक युवा पुस्ताका अगुवा हुन्। सिंहावलोकन गर्दा उनी वर्तमान समयका महत्त्वपूर्ण व्यक्तिका रूपमा देखापर्छन् तापनि उनको सबभन्दा बढी चर्चा साहित्यका क्षेत्रमा नै हुन्छ । गोदारेले आफ्ना परिवारलाई पोषण गर्न जीवनको ज्यादा भाग जागिरे जीवनमा बिताए। उनी जागिरे जीवनमा प्रशासनिक कर्मचारीहरू बीच निकै लोकप्रिय भए। उननका रचनाहरू सबैले मनपराए किनभने उनका कृतिहरू अत्यन्त प्रेरणाप्रद हुन गएका छन्। उनी स्वतन्त्रता, मानवता, आशा, विवेक, सुविचार र न्यायदाताका रूपमा प्रतिष्ठित छन्। प्रशासनिक क्षेत्रमा उनीसँग संगत पाएका व्यक्तिहरूमा उनका जीवन दर्शनको छाप छ। प्रशासकको रूपमा काम गर्दा उनले जुन किसिमको प्रशासकीय भूमिका खेले त्यो वर्तमान समयमा अत्यन्त महत्त्वपूर्ण र सन्हानीय छ, साथै त्यसको दूरगामी प्रभावलाई अस्वीकार गर्न सकिदैन। उनी "पाखण्ड र प्रदर्शन साहित्य हैन, साहित्य सधैं शाश्वत र यथार्थ हुनुपर्छ" भन्छन् त्यसैले उनका विचारहरू प्रेरणादायी भएका छन्।

आफ्ना व्यवहार र स्वभावबाट उनी सबै उमेर र स्तरका व्यक्तिको प्रेम र श्रद्धा प्राप्त गर्न सक्दछन्। साहित्यिक कार्यक्रमहरूमा उनी श्रोताहरूलाई मन्त्रमुग्ध पार्न सक्दछन् र साहित्यप्रेमीहरूलाई आश्चर्यचकित तुल्याउँछन् । समष्टिमा भन्नुपर्दा गोदारे उपयुक्त प्रसङ्गमा उपयुक्त व्यक्तिलाई उपयुक्त ढङ्गले उपयुक्त कुरा मात्र भन्दछन् त्यसैले त उनलाई सफल साहित्यकार मान्न सकिन्छ, अर्थात् गोदारेका कृतिहरू देश, काल परिस्थितिअनुसार सिर्जना भएका छन् । उनका योगदानको मूल्याङ्कन उनकै कृतिहरूबाट गर्न सकिन्छ।

नेपाली विषयमा स्नातकोत्तरसम्म अध्ययन गरेका कवि गोदारेले 'जीवन जाँच' (वि.सं. २०२४) देखि कविता लेखन कार्य शुरु गरेर २०५१ सालमा 'मातृ' कवितासङ्ग्रह प्रकाशित गर्न सफल भए, जसमा पैंतालिस थुङ्गाका रूपमा कविताहरू छन्।

शहीदप्रति श्रद्धाञ्जलि, आत्मबोध, विभुतिहरूप्रति श्रद्धाञ्जलि, प्रकृतिको मनोरम वर्णन, कवि आत्मा, छोरोको कर्तव्य, युद्ध आदिका बारेमा उच्च कल्पनालाई भावनाको अविरल प्रवाहमा समेट्दै मानवीय आदर्शलाई कविता मार्फत् कविले, 'मातृ'मा छलङ्ग पारेका छन्। त्यसपछि दोस्रो कृतिका रूपमा 'गँजडी भङ्गी' (अखण्ड काव्यधारा) २०५२ मा प्रकाशित हुन्छ । उनी यसमा समसामयिक कविहरूको भन्दा अलग शैली लिएर स्थापित भएका छन्। यस पुस्तकको सार्वनजनिकीकरणका अवसरमा समालोचक डा. वासुदेव त्रिपाठीले कवि गोदारे स्थापित भैसकेको चर्चा परिचर्चा विद्वानहरू समक्ष गर्नुभएको छ। कवि गोदारेबाट तेस्रो कृतिका रूपमा 'देवघाट' मा पन्ध्र कथाहरू सङ्ग्रहीत छन् । डा. कुमारबहादुर जोशीज्यूले 'फविति' को तरलवादी साहित्यिक आन्दोलनलाई समर्थन गर्ने कविहरूका पंक्तिमा गोदारेलाई उभ्याउनुभएको छ । 'देवघाट' कथासङ्ग्रहको सार्वजनिकीकरणका अवसरमा (२०५६ पौष, २७ पृथ्वी जयन्ती) प्रा. दैवज्ञराज न्यौपानेले साहित्यकारहरूका माझ "शाश्वत सत्यवादी

साहित्यकार नारायण गोदारे" मनेर सम्बोधन गर्दै समालोचना गर्नुभयो । वर्तमान समाजको सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक आदि परिवेशलाई लिएर यथार्थको धरातलमा उभ्याउनु नै यसभित्रका कथाहरूको विशेषता हो । यसमा कथाकार स्वयं नबोलेर समयको पावन्दीमा परि वेश र पात्रहरू बोलेका छन् । 'मानिस परि स्थितिको दास हो' भन्ने उक्तिलाई यसभित्रका कथाहरूले साकार रूप दिएका छन् ।

चौथो कृति कवि गोदारेको 'शवयात्रा जारी छ' (लामो कविता यात्रा) २०५७ हो । उक्त पुस्तकमा प्रा. कृष्णप्रसाद पराजुली, हरि मञ्जुश्री र उप-प्राध्यापक यादवप्रसाद ढुङ्गानाको महत्त्वपूर्ण भूमिका अध्ययन र मनन गर्न लायकको छ ।

पाँचौं कृति कवि गोदारेको 'सिद्धिचरण एक र अनेक' (नव्यकाव्य) २०५८ मा प्रकाशित भएको छ । यसमा उनको नितान्त नयाँ प्रयोग छ, जुन अनुकरणीय छ, भन्ने कुराको उल्लेख पूर्णप्रकाश नेपाल 'यात्री'ले आफ्नो भूमिकामा गरेका छन् । उनको भूमिका सिंहावलोकन गर्न योग्य छ । उदाहरणार्थ :

ऊ बीजारोपण भइरहेको छ
रज र वीर्यका सङ्गममा
देश र विश्वमा
छ्याप्छ्याप्ती व्याप्त छ सिद्धिचरण ।

वरिष्ठ साहित्यकार माधव घिमिरेज्यूको भूमिकाले यस पुस्तकको उल्लेखनीय स्थान ओगटेको छ । सोही पुस्तकमा 'सुगन्ध' पत्रिकाका सम्पादक, प्रकाशक कैलाश भण्डारीले लेखेको भूमिका चिन्तन, मनन र अध्ययन गर्न लायकको छ । उक्त 'सिद्धिचरण एक र अनेक' (नव्यकाव्य)लाई महाकाव्य घोषित गर्नुपर्ने हो कि ? भन्ने बारेमा विद्वतजनहरूका समूहमा चर्चा परिचर्चा पनि भएको थियो. किनभने मङ्गलाचरणबाट शुरु गरेर सरस्वती बन्दनामा टुङ्गयाइएको छ र चौसट्ठी फलकलाई ८X८ सर्गमा भाग गर्न मिल्ने भएको छ ।

कवि गोदारेको छैठौं कृति अनाहका उद्‌गारहरू (कविता सङ्ग्रह) २०५९ जेष्ठ ५ गते सार्वजनिकीकरण भएको छ । यो अर्जुन विरक्ति, नारायण गोदारे र हरि मञ्जुश्रीको संयुक्त कृति हो ।

स्वराष्ट्रका वीरेन्द्र महाकाव्य कवि नारायण गोदारेको सातौं कृतिका रूपमा देखापरेको छ । स्वयं लेखकका भनाइमा सर्वप्रथम 'स्वराष्ट्रका वीरेन्द्र' महाकाव्य तयार पार्दा नौ खण्ड र त्रिहत्तर सर्गमा तयार पारिएको थियो. तर विद्वान्‌हरूसँग छलफल गरेपछि स्व. श्री ५ वीरेन्द्रबाट राष्ट्रको विकास गर्ने उद्देश्यले सम्पूर्ण नेपाल अधिराज्यलाई पाँच विकास क्षेत्रमा वर्गीकरण गरिएको अति महत्त्वपूर्ण क्षणलाई सदैव अविष्मरणीय र ताजा बनाइराख्नका लागि यो महाकाव्यलाई पनि पाँच खण्ड नै बनाउनु पर्ने निर्णय भयो र पाँच खण्ड नै बनाइयो । अन्तिम अर्थात् पाँचौं खण्डमा पैंतीस सर्गहरू छन् । ती पैंतीस सर्गहरू हुनुको कारण पहिले तयार पारिएको नौखण्ड भित्रको बाँकी चार खण्ड यही पाँच खण्डभित्रै समावेश गरिएको छ । आख्यान परम्परादेखि नै हामीले पञ्चतन्त्रका कथाहरू सुन्दै आएको र पञ्चतत्त्वबाटै हाम्रो शरीरको निर्माण भएको आदि कारण र विभिन्न संस्कारसँग सम्बन्धित कारणहरूबाट पनि पाँच खण्ड नै उपयुक्त भएको ठहर गर्दै महाकाव्यलाई पाँच खण्डमा वर्गीकरण गरेका तर्कहरू स्वयं कवि प्रस्तुत गर्छन् । धर्म, संस्कार, रीतिस्थिति, परम्परा आदि सबै पूर्वीय सिद्धान्त अनुरूप अनुसरण गर्दै युग सुहाउँदो दृष्टिकोणबाट पाश्चात्य सिद्धान्तलाई पनि अपनाउनुपर्ने तथ्य कुराहरूलाई अंगाल्नु पर्दा यो महाकाव्य तयार भएको अवस्थामा कविले महाकाव्यको पूर्वीय र पाश्चात्य दुवै सिद्धान्तलाई अंगाल्नुपरेको सत्य र तथ्य कुरालाई स्वीकारेका छन् । विद्वानहरूका रायलाई बुझ्दा महाकाव्यका बारेमा नकारात्मक पक्षहरू कुनैपनि भेटिएको छैन. महाकाव्यको शुरुआतबाटै नौलो प्रयोग भएको छ र भाषा र साहित्यको क्षेत्रमा सुधार पक्ष नै मान्नुपर्दछ भन्ने राय सम्मत पारित भएको छ । यो महाकाव्यभन्दा पहिलेका अखण्ड काव्यधारा र नव्यकाव्यका भूमिकाहरूमा 'गोदारे स्वयं नौलो प्रयोग हो र उनले नयाँ बाटोको निर्माण साहित्यको क्षेत्रमा

आफैं गर्दै हिंडेका छन्' जस्ता गहकिला भनाइहरू प्रस्तुत हुँदै आएका छन् ।

प्रस्तुत 'स्वराष्ट्रका वीरेन्द्र' (महाकाव्य)को पहिलो खण्डको पहिलो सर्ग मङ्गलाचरणबाट शुरु भएको छ. दोस्रो सर्गदेखि पूरै खण्ड छ ऋतुहरूको प्राकृतिक वर्णनमा निमग्न छ । उदाहराणार्थ :

मयूर कल्की सर्र फिंजाई
नित्य नृत्य गर्छन् भजन गाई

यसप्रकार कवि गोदारेको गद्य कवितामा लयात्मकता पाइन्छ । प्रस्तुत काव्यको दोस्रो खण्डमा स्व. श्री ५ वीरेन्द्रको जन्म, चूडाकर्म, शुभ-विवाह, राज्यारोहण, राजाको कूटनीति; नेपालको प्राकृतिक वर्णन आदि अत्यन्त रोचक शैलीमा वर्णन गरिएको छ, जुन पठनीय छ । उदाहरणार्थ :

तन्मयतामा मन रोकिन्न
सोचे जति केही पाइन्न
देखे जति यहीं छुट्छ
नदेखेको मार्गमा मान्छे पुग्छ

'स्वराष्ट्रका वीरेन्द्र' महाकाव्यको तेस्रो खण्डमा गीताको कर्मयोगको अभिव्यक्ति पाइन्छ । प्रकृतिसँग स्व. राजालाई दाँजिएको छ । राजाको राष्ट्रिय र अन्तरराष्ट्रिय क्षेत्रतर्फ भएको उल्लेखनीय भ्रमणको वर्णन गरिएको छ ।

राजा एक कुशल संरक्षकको रूपमा रहेको वर्णन-प्रसङ्ग पनि पठनीय छ । नेपाललाई शान्ति क्षेत्रको घोषणा स्व. राजाबाट भएको प्रसङ्ग यसै खण्डमा वर्णित छ । यस खण्डको अन्त्यतिर स्व. राजा र राजाको परिवारमाथि क्रूर मृत्युले कुठाराघात गरेको प्रसङ्ग अत्यन्त कारुणिक ढङ्गले अभिव्यक्तिएको छ । कवि मृत्युप्रति प्रश्न गर्दछन् । उदाहरणार्थ -

ऊ एउटा महारथी हो
उसमा सबैको भरोसा छ
उसमा सबैको विश्वास छ
रक्षापङ्तिमा सर्वश्रेष्ठ हो ऊ ।

चौथो खण्डको शुरुमा प्रकृतिसँग राजा र राजपरिवारलाई दाँज्दै अझै क्रूर नियतिसँग कुन षडयन्त्रबाट के कसरी उक्त दुःखद् घटना घट्यो भन्ने प्रश्न कवि गोदारे गर्दछन् । दुई करोड नेपालीहरूको ढुकढुकी, एक कुशल संरक्षक, मौरीहरूको अगाडि रानु मौरी हराएझैं भएको छ भन्ने प्रसङ्गलाई अति मार्मिक ढङ्गले अभिव्यक्ति गर्न सफल भएका छन् । हेदहिदैं बुद्ध, जनकजस्ता युगपुरुष पञ्चतत्त्वमै समाहित हुँदै सहिद भएको सत्य र तथ्य कुरालाई आध्यात्मिक पक्षबाट कवि आफ्ना काव्य मार्फत् गौरवमय ढङ्गले तर्कहरू प्रस्तुत गर्न सिपालु भएका छन् । यो खण्डसम्म आइपुग्दा कवि गोदारेले स्व. राजाको उदारता, न्यायप्रियता, महानता र त्यागी भावनाको वीरत्वपूर्ण वर्णन गर्न सफल भैसकेका हुन्छन् । उदाहरणार्थ :

सानो छ, गूढ वस्तुझैं भएको छ
सानो छ, दिव्यताले भरिएको छ
एउटा स्वर्ण असर्फी मुद्रा त्यो
मुद्रण हुँदै थियो हाम्रो इतिहासमा
सुनौला अक्षर-वर्णले अहो !

पाँचौ तथा अन्तिम खण्डमा सबैले स्व. राजालाई प्राकृतिक रूपमा, सहिदको रूपमा, पञ्चतत्त्वको रूपमा हाम्रै सामु अनुभूति गरिरहेका छन्, यहीं, कहीं आफ्नै माझ भेटिरहेका भन्ने अभिव्यक्ति कवि गोदारेबाट भएको छ । अर्कातिर वर्षभरि हुने चाडबाडमा सबैजना प्रतीक्षारत छन् तर दृश्य रूपमा ऊ किन आएन ? भन्ने प्रश्न चिन्ह लगाएर काव्य मार्फत् अभिव्यक्ति गर्न कवि गोदारे पछि परेका छैनन् । बारम्बार ऊ हाम्रा सामु किन दृश्य रूपमा उपस्थित नभएको भन्ने प्रश्न चिन्हलाई यस पाँचौ खण्डमा पुनरावृत्ति गरिएको छ. जुन हृदयस्पर्शी छ । वर्षभरि भएका यज्ञ, महायज्ञ, चाडपर्वभरि उनलाई नै सम्पूर्ण नेपालीहरूले पर्खिबसेको प्रसङ्ग अत्यन्त कारुणिक ढङ्गबाट प्रस्तुतिएको छ । उदाहरणार्थ :

सयपत्री र मखमलीहरू फुले
फक्रिंदै ओइलिएर झरे
दसैं-तिहार बिते
आमा-बाबु र दिदी-बैनीका
पर्खाइका प्रतीक्षारत आँखाहरू बाटाभरि ओछ्याइए
ती सबै तुहिंदै बिते
तर ऊ आएन
आउनुपर्थ्यो, किन ऊ आएन ?

यसप्रकार महाकाव्यको पाँच खण्ड र त्रिहत्तर सर्गभित्र महाकवि गोदारेले महात्मा, महाज्ञानी, शान्तिका प्रतीक धीरोदात्त, धीरललित नायकलाई चुनेका छन् । 'सादा जीवन उच्च विचारका धनी' स्वर्गीय राजाबाट हामी सबैले शिक्षा लिनुपर्ने सन्देश कवि हामी सबैलाई दिन चाहन्छन् ।

उक्त पुस्तकका बारेमा सारगर्भित भूमिका लेखेर संस्कृतिविद् एवं महाकाव्यकार पूर्ण प्रकाश नेपाल 'यात्री' र समाजसेवी विद्वान समालोचक एवं कवि अर्जुन विरक्तिले प्रशंसनीय काम गर्नुभएको छ । साहित्यको भण्डारमा यस महाकाव्यले अवश्यमेव अर्को एउटा सुनौले ईंट थप्ने कार्य गर्दछ । साहित्यको भण्डार भरिदै जाओस् । यो कृति अमर रहोस् ।

कवि गोदारेले कविता यात्राका क्रममा झण्डै चार दशक बिताइसकेका छन् । उनका अन्य विविध कथा, कविता, व्यङ्ग्यविनोद, निबन्ध, यात्रासंस्मरण आदि विभिन्न पत्रपत्रिकामा सयौंका सङ्ख्यामा प्रकाशित भएका छन् । प्रकाशोन्मुख कृतिहरूमा : फूल (लघुकाव्य), रङ्गशाला (अखण्डकाव्य), शान्तिदीप (अखण्डकाव्य), गोदारेका व्यङ्ग्यविनोद, उपन्यास, निबन्ध, यात्रासंस्मरण, कवितासङ्ग्रह आदि पर्दछन् ।

***

कविता

मौका अझै छ

◈अनन्तयात्री

आएन नींद किन आज मलाई के भो
यो रोग हो कि कि त शोक कुनै कुराको
खेल्छन् कुरा पनि विसगतिका मनैमा
यस्तै हुँदैछ सबमा कि र मात्र मैमा ।

यो देशमा किन भयो समयै खराब
पार्नेछ हेर त्यसले त सबै सखाप
खोज्छिन् निरीह जननी एक वीर पुत्र
जो देशभित्र नभए छ कतै परत्र ।

मौका अझै छ नचुके ल त जुर्मुराऊ
यो देश पार्न सुकिलो न त लर्खराऊ
सन्मार्गमा अघि बढी अब राख नाम
चाहेर भित्रि मनले गर बन्छ काम ।

There are 1001 ways to avail our insurance benefits
Accident isn't one of them
Any Insurance from
NB Insurance Company Ltd.
is so unique; You can't afford to ignore it. For more details, give us a call.
After you're done pinching yourself, that is,
With you Always
Tel : 4418862, 444 2438, 4442457, Fax : 977-1-442 6398 Post Box : 21746
E-mail : nbic@mos.com.np

Branch Office :

Biratnagar Branch
Main Road, Biraatnagar
Tel : 021-522154
Fax : 021-535039

Birgunj Branch :
Link Road,
Birgunj
Tel : 051-520724
Fax : 051-520726

Pokhara Branch
Mahendra pool
Road, Pokhara
Tel : 061-534134
Fax : 061-535135

Butwal Branch
Pokhara Road,
Butwal
Tel : 071-547106
Fax :

Narayangadh Branch
Hanhar Marg,
Narayangadh
Tel : 056-528063
Fax : 056-528153

Banepa Branch
Main Road,
Banepa
Tel : 011-663435
Fax

Nepalgunj Branch
Surkhet Road
Nepalgunj
Tel : 081-525711
Fax : 081-525736

कवि गोविन्दराज विनोदीको 'भोक र कविता' पढेपछि

कविता

कविताको उपयोगिता

◈बालकृष्ण भट्टराई

- मेट्छ यो ज्ञानको तिर्खा चेतना-भोक मेट्तछ
  बजात-सत्यको सीमा यसैले मात्र मेट्तछ
  जब देखिन्छ मान्छेमा दुष्टताभावको हद
  मनको सीमामा आफै कविता बन्छ औषध । (१)

- रुपान्तरण गर्दिन्छ गरी भाव-विरेचन
  रससिक्त भए मात्र मान्छे बन्दछ कञ्चन
  नून-तेल भए कैले स्वादिष्ट हुन्न व्यञ्जन
  रसिलो काव्यले मित्र र गर्छ भावाभिव्यञ्जन । (२)

- जाडो गर्मी त हुन् मित्र ! ऋतुका परिवर्तन
  मेटिन्छन् मौसमी सीमा गर्दा प्रकृति-अर्चन
  साँचो साहित्यले विश्व समतामूल पार्दछ
  साहू शोषक नै हुन्न जनका सामु हार्दछ । (३)

- जब बुल्दछ नारीमा भित्री सौन्दर्य-चेतना
  गहनाहरू बन्दिन्छन् नारीका नग-वैभव
  नारीका गहना हुन्छन् - सीप, शील र सिर्जना
  वस्त्राभूषण हुन् मित्र ! मनका खालि तिर्सना । (४)

- घरै मात्र चुहेको ता छैन गोविन्द ! देशमा
  सीमा, शान्ति र सिद्धान्त बगे क्यारे विदेशमा !
  जब फाट्तछ यो देश अस्मिता चुहुने गरी
  मुलुकीहरूको छानो उदाङ्गो हुन्छ बेसरी । (५)

- अँध्यारो जब फैलिन्छ नाङ्गो बर्बर देशमा
  स्रष्टाका सिर्जना-छाना चाहिन्छन् तब देशमा
  कवित्व जब बर्षिन्छ जनका मन-खेतमा
  झुल्दछन् चेतना-बाला सिर्जना उठ्छ देशमा । (६)

- व्याङ्ग अर्को कुनै छैन जनको मन व्याङ्ग हो
  सचेत मन नै ठूलो पद हो अनि न्याङ्ग हो
  कसरी बिर्सियौ मित्र ! आफ्नै शब्दहरू तिमी
  कसरी भन्नु साहित्य अनुत्पादक हो भनी ?' । (७)

- भावहीन धनी मान्छे खुद बन्दछ दानव
  भावनाकै भकारीले धनी बन्दछ मानव
  हामी गरीब हौं मित्र ! बस्छौं सम्पन्न देशमा
  के हुन्न कविता लेखी हाम्रो सुरम्य देशमा ? (८)

- परिवर्तनको ज्योति यसैले मात्र बाल्दछ
  युगौंको दासता-भाव यसैले मात्र ढाल्दछ
  राष्ट्रीयता जगाएर एकता दिन्छ देशमा
  के हुन्न कविता लेखी हाम्रो सुन्दर देशमा ? (९)

***

नववर्ष २०६० को सुखद् अवसरमा हाम्रा समस्त
ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा
सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

होटल सम्झना प्रा. लि.
बीरगंज
फो.नं. ५२२१२२

लोककथा

फेदापे वनझाँक्रीको कथा

◈मोहन सिटौला

खाम्लालुङ्बाट राँको जस्तै बलेको सोक्पा रन्थनिँदै माथि गुफा पोखरी एकै मिलिकमा नै पुगी चप्ल्याड दिँदा मात्रै हाम्रो वनझाँक्री पूरै डढ्नबाट बँचेछ र धेरै दिनपछि आफ्नै जडीबुटी तथा तन्तरमन्तर र जन्तरले निको भएछ। अब त्यो वनझाँक्री आफ्ना सबै लालाबाला र हाँचै लिएर साविकको रमणीय इलाका छोडी अन्यत्रै गएछ। पछि थाहा भयो, तिनीहरू त त्यही खाम्लालुङको पुछारमा कोयाखोला पारीका व्यापक जङ्गल-मङ्गल, शिर र तिर, जगर र बगर, गुफा र पोखरिया भैरुडपाती, बूकीफूल, तीतेपाती, धूपी, तीतेमाछा र तरुलभ्याकुरमा मस्त हुँदै खाईखेल्दै डुल्दारहेछन्। त्यस भेगमा संगपु, सम्भु, ईशिबु र सिम्ले भनिने ठाउँहरू पर्दारहेछन्। तर त्यसबेलामा गाउँको विकास भैसकेको थिएन। अर्धवस्ती, गोठ, टौवा, याक्सा र ओढारमा बसोबास गर्ने चलन थियो। खेती-किसानी पनि ज्यादै कम।

विस्तार-विस्तार त्यस भेगमा मानिसहरूका बच्चाबच्चीहरू हराउन थाले। चियोचर्चो गर्दा वनझाँक्रीले लाग्ने भाँक्रीविद्या, टुनामुना, झारफुक र जडीबुटी सिकाई दियोबाती दिएर फर्काउने पुरानै चलनअनुसार लान थालेको कुरा बुझियो। धेरै वर्ष बौलाउने, झाँक्री हुने चलन त पहिलेदेखि नै छँदै थियो तर आफ्ना छोराछोरीलाई चोरिएको कसले सहन सक्छ र? ती व्यापक अर्ध वस्तीहरूमा चिन्ता छायो। अब गाउँका सबैभन्दा बूढा लिम्बू फेदाडवा थेवाहाडको टाउकामा बच्चा बचाउने र सबैको चिन्ता हटाउने जिम्मेवारी आयो। बूढाले सबैलाई बोलाई चिन्ता बस्ने मनसुवा गरेकाले सोहीका तयारी पनि भै हाल्यो। नभन्दै फेदाडवाले चिन्ता बसी, धूपधुवाँ गरी, जोखाना हेरी एउटा जुक्ति निकाले। ढ्याङग्रो ठोकी, घुङ्गुर-घमाउरा लगाई छिन्द्रिङ बज्ने गरी काम्दै र फलाक्दै दिएको आदेशअनुसार फलामका हलुका तरवार (फे) र तिनलाई सुरक्षित गरी राख्ने दाप धेरै संख्यामा बनाउनु पर्ने भयो।

योजना अरू पनि थिए। फेदाडवा आफू र उनका ५/७ शिष्यहरूसहितै माथि तीनजुरे द्यौरालीको अझै माथिको देवीथानमा जनै पूर्णिमा-गुरुपूर्णिमाका दिन गुरुपूजा गर्न गुफा बस्ने अनि फुकेका राता अक्षताले सर्वत्र अकास-पाताल बाँधी वन झाँक्रीहरूलाई पनि तन्तर-मन्तर गरी, आउन पुकारा गर्ने। जब उनीहरू पनि बथानकाबथान आउँछन् अनि मनुवाहरू दापबाट तरवार झिकी तरवार घुप्राई दापले आपस्तका वेग्लै झुण्डमा नक्कली लडाई गर्ने। आगे देखा जाएगा। बूढाले उर्दी गरे, त्यस दिनको मन्दम पनि सिद्धियो।

विजुवाको आदेशानुसार सबै लिम्बू र अरूहरूसमेत मिली संगपुको माथि शिरमा जङ्गलभित्र रहेको देवीथान नजिकै थान थापी चाहिने कासाविसासहितै धूपौरे पनि तयार भए। अब सबै मर्दुवा जति हातहतियार लिएर २/४ दिनका लागि आ-आफ्ना भूराभारेलाई अराईकराई गरी ठूलो जमातमा भीषण जङ्गल बस्दै पसे। सातदिन सातरातसम्म गुफा चल्यो। बल्लबल्ल जङ्गली स्याउँला, भैरुडपाती, तीतेपाती र विधि रङ्गरोगन आदिले सिँगारिएर, सेता जामा लगाएका, घुग्रुङ् मिरेका, राता पटुका कसेका विजुवाहरू ढ्याङ्गो ठोक्दै, काम्दै, फलाक्दै र वनझाँक्रीहरूलाई पनि आउन पुकार गर्दै बूढा फेदाडवाका पछिपछि र तिनका पछिपछि धूपौरेसमेत धूप हाल्दै बाहिर देखापरे। धूमधाम पुकारा र सुशेला चल्यो।

यसो गर्नु के थियो हाईहाई र हुईहुई गर्दै, सुशेला मार्दै, झाँक्री मेलोबाट नाच्दै र फलाक्दै सोक्पाका पल्टन ताँतीका ताँती ओइरिन थाले।

गजल

◈बूँद राना

पत्थरको ओठबाट छल्केर बूँद आयो ।
नौलो कुनै धमाका कल्पेर बूँद आयो ॥

शीतको बखान गर्दै भन्दै थिए कवि
हीरा जुहारभन्दा झल्केर बूँद आयो ॥

हिम्मत भए तगारो हालेर छेक लौ
आकाशबाट सोझै ढल्केर बूँद आयो ॥

बत्ती निभाएँ भन्दै फुर्ति नलाऊ है
सक्छौ भने निभाऊ सल्केर बूँद आयो ॥

गल्ती गरेको भा'पो भन्न डराउनु
भन्दैछु हाकाहाकी पल्केर बूँद आयो ॥

जसले निचोरी फाल्ने कसरत गरे यहाँ
उनकै निधार माथि टल्केर बूँद आयो ॥

- भैरहवा-७

गजल

◈मोदनाथ शास्त्री

मुलुकका जनता गतिमान् बनून्
सफल नित्य बनून् मतिमान् बनून्

युवक औ युवती भयहीन भै
भुवनमा सजिलै घृतिमान् बनून्

सकल विस्मृति नित्य हटाउँदै
जनहरू अब संस्मृतिमान् बनून्

प्रगति साथ बुझी सब भावना
विगतिहीन र उन्नतिमान् बनून्

नरहरू अवनीयुत भैकन
सहजनै अब ती स्थितिमान् बनून्

बधिरता सब नष्ट गरीकन
नरनरी सब नै श्रुतिमान् बनून्

विरतिभाव विनाश गरी सदा
मनुज नित्य यहाँ रतिमान् बनून्

- भैरहवा

नववर्ष २०६० सालको
सुखद् अवसरमा सम्पूर्ण हाम्रा समस्त
ग्राहक तथा शुभचिन्तक
महानुभावहरूमा
हार्दिक मङ्गलमय शुभ-कामना ।

राष्ट्रिय उत्पादकत्व तथा
आर्थिक विकास केन्द्र लि.
बालाजु, काठमाडौं

नववर्ष २०६० सालको
सुखद् अवसरमा सम्पूर्ण हाम्रा
समस्त ग्राहक तथा शुभचिन्तक
महानुभावहरूमा
हार्दिक मङ्गलमय शुभ-कामना ।

नेपाल खानेपानी संस्थान
त्रिपुरेश्वर, काठमाडौं

दन्त-पुराण

◈विष्णु प्रभात

मैले सबभन्दा प्यारो वस्तु नाक हो भनेर लेखेपछिएकथरी मान्छेहरू निकै रिसाएछन् । उनीहरूले मलाई गड्यौलासँग दाँजे । मलाई अचम्म लाग्यो - दुई सय छ टुक्रा हड्डी भएको ढड्डु जीवलाई झिल्लीमा विचल्लीसाथ घस्ने हाडखोर बिनाको गडयौलासँग कसरी दाँजे ? मज्जा सहितको मेरूदण्डमा दुईखुट्टाले टुकुटुकु हिंन्ने मनुष्य, खप्परमा गिदी र पेटाराभर लिदी लिएर लम्कने प्राणी, प्यालबाट हाल्ने र प्यालबाटै फाल्ने विशेषतामा रमाइरहेको ज्यानजस्ता तथ्यको ज्ञान नराखी कसरी तुलना गरे म भन्न सक्दिन । तैपनि उनीहरूको कुराले मलाई घोत्लिनुपर्ने बनायो ।

नाकमा हाड हुँदैन प्याल हुन्छ । हाड त मुखमा पो रहेकाछन् । बत्तिस टुक्राको पल्टन बनेर बसेको दाँततिर मेरो होस नपुगेको भएर नै सायद उनीहरूको रिस उठेको हुनु पर्छ । हुन पनि नाकले आखिर खलांतीका प्याल सरह सास हाल्ने र फाल्ने बाहेक राम्रो काम के पो गर्छ र ? सिंगान चुहायो वस्यो ! सुन्दरीमैं याहरूले पनि नाकलाई महत्त्व दिंदा रहेनछन् । कुनै कुनै जातिमा त्यसलाई सिंगार्न फुली भिराए पनि बुलाकी वा नत्थ झुण्डाए पनि दैनिक सेवा सुसार माया मोह गरिने वस्तु त दाँत पो रहेछ । नाकले न त नङ्गले झैं पालिस पाउँछ, न गालालेझैं मालिस पाउँछ । ईज्जत भन्ने कुरा पनि खुलाबजार र प्रतिस्पर्धाको समयमा एउटा सामान्य मालजस्तै त भयो । त्यसो त माल पनि थरीथरीका हुन्छन् । जनता ठग्दै घुस खाने अड्डादेखि राजवंशको विनास गर्ने कालो पदार्थ र भटटटसम्मका मालहरू माला सरह छँदैछन् । माल ओसार-पसार गरेर मालामाल हुने मालधनी माडेदेखि मालदारहरूको काट्टो खाएर बिर्ता पाएका पांडेसमेत मालमा फेरिएका छन् । माल किनबेचको वस्तु हो । क्या दामी माल रहेछ भन्दा होस् वा केटो त माल भन्दा होस् दुवै नै बजारव्यवस्थावाट बाँधिइसकेको स्थिति अवगत हुन्छ । त्यसैले इज्जत बेइज्जत दुवैको खरिद बिक्री चल्छ । नाफाको पूँजी सामु नाकै गल्छ । दाँत भने त्यस्तो कफल्लो कुरा होइन । यो निकै वीरशाली मानिन्छ ।

दाँत हुनेको आँतै दरिलो । यो कुरा उखानमा मात्र होइन व्यवहारमा पनि देख्न पाइन्छ । जुनसुकै खाने कुरा होस् दाँतले चपाएर निले पछि हजम ! तपाईंसँग खुशी छ कि बेखुशी भन्ने कुराको साक्षी-प्रमाण मात्र हैन अनुहार उजेल्ने औजार पनि दाँतै हो । दाँत गिजामा पङ्तिबद्ध छ र सैनिकले परेडमा सलामी ठोक्दा झैं ठम्म मिलेर प्रस्तुत हुन्छ । हाँस्नु भने कै दाँत देखाउनु हो । हामी हास्य-व्यङ्ग्य लेखन्ताहरूका लागि यसको महत्त्व ठूलो छ । त्यसैले विरोधीहरूले बेला-कुबेला हाम्रो दाँत झारिदिने धम्कि पनि दिने गर्दछन् । दाँत नभएको अनुहार थोते । थोते मान्छे लोते हुन्छ । हाँसे पनि ङ्चिच गिंजा देखायो कन्तबिजोक तेर्स्यायो वस्यो । बूढावूढीको हाँसो दुखको नासो । तरूनी तन्देरीको हाँसो हिमालझैं टल्कने दाँतका साथ । दाँतको साथ पाएर नै स्तनपायीहरूले आफ्नो जीवनलाई रसिलो भरिलो बनाएका छन् । नरबानर, बिरालाबाघ, मूसाहात्ती जे सम्झेपनि उनीहरूसँगको दाँतले नै तिनीहरूलाई सबल र दुर्बल बनाएको पाइन्छ । दाँत फुक्लेको कुकुर के कुकुर ! यसो पनि भन्ने गरिन्छ ।

दाँतलाई मान्छेले दिनदिनै स्याहारसुसार गर्छन् । सामान्य कुल्ला गरेर धोइ पखाली गर्नेदेखि बुरूस-मञ्जनद्वारा 'यताउता तलमाथि-तिमीहरू जीवनसाथी' भन्दै गरिने सेवासम्म लटरम्म छ । अहिले त दाँतको सेवामा डाक्टर-नर्सहरू मात्र हैन

ठूलाठूला अस्पताल खडा भएका छन् । खञ्चुवा नम्मर एक भए पनि दाँतले जे जति चिजवस्तु धुल्याउँछ त्यसको सानो हिस्सा पनि आफूले सोगर्दैन । अथवा भनौं त्यस बेलाको शासक जिब्रो बन्न पुग्छ र उसले तुरून्तै खान्की खुराक पेटतिर धकेली दिन्छ । दाँत हिस्स बुढी किच्च दाँत बन्न पुग्छ । सक्कली दाँतको अभावमा मान्छेहरूले नक्कली दाँत हालेर समेत आफ्नो व्यक्तित्व प्रदर्शन गर्छन् । दाँतको वर्ग हेर्दा मुहारी, कुकुरे र बङ्गारा फेला पर्छ । मुहारी दाँत खिस्स हाँस्दा अनुहारको शोभाश्री बढाउने काममा दत्तचित्त हुन्छ भने बङ्गारा श्रमजीवीको पङ्क्तिमा पर्दछ । त्यसो हुँदा दाँत झार्ने कुरा गर्नेहरूले पनि प्रायः बङ्गारा खुस्काउने दाऊ हेरेका हुन्छन् । कुकुरे दाँत र दान्हा किट्दा कट्कटाउने गर्छ । एकप्रकारले यो मुहारीदाँत र बंगाराको सीमा स्तम्भ भै बसेको हुन्छ । कहिलेकाहीँ भने मान्छेमा पशु सवार भइदिन्छ र उसले दान्हा उमार्छ । दान्हा उमार्नु भनेको दाँतको सेवामा गरिने हेलचक्र्याइँ हो । त्यस्ता दान्हेहरूलाई दाँते भन्न कदापी सकिदैन । मलाई लाग्छ दाँतको यो महिमा बुझ्ने पहिलो मान्छे इटालीमा देखापऱ्यो । उसले आफ्नो नाम नै दाँते राख्यो । दाँतेले 'नयाँ जीवन'को खोजीमा 'सुखान्त-काव्य' रचेर आफुलाई विश्वविख्यात बनायो ।

दाँतलाई दुनियाँले दुईधरी मात्रै मानिआएको छ- देखाउने र चपाउने । मैले तीन धरी संझे पनि कुकुरे दाँतको खास महिमा छैन र त्यो देखाउनेमा पर्दैन । हात्तीको देखाउने दाँत र चपाउने दाँत फरक हुन्छ भन्ने कुरा गरेर धेरै मान्छेले आपना दाँतहरू एकैधरी भएको स्वाङ पार्छन् । तर मलाई मात्र हैन तपाईंलाई पनि थाहै छ कोही पनि मान्छे बङ्गारा देखाएर हाँस्दैन । दाँतकै सहारामा सर्पले विष ओकल्छ, दाँतकै सहारामा कुकुरले सिकार बटुल्छ । बाघको कुरो गरे पनि नागको कुरा गरे पनि दाँतको महिमा सबैतिर व्याप्त छ । हुँदाहुँदा यन्त्र मानव र कम्प्युटरमा पनि यसको स्थान सुरक्षित हुन पुगेको छ ।

'दाँत फुक्लेकों बूढालाई कवाफ' भनेझैं 'थोते मुखलाई पानको बिदा' निल्नु न थुक्नु हुन्छ । मान्छेको मनपेट बुझ्न मद्दत गर्ने मुख्य जिनीस दन्तमुस्कान वा दन्तबझान बनेको हुन्छ । दाँतमा दुङ्गा नलागुन्जेल मान्छेले खानपिनको स्वाद लिन्छ । साहित्यकारहरूले दाँतलाई अलि हेला होचो गरेका छन् । टाउकाको औजार बनेका आँखा, कान, नाक, मुखलाई निकै महत्त्व दिएर तुक्का जोरेका छन् टाउका मै रहेको दाँतलाई दलित बनाएका छन् । आँखा लाउने कुरा देखि कान ठाडो पार्नेसम्म होस् वा नाक फुलाउनेदेखि मुख मिलाउनेसम्म होस् दाँतको सदुपयोग गर्न सबका सबले दाँतबाट पसिना झारेका छन् । भारतेलीहरूले भने दाँतलाई उपेक्षा गरेका छैनन् । उनीहरूको नेपाली भाषा साहित्यप्रतिको अनुराग हिमालसम्म आड तान्ने पुर्ख्यौली सोच भित्रै परेको पनि हुनसक्छ । यत्रो भूगोल चपाउने दाँतलाई कसरी बिसंनु ? उता चपाउनै नपर्ने तेल खान त कान्छा बसुले दान्हा तिखार्दै छन् भने यता बिहारी जेठालाई त मरमरी चपाउनु पर्ने पहाडका घनघोर थुप्रा छँदैछन् । तैपनि साँचो कुरा के हो भने दान्हा नङ्गराको बलमा दुनियाँ हाँकिने भए, खरायोले सिंहलाई ईनारमा डुबाइदिने थिएन ।

***

नववर्ष २०६० को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्गहरुमा
हर्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

पानीको धारा वरिपरि सधैं सफा गरौं ।
खेर जाने पानी करेसाबारीमा लगाऔं ।

सफा रहौं स्वस्थ बनौं

खानेपानी तथा ढल निकास विभाग
(वातावरणीय सर-सफाई शाखा)
पानीपोखरी, काठमाडौं

आज जनैपूर्णिमा

◈गोरखबहादुर सिंह

अगिंलदै गएका शृङ्खलाहरूमा फन्का मार्दै गरेको हेलिकोप्टरको चर्को आवाजले मन्त्रीज्यूलाई के गरूंगरू लाग्यो र नजिकै रहेको समाचारपत्रका शीर्षकहरूमा सर्सर्ती आँखा दौडाउन थाल्नुभयो ।

तर उहाँलाई समाचारपत्रको एउटा सामान्य समाचार शीर्षकले अल्झायो । उहाँलाई अल्झाउने समाचार शीर्षक थियो 'आज जनैपूर्णिमा' ।

मन्त्रीज्यू एक साता पहिले उहाँको निर्वाचन क्षेत्र नजिकैको सिमलचौरमा गएको विध्वंशकारी पहिरोले गरेको क्षतिको निरीक्षण गर्न जाँदै हुनुहुन्थ्यो । समाचारपत्रहरू तथा प्रतिपक्षको पहिरो पीडितलाई सरकारले बेवास्ता गरेको आरोपलाई थामथुम पार्न पनि स्थानीय मन्त्रीले निरीक्षण भ्रमण गर्न आवश्यक परेको थियो ।

जनैपूर्णिमाका दिन त्रिवेणीमा रमाइलो मेला लाग्दथ्यो र त्रिवेणी मन्त्रीज्यूको निर्वाचन क्षेत्रभित्र पर्दथ्यो । मेलामा हुने जमघट, भेटघाट, नजिक्किँदो निर्वाचन मन्त्रीज्यू फेरि समाचार शीर्षकमा पुग्नुभयो 'आज जनैपूर्णिमा' ।

"क्याप्टन सा'ब फर्कंदा एकछिन त्रिवेणी मेलामा पस्ने कि ? साँच्चै रमाइलो मेला लाग्छ ।" मन्त्रीको भाषामा अनुरोधको मात्र प्रशस्त थियो ।

"दुवै ठाउँ पुग्न फिउल र समय दुवै कारणले सम्भव छैन । वरू मन्त्रीज्यूलाई गन्तव्य बदल्ने मन छ भने मलाई आपत्ति छैन ।"

त्यसै साँझ जतिबेला रेडियोले खराब मौसमका कारण मन्त्रीज्यूले पहिरो पीडित क्षेत्र निरीक्षण गर्न नसक्नुभएको समाचार भनिरहेको थियो सिमलचौर का पहिरो पीडित भने हेलिकोप्टर ओर्लन सक्ने गाउँ सिरानको एकमात्र चौरमा दिउँसैदेखि थुप्रिएर झमक्क साँझ नपरुन्जेलसम्म पनि आकाशमा हेलिकोप्टर खोजिरहेका थिए ।

तर मन्त्रीज्यूले भने व्यस्तताका कारण उक्त समाचार सुन्न सक्नुभएन । उहाँ त्रिवेणी मेलाबाट सँगै ल्याउनुभएका कार्यकर्तासँग आउँदो चुनाव जसरी पनि जित्ने रणनीति तर्जुमा गर्नमा व्यस्त हुनुहुन्थ्यो ।

***

नववर्ष २०६० को

सुखद् उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्ग तथा
शुभचिन्तक महानुभावहरूमा सुख, शान्ति
तथा समृद्धिका लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

भगवती स्टील इन्डष्ट्रिज

वीरगंज

समालोचना

युग नायक-महाकाव्यको मन:स्थितिमा मैले जे देखें

◈अर्जुन विरक्ति

कलासरी छ यो समस्त जिन्दगी अचम्मको
विशाल फाँट यो कला छ ब्रह्मको स्वकर्मको
समस्त सिर्जना कला जहाँतहाँ छ, व्याप्तमा
प्रतीक हो कला समस्त कर्मको त विश्वमा !!

दूषित आहारले बुद्धि पनि दूषित हुन्छ। धिक्कार छ ! दूषित आहारका समर्थवान्लाई । यसै भित्र कविहृदय पग्लेको छ । काव्य रचनात्मक सर्भेक्षण चिन्तनले ओतप्रोत पूर्वीय महाकाव्यीय वाङ्मयका परम्पराको र विलकुलै नयाँ र शाश्वत घटनाको महाकाव्य हो - युग-नायक। यसमा काव्य संरचनाको महिमा भावनात्मक शाश्वत कथाको मूर्तरूपले कयावस्तु भावसुकोमलतायुक्त तदर्थमेव चित्रित छ। इतिहासको दु:खद घडिमा इशावास्यवृत्तियुक्त कथा प्रसङ्ग दर्शनार्थ भेटिन्छ । सत्य, द्योतक कल्पनीय लेखन विशेषतामा सच्चरितार्थयुक्त पूर्णताले भएका सन्दर्भहरूले कविहृदय द्रविभूत भएको छ। काव्यमा सांस्कृतिक, लौकिक प्रज्ञामय अतिरिक्त कलापक्षको विशिष्टतायुक्त परियोजना कृयाकलापहरू लेखकमा प्रज्ञालङ्कारको मूर्धन्यरूप भेटिन्छ। महाकाव्यमा चाहिने समन्वयता उद्देश्य र काव्य भित्र हुनुपर्ने, नीति नियम एवं सिर्जनाशक्ति आदिको सदुपयोग भएको छ। यो युगनायक महाकाव्य, वीरहरूको विवरणात्मक गतिविधि तथा राजकीय प्रणाली भित्रका लालित्य कला नीति रीति उद्देश्य विषयाति परिच्छेदहरू केलाउँदै कवित्व धरणीहरू र तत् सम्बन्धी स्व. वीरेन्द्रबाट गरिबक्सेका सक्षम गतिशील र उन्नत राजकीय सत्ताका अथक प्रेरणादायी नेतृत्व पक्ष पनि राम्रोसँग केलाएर पीडादायी रश्मिधारबाट तंतयार भएको छ। काव्यमय भण्डार महान पंक्तिमा मर्मयुक्त-चिन्तन र धर्मले द्रविभूत छ ।

अतीत र दु:खद वर्तमानमा साहित्यको वागडोरमा तरूका पुष्पलताहरूका शितविन्दू छचल्किदै तंतयार भएका रचनाशक्तिका साहित्यिक लालित्य ज्ञानवर्धक महत्वका विशेष ऐतिहासिक कारण र कारणले गर्दा व्यवधानलाई काव्यमय पंक्तिमा डालीका डाली महापुष्पहार बुन्दै उन्दै भूगोल र खगोलका वैशिष्ट्य वैदिक काव्यसँग सम्झौटा दिदै आजको भौतिकवादमा, पूर्वजका परम्परा र वर्तमानमा समेटिएको पैरवीमय युगानुकूल महाकाव्यको पाटो र बाटोका फरासिला संकल्पमय प्रयत्नले अमर गाथ, अमर पीडा, अमरद्वन्द्व, अमर श्रद्धा संगालिएर युगानुकूल अग्रसर प्रतिबद्ध प्रयत्नले, देश र अन्तर्राष्ट्रिय ज्वारभाटालाई काव्यमा पूर्ति गर्न कवि स्वयम्ले आँशुसँग परिस्थितिका मन:स्थिति प्रतिगमन-गमन देशान्तरमा राजा र राजपरिवारको अन्त्य र अन्त्यहीन शुरू र धुरू-धुरू उत्पीडनमा अमरत्व काव्य पस्किने परिचयात्मक अतिकालको पैरवी हो यो महाकाव्य ।

आजको संसारमा जीवनदर्शनको महत्वमा खट्केका मडारिएका कलासाँप, कालजयी पीपासु मान्छेको भीडमा, पीडाले व्यक्त्याएको रोदयाङ्गत उपासकले महाकाव्यको महापरिनिर्वाणको अरण्यछाप जन मानसको पीडा, हत्या, हिंसा र प्रतिहिंसाले ल्याएको कविको वेदना हो यो ।

अमरत्व चिन्तनले मृत्युका सन्दर्भ, सर्भेक्षण, उदण्ड, उजण्डतामा कवित्व धाराप्रवाहका परिच्छेदहरू अतिनै दयनीय कारूणिक वेदनामयी यथार्थ चित्रणको भावानुवेगको अन्तर सूक्ष्म तरङ्गको विजाङ्कुरण हुँदै दुखद् आर्तनाद कुदिएको छ घिमिरेबाट यो महा-काव्यमा । दुर्दिन र कुर्दिनले रन्थनिएको मानस पीडामयी घटना चित्राङ्गीत चित्रण, निन्दा र भ्रममय विवश चरित्रले अवसान खेप्नुपरेको जीवन यातानका ताडनले निस्तेको महा अघोर व्यभिचारी व्यभिचारको अन्त: दुरावस्था प्रहार घृणित र विकृति आदि पक्षको

छ, र छन्दोबद्ध झङ्कारित राग अनुरागहरूले मात्रिक छन्दका विभिन्न मिठास दिएको छ। यसमा विषमता दग्ध मुलुकको साझा आर्तनादलाई प्रतिनिधित्व गर्दै ऐतिहासिक घटनाको अधिनमा रहेको प्राचीन र वैदिक वर्णित काव्य उत्थानमा वर्णित मान्यताका नीति अनुरूप महाकाव्यको ध्वनिको ताल र लय विधि र विधान भित्रै द्रविभूत काव्य शृङ्खलाहरू १६ सयभन्दा माथिका श्लोकको मर्माहत शास्त्रीय छन्दहरूको नुष्मलता हो । यसका कारूणीक अस्तित्वको अभिव्यञ्जना आदर्शात्मक धरातलमा जन्म लय र प्रलयको उजण्ड निरंकुश हत्याले पुऱ्याएको घाउ र चोटहरूको कवित्व संयोजनकर्ता महाकाव्यकार स्रष्टाप्रति सद्भावनायुक्त अभिवादन।

'आत्मन यष प्राणो जायेत'! आत्माबाटै प्राणको उत्पन्न हुन्छ काव्यको रूपरेखामा । दारूणताका कथामा सझा व्यथा भएको छ। रचनामा आदिभौतिक कर्मवादी घिमिरे कविता प्रवाहमा मुलुकमा सङ्न पल्टेको घाउमा महाकाव्य लेखेर लेपन गर्नुहुन्छ। यसमा आलय र प्रलयको सर्मेक्षणमा दर्शनपक्ष सुकोमल भएर मनोविज्ञानयुक्त नीति र रहस्यवाद भित्र लुकेको प्रवृत्ति कवितामा कोट्याउनु हुन्छ।

युग नायकमा पहिलो अध्यायदेखि तेइसौं अध्यायसम्मको धाराप्रवाह २४० पेजसम्मको अलाप, विलाप, प्रलापयुक्त निराशाले आदि अन्त्य मर्माहत ओगटेको छ। कविले काव्य सिर्जनामा लाग्दा राजनैतिक, धार्मिक, ज्योतिष कल्पद्रुम र कुण्डलिनी एवं फलादेश मार्केश गणक, वंशविनाशका सन्क्षेपहरू कवितामा झल्किन्छ।

महाकाव्यका स्रष्टा घिमिरे, पूर्वीय दर्शनका सद्मार्गी प्रणेता हुनुहुन्छ। महाकाव्यका सुस्केराहरूमा सिद्धान्त निष्ठाको बोध हुन्छ। महाकाव्यकार घिमिरे साहित्यिक संघसंस्था र साहित्यिक मध्यस्थकर्तामा मित्रताको रूपमा अभिनव यात्राका पथिक हुनुहुन्छ। लेखकले २०५८ को जेठ १९ मा घटेको रणसंग्रामी बजपातले अकल्पनीय क्षतविक्षत दरबार हत्याकाण्डको चट्याङ्बाट विरह छाएको आर्तनादका छरपष्ट चोक्टा-चोक्टा रक्तसिर्काले उर्लेको असिम भेल र वेदनालाई समेटी यो महाकाव्यको जन्म दिनु भो, आत्मनुभूतिको पीडामा।

श्री ५ वीरेन्द्र शान्तिक्षेत्र नेपालका प्रस्तावक प्रणेता। जसले प्रथमतः श्री ५ महेन्द्रको स्वर्गारोहणपछि राज्यारोहणमा विदेशी पाहुना आदिको समीपमा शान्तिक्षेत्रको प्रस्ताव राखेका हुन्। जुन समय धर्ती भयावह र अशान्त थिएन। त्यतिखेर जुन दूरदर्शी चिन्तन गर्ने वीरेन्द्र सार्क युनिटका संस्थापक, विश्वका गरीब राष्ट्र र जनताप्रति गरिबी विरुद्ध उत्थानमा पेरीस सम्मेलनका सशक्तवक्ता एवं उद्घोषक-उत्कृष्ट व्यक्तित्व, विश्वका अग्रज हस्ती। नयाँ शिक्षाको शैक्षिक आधुनिकीकरणका अग्रज परिवर्तनकारी व्यक्तित्व, आदि विधामा पनि महाकाव्यमा वर्णित भएको पाइन्छ। मैले भने नयाँशिक्षाले नवीन मार्गदर्शन दिन सक्तैन भनी ०३२ सालको भाद्रमा बुटपालिस गरेको थिएँ र जेल जानुपरेको थियो। सो कुरा उल्लेख गर्न उचितै ठानेर उल्लेख गरेको हुँ। समय परिवर्तकारी रहेछ र श्री ५ वीरेन्द्र निःसन्देह दूरदर्शी चिन्तनका प्रणेता रहेछन् भन्ने अहिले बुझें।

महाकाव्यकार घिमिरे सन्यास मन र अशान्तपनले, पराकाष्ठाका विरुद्ध विलक्षण यथार्थ र साम्य तर्कयुक्त रूग्णताले, गुणोपयोगी अभिव्यक्ति पस्कन कवित्व सम्वादका पहलवाणीले यो महाकाव्य उत्कृष्ट मान्नुपर्छ। कविका संवेदन उपल्लो मार्ग धरातलमा तत्क्षणात्मक दर्दनाक व्यूहचक्रले भुक्तभोगी चरमोत्कर्षको मूर्छित आद्योपान्त आरोह अवरोह नाद र आर्तनादका वर्णित वर्णनात्मक अङ्गीरस आलोक हो यो महाकाव्य। सुनौलो प्रगतितिर प्रेषणीयतापूर्ण अभिव्यक्तिका द्योतक, सर्जक स्रष्टा घिमिरेको जीवन्त कलमको सम्मान गर्छु।

यस महाकाव्यमा कविवर माधवप्रसाद घिमिरे तथा प्रा. गोपीकृष्ण शर्माको समालोचकीय भूमिकाले पनि काव्यको मर्म र धर्मको पुष्टि गरेको छ। अन्तमा :

सत्ता, शक्ति र श्रेष्ठता प्रतिजना चाहन्छ छोड्दैन त्यो।
ठूलो लोभ रहन्छ मानिस जहाँ ऐश्वर्य छोड्दैन त्यो!
खोसाखोस अजस्र चल्छ जनमा खोसेर थाक्दैन त्यो!
.....!

विशेषु किमधिकम्

***

गीत

◈रमेशजङ्ग सिजापति

टेब्दै काँडा काँडामा आएँ तिमी नै देखेर
हाँस्दै डाँडा डाँडामा ल्याएँ कान्ति यो बोकेर

गुराँस हाँस्यो पहिरोबाट हृदय खोलेर
डाँफे मुनाल गुनगुनाए मुसुक्क हाँसेर

झरना बग्यो संगीत मीठो गुञ्जाई रनवन
मान्छेको मन केही हो मने कान्ति नै हो धन

चन्द्रमा पनि मधुर हाँसो बाँड्दछ एकैछिन
कहिले रात कहिले दिन यस्तै हो जीवन ।

- भक्तपुर

मुलुक मित्र

◈रूद्र 'दुःखी'

झुठो आश्वासनको
छलकपट बेइमानी छ
हीनता - गाँसको
हीनता - बासको
हीनता - कपासको
वेदना - अट्टहास
शासनको चपरी मुनि निस्सासिएर
भुतुक्क सास निस्केको छ
इतिहासको शुरुदेखि
गणना गरौं के कसरी ?
हजार वा लाखौं-लाखौंमा
हत्याको लामलस्करमा
मान्छेको लाश निस्केको छ ।

- भैरहवा

मुटुको स्पन्दन

◈उर्मिला पन्तं 'पाण्डेय'

कोमल काया, सुन्दर साया
मधुर तिम्रो मुस्कान ।
सप्तरङ्गी पहिरन तिम्रो
स्वभाव छ निर्मल रगीन
मुस्कान तिम्रो मन लोभ्याउने
रूप तिम्रो मोहनी लगाउने ।

नयन तिम्रो मूक भाषामा
अन्तरमनको भाव बुझने
ओठ तिम्रो खुल्दा हुन्छ,
पारस-मणि ज्योतिर्भाव
समीरको स्पर्शमा सरसर,
तिम्रो मुटुको स्पन्दन प्रभाव ।

- ज्ञानेश्वर

तीन मुक्तक

◈कल्पना न्यौपाने

(एक)

पाएँ मैले जिन्दगीमा केवल एउटा दोष
त्यै दोषमा अल्झिएर आयो मेरो होस
उत्साहका लहरहरू पग्लिएर गए
जीवनमा नपरेका दोषहरू आए ।

(दुई)

हाँसो भनेर लिन खोजेको त
सधैं दिने मृत्यु पो रहेछ
जिन्दगीभरिको खुसी ठानेको
बल्झिरहेको घाउ पो रहेछ ।

(तीन)

यो मेरो कापीको पाना होइन
जीवनको पातलो एक टुक्रा हो
यो मेरो न त हो गुनासो
जीवनको दुःखको एक भाका हो ।

- भैरहवा

लेख/निबन्ध

लुम्बिनीको मायादेवी मन्दिर:सम्झेर ल्याउँदा, सोचेर हेर्दा

◈घनश्याम राजकर्णिकार

बुद्धको जन्मस्थल लुम्बिनीको मायादेवी मन्दिर तिर घुमिरहँदा बुद्धदेवको जन्मबारे पढेर थाहा पाइएका कुराहरू झलझली सम्झें। आजभन्दा २६०० वर्ष अघि नेपालको तौलिहवा जिल्ला अन्तर्गत कपिलवस्तु भन्ने एउटा साँह्रै राम्रो र समृद्धशाली राज्य थियो । त्यसबेला त्यहाँ शाक्यवंशका राजा शुद्धोदन राज्य गर्दथे । उनका मायादेवी र प्रजापति गौतमी नामका दुई रानी थिए । एकदिन आषाढ पूर्णिमाको दिनमा रानी मायादेवीले अपूर्व र अनुपम सपना देखिन् । सपनामा रानीले विविध अद्भूत कुराहरूको अनुभूतिका साथ एउटा बडेमानको सेतो हात्ती आफ्नो दाहिने काखीबाट पेटभित्र पसेको देखिन् । महाराजले भोलिपल्ट आफ्नो राज्यका विद्वान् ब्राम्हणहरूलाई डाकी महारानीको सपनाको कुरा अर्घ्याउन आदेश दिए । आमन्त्रित ब्राम्हणहरू सबैले "सपना साँह्रै शुभलक्षणको छ। महारानीको कोखबाट अद्वितीय राजकुमारको जन्म हुनेछ। त्यो राजकुमार राजपाठ सम्हालेर बसे भने चक्रवर्ती राजा हुनेछन् तर ससार त्यागेर सन्यासी भएर गए भने महात्मा बुद्ध बन्नेछन्" भनी भविष्यवाणी गरे । एवं रीतले दिन बित्दै गयो । रानी मायादेवीले गर्भधारण गरेको ठीक १० महिना पुग्दा वैशाख पूर्णिमाको दिन थियो । त्यही दिन रानी आफ्नो माइतीघर देवदहतिर जाने क्रममा बीचबाटोमा पर्ने लुम्बिनी भन्ने एउटा साँह्रै रमणीय उद्यानमा आराम गर्न रोकिन् । त्यसैबेला महारानीले आफ्नो शारीरिक स्वभावमा केही परिवर्तन भएर आएको अनुभव गरिन् र दायाँ हातले नजीकैको शालवृक्षको एउटा हाँगा समाती उभिइन् । महारानीको परिस्थिति बुझेर परिचारिकाहरूले चारैतिर कपडाको घेरा लगाइदिए । त्यही शालवृक्षको मुनि महारानी मायादेवीलाई सर्वगुण सम्पन्न पुत्ररत्न पैदा भयो । त्यसैबेला आकाशबाट देवगणहरूको जयजयकार युक्त मङ्गलध्वनीको वातावरण गुञ्जायम्मन भयो । नानाथरिको सुगन्धित पुष्पवृष्टि भयो । तत्क्षणै त्यहाँ भगवान् ब्रम्हा प्रकट भएर पम्फाको फूलजस्तो कोमल बालकलाई सुवर्णमय जालमा थापी रानीको समक्ष राख्दै "महारानी ! बत्तीस लक्षणले युक्त महानुभाव राजकुमार प्राप्त भएको छ, कृपया ग्रहण गर्नुहोस्" भनी आग्रह गरे । भगवान् ब्रम्हाको हातबाट मुक्त भएपछि त्यो सर्वलक्षण सम्पन्न शिशुले जमिनमा आफै उभिएर दशै दिशातिर हेरे । कहिं कतै आफूसमान योग्य कोही कुनै व्यक्ति नदेखेपछि उत्तर दिशातिर फर्केर दायाँ हात उचाली चोर औंला ठड्याई सात कदम हिंड्दै 'अग्गो हमास्मि लोकस्स' अर्थात् संसारको अग्रपुरुष म नै हुँ भनी घोषणा गरे । जसलाई सिंहनाद गरेको भनिन्छ । त्यसबखत त्यस बालकलाई भगवान् ब्रम्हाले श्वेतछत्र ओढाउँदै थिए, इन्द्रदेवले चँवर हम्काउँदै थिए र अरु देवगणचाहिं जयजयकार गर्दै पछिपछि लाग्दै थिए भनी उल्लेख गरिएका कुराहरू सम्झँदा मैं आनन्दले विभोर भैरहें । त्यसैबेला सहयात्रीहरूलाई यो प्रसंग प्रस्तुत गर्न पाउँदा मेरो मन खुशीले गद्गद् भइरह्यो ।

यो भयो बुद्धको जन्मबारे सम्झेर ल्याउँदाका कुराहरू । अब बुद्धदेव जन्मेको ठाउँ लुम्बिनीको मायादेवी मन्दिरबारे खोतलखातल गरेर हेरौं ।

लुम्बिनी विकासको कुरा गर्दा विश्वभरिका बौद्धधर्मावलम्बी तथा सम्पूर्ण नेपालीको सर्वाधिक चासोको विषय बनेको छ - मायादेवी मन्दिरको पुनःस्थापना तथा पुनर्निर्माण योजना । यस मन्दिर छेउमा पलाएका पीपलका जराहरूले मन्दिरलाई नोक्सान पुऱ्याउन सक्ने हुँदा पीपलका जरा हटाई त्यहाँ नयाँ आधुनिक मन्दिर बनाउन सन् १९८७ तिर दातांको खोजी भयो । यद्यपि श्री ५ को सरकारले चाहेको भए यो मन्दिर आफ्नो स्रोत र साधनबाट

उहिल्यै बनाउन सक्ने थियो । तर जे कुरामा पनि अरुको मुख ताक्ने बानीले आफ्नो पाखुरामा भर पर्ने आँट हामीमा छैन । त्यसैले मायादेवी मन्दिर बनाउने योजना कार्यान्वयन गर्न पनि विदेशी दाताको आवश्यकता हामीलाई पऱ्यो । यही क्रममा जापान बुद्धिष्ट फेडरेशनले मायादेवी मन्दिर बनाइदिने अभिभारा लियो र सन् १९९२ देखि मन्दिर बनाउने कार्य शुरु भयो । पहिलो चरणको कार्य गर्दै जाँदा नै अत्यन्त महत्त्वका पुरातात्त्विक वस्तुहरू फेला पर्न थाले । त्यसैबेला भगवान् बुद्धले पहिलोपटक पृथ्वीमा पाइला टेकेको ठाउँमा प्रतीकस्वरुप राखिएको ढुङ्गा जसलाई मार्करस्टोन भनिन्छ त्यो प्राप्त भयो । यो मार्कस्टोन प्राप्त हुनुभनेको वस्तुतः हामी नेपालीको भाग्य चम्केको हो भन्नुपर्छ । तर बिडम्बना भनौं कि के भनौं मायादेवी मन्दिरको डिजाइनबारे लुम्बिनी विकास कोष र जापान बुद्धिष्ट फेडरेशनबीच आपसी खिचातानीका कारण सन् १९९२ मा तदारुकताकासाथ पुननिर्माण कार्य शुरु भएको सन् २००० सम्म लथालिङ्ग भताभुङ्ग पारिरहेको अत्यन्त दुःखदायी कुरा हो । लुम्बिनी विकासको मुटु मायादेवी मन्दिरको पुनः निर्माण कार्य हालसम्म पुरा नहुँदा लुम्बिनी आउने पर्यटकहरू तथा तीर्थयात्रीहरू 'हिस्स बुढी खिस्स दाँत' हुँदै निन्याउरो मुख लगाई जाने गर्छन् । म आफै पनि यस्तै अनुभव र अनुभूतिमा पिल्सिएको थिएँ ।

एक दशकअघि भएको सहमति अनुरुप जापान बुद्धिष्ट फेडरेशनले यथाशीघ्र निर्माण कार्य गर्नुपर्नेमा सो नगरी अनेक अड्को लगाउँदै नेपालीको भावना विपरीत आफ्नै डिजाइन र योजनामा अडिग रही लिँडेढिपी गरिरहेको हुँदा अन्ततः यो मन्दिरको निर्माण श्री ५ को सरकारको सहभागितामा लुम्बिनी विकास कोष आफैले गर्ने निर्णय गरेको समाचार पत्र-पत्रिकामा प्रकाशित भएको पढ्न पाउँदा मनमा आनन्दको लहर उल्यो । दश वर्ष अगाडि लिनुपर्ने निर्णय अहिले आएर लिए पनि उपलब्धि नै मान्नुपर्छ । 'नहुने मामाभन्दा कानो मामा निको' भनेजस्तै हो यो । युनेस्कोको नियमअनुसार विश्व सम्पदा सूचिमा परेका ठाउँहरू पुनः निर्माण गर्दा त्यसलाई पुरानै आकारमा ल्याइनुपर्छ । त्यसैले केशर शमशेरले सन् १९३८ मा निर्माण गरेको डिजाइनजस्तै देखिने गरी मायादेवी मन्दिरलाई आधुनिक रुपमा प्रस्तुत गरिने कुरा पनि प्रकाशित भएको छ । सन् २००२ मा लुम्बिनी जाँदा मायादेवी मन्दिरको निर्माण कार्य जोडतोडले भइरहेको देख्ता र यसको लागि रु. ६-७ करोड खर्च हुने थाहा पाउँदा म आनन्दले विभोर भएँ । (यही वर्षको अन्त्यतिर निर्माण कार्य पूरा गर्ने लक्ष्य अत्यन्त उत्साहजनक कुरा मान्नुपर्छ ।) अब केही महिनापछि नै मायादेवी मन्दिरको हँसिलो चेहरा दर्शन गर्न पाइने कुराले म पुलकित भएँ । साथै, भगवान् बुद्ध जन्मेको स्थान र उहाँले सर्वप्रथम पाइला टेकेको मार्कस्टोनलाई सबैले देख्ने गरी प्रतिस्थापना हुनेछ भन्ने आशा पनि गरेको छु । जे होस् मायादेवी मन्दिरको निर्माण कार्यमा भइरहेको ढिलासुस्तीमा नयाँ रक्तसंचार हुनु समयानुकूल कदम हो, प्रशंसनीय कार्य हो ।

अहिले एउटा कुरा मेरो मनमा के लागिरहेछ भने बुद्ध जन्मेको ठाउँलाई मायादेवी मन्दिर भन्नुको सट्टा बुद्ध-जन्म-स्मारक भन्नु बढी उपयुक्त हुने हो कि ?

***

नयाँवर्ष २०६० को उपलक्ष्यमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।
टेलिफोनमा जथाभावी कुरा गर्नु
सामाजिक अपराध हो ।
नेपाल दूरसञ्चार संस्थान
परिवार

समीक्षा

चतुष्कोणभित्रका चार कृतिलाई हेर्दा

ठाकुर शर्मा

१. 'स्रग्धरा'को कलिलो मुहारलाई हेर्न पुग्दा

भौतिक संसारमा आबद्ध हुँदा मानिस आफूले चाहेको सम्पूर्ण वस्तु पाउँदा पनि कताकता भित्र कतै दुखेको अनुभव गर्छ, कतिपय मानिसलाई आध्यात्मिकतातिर ढल्केको देख्दादेख्दै पनि भौतिकतातिरै ढल्मलिएको देखिन्छ। कर्कलाको पातमा बसेको पानीको थोपा मोतिविन्दुझैं बस्न नसकेर प्रशस्त मात्रामा प्रत्येक जीवनमा दुःख भित्रिएको हामी पाउँछौं। भगवत् कृपाको सुन्दरतम संसारमा रहन पाउन नै आनन्दमय जीवनयापन गर्नु हो तर भुलभुलैयामा मानिस परेर तड्पिन्छ, छट्पटाउँछ र त्यही छट्पटाइभित्र कतिपय मनिसले आनन्दनुभूति गरिरहेको पनि सम्झिन्छ। यथार्थमा जीवन मुक्त छ, स्वतन्त्र छ, परतन्त्रीयं होइन। मानिसले स्वयं स्वयंलाई परतन्त्री बनाउँछ र छट्पटाउँछ। स्वयं निःसृत कुरा हुन् यिनी। कविता रचिन्छ, हिंडाइ, बसाइ, काम गराइ हरेक परिस्थितिमा। चाहनानुरुप नै रचिन्छ र समग्रतामा रचिन्छ, सुन्दर सृष्टि बन्छ, अन्तर्हृदय बोलेको हुन्छ, किनकि आत्मा निर्मल छ, त्यही निर्मलता निःसृत हुन्छ र त सुन्दर सृष्टि बन्छ। यसको निर्माणमा जुनसुकै वस्तु लिएर भनिएको होस् सबै सुन्दर कमी देख्दैन। नयाँ उत्पत्ति गर्छ आनन्दानुभूति लिन्छ। यस्तै आनन्दानुभूतिमा रम्ने, रमाउने हँसमुख प्रकृतिका धनी रमेश खकुरेललाई नेपाली साहित्यिक धरातलमा नचिन्ने कमै होलान् किनकि करिब २५ वर्षको निरन्तरतामा मैले विशेष उहाँलाई कविताबाट, १५ वर्षदेखि साहित्यिक सभा समारोहमा प्रत्यक्षरूपमा स-सानादेखि ठूला कार्यक्रमसम्म देख्नेगरेको छु। नेपाली कविहरू विदेश गए रे ! दार्जिलिङ्गमा रमाइलो कार्यक्रम भयो, तिब्बतमा यस्तो भयो, अमेरिकामा ..... यस्तो भयो जस्ता समाचारमूलक कार्यक्रमहरूकबाट उहाँको नाम आउने हुनाले उहाँ कविताको सँगसँगै हरेकको हृदयमा ठाउँ लिन पुग्नुभएको छ। म उहाँलाई आस्था गर्छु किनकि उहाँले नेपाली साहित्यलाई माथि उठाउने प्रयास गर्नुभएको छ। साधनायुक्त जीवन सुन्दर जीवन हो जस्तो लाग्छ, त्यसमा पनि आशुकविको रूपमा उहाँको शैलीले कहिलेकाहीं भेट्दा, बस्दा, उठ्दा आकर्षण गर्ने गरेको छ। जहाँ पुग्यो त्यहाँको बारेमा केही न केही लेख्ने त्यसमा पनि कवितामा लेख्ने उहाँको बानीले कविता क्षेत्रमात्र होइन हरेक क्षेत्रलाई सहयोग पुगेको देखिन्छ। यस्तो किसिमको जीवन यथार्थ जीवन हो, आनन्दमय जीवन हो, साधनायुक्त जीवन हो, सुन्दर जीवन हो। त्यही जीवनको लक्ष्य बनाउने कविको रूपमा पाएको छु रमेश खकुरेल।

पिता हरिप्रसाद र माता मनोधराको कोखबाट वि सं. १९९९ आश्विन २२ गते काठमाडौं गणवहालमा जन्मनुभएका रमेश खकुरेलले त्रि वि बाट वि ए. र शास्त्री गर्नुभएको छ, संस्कृत साहित्यको अध्ययन गर्नुभएको छ, छन्द भनेपछि हुरुक्क हुने कवि खकुरेलको कलमबाट निर्मल, स्वच्छ, सरिता अविरलरूपमा शिवको जटाबाट गंगा बगेझैं बगेका छन् सहस्रधारा कविताको रूपमा। अँगालो(कवितासङ्ग्रह), संक्षिप्त भौतिकी (छन्दमा विज्ञान), घर भाडामा खाली छ (कवितासङ्ग्रह), सरिता नानी (महाकाव्य), बहिनीलाई सन्देश (खण्डकाव्य), सावधान जहाज डुब्दै छ (लामो कविता), बिदाइ (खण्डकाव्य र कविता सङ्ग्रह), गर्दभराग (कवितासङ्ग्रह), खासा ल्हासा (यात्राकाव्य), आनन्द प्रज्ञा गीतमाला (अनुवाद) स्रग्धराभन्दा पहिला नै प्रकाशित कृति हुन्। करिब एक दर्जनजति काव्यको निर्माण गर्ने कविको यात्रा मूलतः कविता नै हो। अहिले मेरो हातमा रमेश खकुरेलकै उत्कृष्ट रचना

स्रग्धरा महाकाव्य रहेको छ । अगाडि हेर्छु एउटा सुन्दर बालिकाको चित्र । जुन चित्रले कसको मन हर्दैन, कलिलो अनुहार, निश्चल निर्मल अनुहार, ईश्वरीय अनुहारले लोभ्यायो, हेरिरहुँजस्तो, यो काव्यको सौन्दर्यता नै यही चित्र हो कि जस्तो अनुभव भयो । भानु प्रकाशनको प्रकाशन स्रग्धरा सर्वप्रथम २०५९ सालमा जन्मियो पुस्तकाकारका रूपमा । तर रमेश खकुरेलको मनमन्दिरमा पहिले नै सजिएको थियो । यो कुरा उहाँकै भनाइमा पाइन्छ । डा. शर्मालाई २०५७ सालमै अमेरिकामा काव्यका पँक्ति सुनाउनु भएको रहेछ । वरिष्ठ समालोचक डा. तारानाथ शर्माको भूमिका, भवानी घिमिरेको दृष्टिले रमेश खकुरेललाई यथार्थताको धरातलमा उभ्याएको छ । यहाँ म काव्यको समष्टिभित्र पस्न खोजेको होइन केवल कविका पंक्तिले घच्घच्याएकोले तरङ्गित भावनाहरू मात्र व्यक्त गरेको हुँ । कुनै समीक्षा होइन, समालोचना होइन, आस्थाका शब्द हुन् । प्रत्येक शब्द जीवन्त छन् । नातिनी स्रग्धराको सेरोफेरो मात्र घुमेको काव्य होइन । यसले नेपालदेखि अमेरिकासम्मको जीवनलाई जीवन्त बनाएको छ ।

मंगलाचरणबाट प्रारम्भ भएको काव्यधारा सर्ग भनेर नतोकिए पनि १, २, ३, ४ हुँदै १८ सम्म पुगेको छ र उपसंहारको रूपमा कविले त्यसभित्र समेटिएको कथावस्तु मेरो मात्र होइन धेरैको छ भनेर टुंग्याउनु भएको छ । जसले कथाको संवेदनशीलतालाई प्रष्ट्याउँछ ।

जस्तै:मेरो मात्र कथा हैन धेरैको देख्छु यही गति
कहिले सुधिने होला देशको यो परिस्थिति । पृ १५५

राम्रो शासक चाहिन्छ देशलाई बचाउन
बज्रजस्तो कडा साथै फूलझैं कमलो मन । पृ. १५६

अनुष्टुप छन्दमा लेखिएको यस महाकाव्यको कथावस्तु भावुक मनले पोखेको कथाव्यथा हो । कविले भनेजस्तै सबै नेपालीमनले भोगेको कथा हो ।

२. 'तिमी बहिरी छौ र आमा'लाई नियाल्दा

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको उद्देश्य नै विभिन्न रंग रूपका सांस्कृतिक एकता, राष्ट्रभाषा नेपाली र अन्य राष्ट्रिय भाषामा रचिएका मूल्यवान् रचनाहरूलाई जनसमक्ष ल्याई भाषा, साहित्य, कलालाई उन्नत तुल्याउनु हो । तदनुरूप राष्ट्रका विविध कला, संस्कृति र साहित्यलाई अनवरत रूपमा अगाडि बढाई अखण्ड, सुदृढ, शान्त र सुन्दर सामाजिक परम्परा र संस्कृति मात्र होइन विभिन्न विश्लेषकका चिन्तनधाराहरूलाई जनसमक्ष ल्याउने कार्य नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको कर्तव्यभित्र नै पर्दछ । यसै क्रममा श्रीकृष्ण गौतमद्वारा रचित 'तिमी बहिरी छौ र आमा' वि.सं. २०५६ मा प्रकाशित भएको छ ।

श्रीकृष्ण गौतम १९९९ सालमा गुल्मी, जुहाङ् गैरागाउँ ९ लुम्बिनी अञ्चलमा जन्मनुभएको हो । एम.ए. संस्कृत, एम.ए.अंग्रजी, साहित्याचार्यसम्मको अध्ययन गर्नुभएका गौतमका प्रकाशित कृति हुन्- अल्छिका पाइला, तस्मात् चरैवेति (यात्रानिबन्ध), बाबुछोरा (कथासङ्ग्रह) र नेपाली भाषा र लोक संस्कृतिका विभिन्न विषयमा अनुसन्धानमूलक निबन्ध, विदेश यात्रा सम्बन्धी विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै आद्य शङ्कराचार्यद्वारा रचित सौन्दर्य लहरी स्तोत्रको नेपाली व्याख्या, गुप्त साधन तन्त्रम्को हिन्दी व्याख्या गरी सम्पादन कार्य पनि गर्नुभएको छ ।

हुम्ला सम्बन्धी रचनाको लागि वि.सं २०४६ को साझा लोक साहित्य पुरस्कारसमेत प्राप्त गर्नुभएका गौतम नेपाल अधिराज्यका पचहत्तरै जिल्ला भ्रमण गरी नेपाल सम्बन्धी विविध लोक संस्कृति, परम्पराको सामाजिक यथार्थ ज्ञान हासिल गरी सम्पूर्ण जातजातिको विषयमा लेख रचनाहरू दिनुभएको छ । लामो अवधिसम्म श्री ५ सरकारको निजामति सेवामा लागेर जनसेवामा ठूलो योगदान दिनुभई अहिले अवकाशप्राप्त जीवन बिताइरहनु भएको छ । नेपाली साहित्यका पाठकहरूका लागि श्रीकृष्ण गौतम नयाँ नाम होइन निबन्ध, समालोचना र विविध थलो, समाजको यथार्थ स्थिति, भौगोलिक अवस्थानुसार सांस्कृतिक परिवेशमा बाँचेका जाति र वर्ग विशेषको इतिहास, परम्परा, जीवन पद्दतिको सम्बन्धमा खोजपूर्ण तथ्यपूर्ण विषयवस्तु समेटेर आफ्नो कलम चलाउनु उहाँको विशेषता नै रहेको पाइन्छ ।

'तिमी बहिरी छौ र आमा' लेखक तीस वर्षमन्दा बढी सरकारी सेवामा रहँदाको अवस्थामा नै लेखिएको

कृति हो । यसमा पनि खोजमूलक प्रस्तुति छ । खोजी कसले गर्ने ? बाट प्रारम्भ भई सिद्धशक्ति पीठ श्री गुह्येश्वरीमा गएर टुङ्गिएको यस कृतिमा १७ वटा शीर्षक दिएर विभिन्न अनुसन्धान गर्ने चेष्टा गरिएको छ । विभिन्न क्षेत्रमा बस्ने जातिको विषयमा चर्चा गरिएको छ जसबाट खस कहाँबाट आए, देउता, भैरव भँगेर, सिद्ध देउराली र मान्छेको सम्बन्धमा जानकारी र मल्लवंशीय राजाहरूको विविध कथाका साथै रोचक जानकारी, काठमाडौं उपत्यकाका आदिवासी को हुन् ? असुर को हुन् ? जस्ता खोजमूलक कुराहरू मात्र हैन शक्ति उपासनादि आध्यात्मिक विषयवस्तुका कुराहरूमा पनि विस्तृत जानकारी दिने चेष्टा गर्नुभएको छ । तिमी बहिरी छौ र आमा यस कृतिभित्रको यौटा निबन्ध नै हो । आध्यात्मिक धरातलमा उभिएर लेख्नुभएको यस कृतिमा लेखाइमा भने केही विचलन छ । सरल भाषा प्रयोग गर्दागर्दै भनाइमा रोचकता भर्दाभर्दै पनि लेखकले आफ्नो लेखाइमा पुष्टि दिन विभिन्न तन्त्र, पुराणादिका प्रसङ्ग जोड्नुभएको छ । आद्याशक्तिको रूपमा वर्णन गर्नुभएको छ । संस्कृतका श्लोकहरूले पाठकलाई कतैकतै बुझ्न अवश्य कठिनाइ पर्छ तर यो खोजमूलक, निबन्धात्मक कृति भएको हुनाले अनुसन्धाताले सहयोग अवश्य लिन सक्छ । केही उदाहरण हेरौं :

तिमी बहिरी छौ र आमा ! तिम्रो कानको जाली फुट्यो र मा ! मेरो गुहार तिमी कहाँ पुग्दैन र जननी ! किन सुनिदिन्नै त मेरो गुहार ! कसरी तिमीलाई पाउँ, कुन बाटो आउँ, तिमी नै बताउ ... । त मेरी माता उग्रतारा बहिरी रहिनछन् ... ।

नेपालको भौगोलिक, सांस्कृतिक, अवस्थालाई अत्यन्त निकटबाट हेरेर खोजेर महत्वपूर्ण कृति दिनु भएको छ । यस सङ्ग्रहभित्रका निबन्धहरूले नेपाली पाठकलाई ज्ञानवृद्धि गराउने छन् भन्ने विश्वासका साथ आगामी दिनमा पनि यस्तै महत्वपूर्ण कृति प्राप्त हुनेछन् । यही आशाका साथ बिदा लिन्छु ।

३. अत्रिवंश शतक : एक दृष्टि

संसारमा रहेका समस्त प्राणी नै ईश्वरका अंश हुन्, वैदिक परम्परा वा धर्म सस्कृति अनुसार कुनै न कुनै ऋषि मूलपुरुषका रूपमा रहेर वा अधिष्ठाताको रूपमा रहेर जगत् विकासमा अग्रगामी भएको कुरा यत्रतत्र पाइन्छ । मानिसहरूलाई पनि आफ्ना आदि पुरुष सिद्ध ऋषि, मुनिको नाम लिँदा गौरव हुनु स्वाभाविक हो । उनीहरूप्रति गरिएको श्रद्धा पनि हो । श्रद्धया दियते दानम् भनेजस्तै ती ऋषि मुनिहरूप्रतिको श्राद्ध हो । महर्षि अत्रि र सती माता अनसूयाको विषयमा चर्चा गर्नु त हरेक मानिसले आफ्नो पाप पखाल्नु हो । उनीहरूको सम्बन्धमा इतिहास, पुराणहरूमा अनेक उत्कृष्ट कथा, उपकथाहरू देखिन्छन् - जो मानिसहरूको लागि मार्ग दर्शन गर्ने खालका छन् । ब्रह्माका मानस पुत्र ऋषि अत्रि - सृष्टिको क्रममा तत्वज्ञ, तत्वदर्शी, अनेक शास्त्रका रचयिता कवि कलाकार हुन् । उनको अत्रि संहिता धर्मग्रन्थ महत्वपूर्ण ग्रन्थ हो । उनी स्वयं आत्माज्ञानी हुन् । देवहुती र ऋषि कर्दमकी छोरी अनसूयासँग उनको विवाह भएको थियो । विदुषी एवं सती माता अनसूयाको विषयमा त अनेक घटनाहरूले चर्चा पाएको देखिन्छ । स्वयं ब्रह्मा, विष्णु, महेशलाई आफ्नो सतित्वको प्रभावले छ महिनाका बालक बनाई खेलाउनु र त्रिदेवी आएर अनुनय विनय गरी आफ्ना मालिकहरूलाई बालकको रूपमा देख्दा आश्चर्यचकित भएर क्षमा माग्नुपर्ने क्षमताकी धनी थिइन् उनी । साथै माताको रूपमा स्वीकार गरी अनसूयालाई आस्थाको केन्द्र बनाउनु महत्वपूर्ण घटना मानिन्छ । पछि अनसूयाको पवित्र भावनाबाट प्रभावित भएर स्वयं विष्णुले पुत्ररूपमा दत्तात्रेयको अवतार लिई समस्त प्राणी मात्रलाई ज्ञान सिकाएको घटना रोचक छ । यस्ता कथाहरूबाट त्यस समयमा नारीप्रतिको सद्भाव, नारीको शक्ति कति उच्च किसिमको थियो भन्ने प्रष्टिन्छ । त्यस समयमा धेरै विदुषी थिए, ज्ञानका पुञ्ज नै थिए । आफ्नो अस्तित्वलाई कायम राख्न सक्ने क्षमता थियो, समस्त संसारलाई वशमा पार्न सक्ने शक्ति थियो । अत्रि र अनुसूयाको दर्शनार्थ वनवासको समयमा राम सीता लक्ष्मण स्वयं गएका थिए र उनीहरूको धर्मोपदेश सुनका थिए । अनसूयाले सीतालाई दिव्यवस्त्र प्रदान गरेकी थिइन् भन्ने प्रसङ्ग रामायणमा

देखिन्छ । त्यस्ती धर्मपत्नी पाएका ऋषि अत्रिका सन्तान अथवा अत्रि गोत्रोत्पन्न मानिसहरूको लागि अत्यन्त महत्वपूर्ण अत्रिवंश शतक पुस्तकाकारका रूपमा आएको छ । यो पुस्तक कवि युवराज शर्मा गौतमले लेख्नुभएको हो । कति सुन्दर पद्य रचना गर्नुभएको छ अनुष्टुप छन्दमा -

त्रिकालदर्शी हुन् अत्रि असंख्य शास्त्र संहिता
धर्म विज्ञानको ग्रन्थ मुख्य हो अत्रि संहिता । २/६
ज्ञान, बुद्धि, महत्तामा रूपमा वा सतित्वमा
अनसूया सरी छैनन् योग्य नारी कहीं यहाँ । ६/२१

कवि स्वयं एक विद्वान् हुनुहुन्छ, संस्कृतज्ञ हुनुहुन्छ । १०८ श्लोकमा एउटा पवित्र रुद्राक्ष मालाका दानाझैं श्लोकरुपी पवित्र दाना उनेर एउटा माला नै निर्माण गर्नुभएको छ, प्रत्येक श्लोक मन्त्रझैं बन्नपुगेका छन् । अत्रि गोत्रमा मानिसहरूले यो माला सदैव आफ्नै सँगमा राख्नाले पनि मानिस पवित्र बन्छ । महर्षि अत्रि र अनसूयाको गाथा कतिपय साधारण मानिसहरूलाई थाहा छैन होला । हाम्रा अग्रज कस्ता थिए भन्ने जिज्ञासा हुँदाहुँदै पनि सबैले बुझ्ने गरी सरल भाषामा यस्तो किसिमको पुस्तक समाजमा देखिएको थिएन । यसले अत्रिवंशका मानिसहरूलाई पवित्र त बनाउँछ नै, अरूलाई पनि अत्रिकुलको विषयमा सामान्य जानकारी लिन सजिलो पार्दछ । युवराज शर्मा गौतमले आफ्नो कवित्व शक्ति यस पुस्तिकामार्फत् प्रयोग गर्नुभएको छ - पुर्खाको सम्झनामा । सूक्ष्मतालाई आधार बनाएर लेखिएको यो पुस्तक आकारको दृष्टिले सानो छ तर यस कुलका व्यक्तिहरूलाई महत्वपूर्ण छ । यसैलाई बृहत् दृष्टिकोण राखेर लेखिएको भए, नेपाली साहित्यमा नै ठूलो योगदान पुग्ने थियो । किनकि यो बृहत् विषयवस्तुमा आधारित छ अत्रि अनसूयाको प्रसङ्ग । सायद, कविले आफ्ना पुर्खालाई सम्झने आधारशिला तयार गर्नुभएको हो जस्तो लाग्दछ । प्राचीन इतिहास शीर्षक दिएर ४४ श्लोकमा अत्रि अनसूयाको प्रसङ्गपछि वहाँले आफ्ना पुर्खाहरू कहाँबाट आए भन्ने कुरालाई २५ श्लोकमा आधुनिक इतिहास शीर्षक दिएर हरियाणाबाट उत्तरतिर आफ्ना पुर्खा आउँदाको प्रसङ्ग मलय बर्माको राज्यमा प्रवेश गरेको प्रसङ्ग सिन्जा प्रान्तमा आएर बसेको कुरालाई यसमा कोट्याउनु भएको छ । नेपाली भाषा साहित्यको क्षेत्रमा सिन्जाबाट पूर्व हुँदै दार्जिलिंग, सिक्किम आदि ठाउँमा पुगेर विकास भएको ठूलो इतिहास छ, काव्यलाई अलि लम्ब्याएर लेखेको भए बृहत् कार्य हुने थियो जस्तो लाग्यो । कति सुन्दर पंक्ति छन् कविका -

हिमवत् खण्डको दृश्य हेर्दै, घुम्दै हराभरा
अन्तमा विधिले गर्दा पुगें जुम्ला सिंजादरा । १५/५४

अत्रिगोत्रीय मानिसहरू संसारभर फैलिएका छन् नै । नेपालमा पनि पश्चिमबाट पूर्वहुँदै आएको प्रसङ्गलाई छोटकरीमा कविले देखाउँदै थरको कुरा उठाउनुभएको छ यस गोत्रमा विभिन्न थरका मानिसहरू छन् । ठाउँ, पद, वातावरण प्रकृतिअनुसार प्रयोग हुने व्यक्तिको नाम पछाडि जोडिएका थरमा आफ्नो गौतम थरको कुरा विशेष रूपमा उठाउनुभएको छ -

पाए रुकुममा विर्ता स्थान गोताम कोट हो
गाउँ सुन्दर त्यो ठाउँ गोतामेहरूको भयो । १७/६४
कुलचन्द्र भए पैल्हा गोतामेबाट गौतम.

अन्तमा, यस्ता कृतिहरूले इतिहासको जानकारी दिनुका साथै व्यक्ति व्यक्ति बीचमा रहेको दूरतालाई कम गरी एकत्व भावमा ल्याएर समाजलाई ठूलो सहयोग गर्दछन् । यस पुस्तकमा केही व्याकरणिक त्रुटिहरू देखिए पनि कविको भावना, कवित्व शक्ति प्रकट भएको छ । यस्तो कवित्व शक्तिलाई कवि युवराज गौतमले खेर नफाली निरन्तर लागिरहने कामना गर्दछु । यो पवित्र मालारूपी पुस्तिकालाई अत्रिगोत्र भएका मानिसहरूले पढ्नुपर्ने, मनन गर्नुपर्ने त छँदैछ अरूको लागि पनि सङ्ग्रहणीय छ ।

४. 'तिम्रो सहरमित्र'का मिलन

आधुनिक नेपाली भाषा साहित्यको उत्थानमा प्रत्यक्ष अप्रत्यक्ष धेरैको संलग्नता रहेको छ । विविध विधामा कलम चलाउने व्यक्तिहरूमध्ये वर्तमान समयमा सुमधुर वाणीका साथै लेखनमा पनि त्यत्तिकै लागिपर्ने व्यक्ति हुनुहुन्छ शम्भुकुमार मिलन । वि.सं. २००६ सालमा जन्मनुभएका शम्भुकुमार मिलनले सौगात गीतसङ्ग्रह २०३८ सालमा, यात्रा

कवितासङ्ग्रह २०४३ सालमा, धोको कवितासङ्ग्रह २०४४ सालमा, अस्तित्व गीतसङ्ग्रह २०४८ सालमा लेखिसक्नुभएको थियो र अहिले तिम्रो सहरमा गजलसङ्ग्रह २०५९ पाठक सामु पस्किनुभएको छ। गजलकार मिलन २०४८ पछि २०५९ मा आएर यो सङ्ग्रह ११ वर्षपछि मात्र देखिएको छ। उहाँ अत्यन्त सुमधुर कण्ठले गाउनुहुन्छ । सभा समारोहमा बेलाबखत मैले पनि सुन्ने मौका पाएको छु। गजलमा बढी खुलेको पाउँछु । रेडियो नेपालमा कार्यरत शम्भुकुमार मिलन नेपाल सांस्कृतिक संघसँग पनि आबद्ध हुनुहुन्छ । उहाँका सानैदेखिका मित्र वरिष्ठ गजलकार ज्ञानुवाकर पौडेलले लेखेको भूमिकाबाट प्रष्ट देखिन्छ कि उहाँले जीवनका उकाली र ओराली धेरै खपिसक्नु भएको छ। जीवनको संघर्षमा खरो उत्रन सक्ने मिलनलाई केही कुराहरूले ठगे पनि कहिल्यै निराशाका भावनाबाट मुक्त हुन चाहेका अभिव्यक्ति आउँछन् ।

बिर्सि देऊ पीर मर्का रमाएर हाँस
नलेऊ चिन्ता रतिभर सबै हरी दिउँला । पृ १७

गजलभन्ने बित्तिकै पाठकको मनमा लयात्मकता र प्रेम, प्रणयात्मकता हुन्छ भन्ने धारणा बस्नेगरेको छ । यो यथार्थतामा साँचो पनि हो । मिलनका गजलहरू त्यसैमा अत्यधिक मात्रामा रहेका देखिन्छन् । माया र पिरतिका कुराहरू बढी आउने भए पनि गजलले आजकल सामाजिक यथार्थता, विद्रोहात्मक व्यङ्ग्य पनि बोल्ने गरेको छ ।

तिमी मेरो सामुबाट प्रारम्भ भई तिमीले मसँग शीर्षकमा पुगेर अन्त्य भएको छ। यहाँसम्म आइपुग्दा ५६ वटा शीर्षक दिइएर रचना गरिएको छ। प्रत्येक गजलहरू हृदय छुने खालका छन् ।

मनु ब्राजाकीको भनाइ छ : यो विश्व नै प्रेममय छ र सृष्टिको निरन्तरताका लागि स्त्री पुरुषको प्रणयकांक्षामा आधारित छ ।

मिलनको भनाइ यस्तो छ : साथी संगीहरूसँगको भलाकुसारी, अग्रज स्रष्टाहरूसँगको विचार मन्थन, नयाँ पुस्ताका भाइबहिनीहरूको श्रद्धा सुमनका साथमा मलाई नेपाली गजल विधाले आकर्षित गऱ्यो ।

यी भनाइहरूले नै गजल के हो र मिलन गजलतिर आकर्षण भएको यथार्थता प्रष्टिन्छ। नेपाली भाषा साहित्यमा मोतिराम भट्टले यसतर्फ लेखकहरूलाई अभिप्रेरित गरेको कुरा साहित्यिक इतिहासबाट थाहा हुन्छ भने मन्दगतिमा हिंडेको यो विधा वर्तमान समयसम्म आइपुग्दा यसले धेरै फड्को मारेको छ। जीवनका आरोहावरोहमा देखिएका छन्, यो नेपाली भाषा साहित्यको लागि सुखद् क्षण हो । गजल अहिले आएर केवल माया पिरतिका कुराबाट अगाडि बढेको मात्र होइन, यसको प्रवृत्तिलाई हेर्दा सामाजिक, आर्थिक र राजनैतिक अवस्थालाई व्यंग्य विद्रोहीको रूपमा पनि आएको देखिन्छ। गजलकार शम्भु मिलनका केही गजल हेरौं :

तिमी मेरो सामु न आएर के भो
ठीकै छ तिमीले नचाहेर के भो । पृष्ठ १५

पारेर राष्ट्र खोक्रो आफै मोटाउन खोज्ने
थुप्रै छन् भ्रष्टाचारी दौडिरहेछु मैले । पृष्ठ ५५

यसरी शृङ्गारिकता भरिएका धेरैजसो गजलहरू छन् भने कुनैकुनै गजलले समाजका विकृतिहरूलाई देखाएका छन् । छोटा, च्वाट्ट मुटु छुने खालका गजलहरू कतै विद्रोहात्मकता पनि भेटिन्छ। यस्तै लालित्यपूर्ण मिलनको कण्ठले गाउँदा सुनमा सुगन्ध थपेको अनुभव हुन्छ । वियोगका भावनाहरू धेरै गजलले व्यक्त गर्छन्। कतै निराशा, कतै आशा, कतै विद्रोह, कतै माया पिरतिका कुरा गर्दागर्दै सान्त्वना दिने खालका गजल पनि अभिव्यक्त भएका छन् ।

गजलकारको तिम्रो सहरमा शीर्षकले भावनात्मक संवेदनशीलता प्रकट छ । आगामी दिनहरूमा निरन्तरता दिई नेपाली भाषा साहित्यको उत्थानमा धेरै सहयोग हुनेछ भन्ने आशा गर्दछु । आफ्नै शब्दमा यी पंक्तिहरू -

सृष्टि मिलनको दृष्टि अति सुन्दर लाग्दछ
तरङ्ग मनमा उठ्छन् विकृति सब भाग्दछ ।

मनका भाव झाङ्गियून् बढोस् साहित्यको तरु
बिन्दु, बिन्दु मिली सिन्धु बन्नेछन् सिर्जनाहरू ।

- सिफल, काठमाडौं

लघुकथा

स्यालको सिकार

◈कपिल लामिछाने

बाघ विभिन्न जनावरको सिकार गर्थ्यो र पेट भर्थ्यो । स्याल बाघकै सेरोफेरोमा बस्थ्यो र बाघले कहिले सिकार मार्छ भनेर पर्खिरहन्थ्यो । बाघले सिकार पल्टाएपछि छेउमा उभिएर न्याल झार्दै हेरि रहन्थ्यो । जब बाघले अघाएर सिकार छाड्थ्यो अनि बल्ल स्याल रहलपहल खाएर पेट भर्थ्यो । रहलपहल भए पनि स्यालका लागि मनग्गे हुन्थ्यो ।

धेरै समयसम्म यो क्रम चलिरह्यो । स्याल मोटाएर घोर्ले भयो ।

उसले सोच्यो - म आफैं सिकार किन नगर्ने ? बाघको पुरा खाएर कहिलेसम्म गुजारा गर्ने ? म के कम छु ? उसले जीउ फुलाएर हेऱ्यो र मख्ख पऱ्यो ।

उसले आफ्ना शुभचिन्तकहरूसित यो कुरा राख्यो ! सबैले भने - हो हो ! नाथे बाघको मुख ताकेर कति बस्ने ? आफैं सिकार ढाल्नुपर्छ ! रगत आफै पिउनुपर्छ ।

एकदिन स्याल सिकार गर्ने पोजिसन र मुडमा निक्ल्यो । उसका शुभचिन्तकहरू स्यालले सिकार मार्ला र रहलपहल खाऊँला भनी परपरबाट हेर्दै थिए ।

पर घाँसे मैदानमा विभिन्न जनावरहरू चर्दै गरेको उसले देख्यो । बाघलेझैं एउटा जेब्रालाई दफन्दै नजिकै पुग्यो, बाघलेझैं जीउ फुलायो र बाघलेझैं पछाडिबाट जेब्रामाथि झम्ट्यो । जेब्रा ढलेन, तर जेब्राको लात्ताको प्रहारले स्याल पर पुगेर पछारियो ।

धेरै बेरसम्म ऊ बेहोस भयो । होसमा आउँदा उसका शुभचिन्तकहरू त्यहाँ कोही थिएनन् ।

***

कविता

बाह्र वर्षमा धरहरा धेरैपल्ट हाँस्यो

◈वाछिटा

तानाशाही व्यवस्था ढलेको भोलिपल्ट
खुलामञ्चमा तमाम जनसमुदाय भेला भै
नेताहरूले भाषण गर्दा र जनताले ताली ठोक्ता
सुन्धाराको धरहरा कम्मर मर्काई मर्काई नाच्यो
तर त्यसपछिका बाह्र वर्षमा उ धेरैपल्ट हाँस्यो ।

नयाँ संविधान र त्यसपछिको चुनावद्वारा
बहुदलीय संसदीय प्रजातन्त्र बहाली भै
जनताले जन अधिकार पाए रे भन्ने सुन्दा
सुन्धाराको धरहरा कम्मर मर्काई मर्काई नाच्यो
तर त्यसपछिका वर्षहरूमा उ धेरैपल्ट हाँस्यो ।

एकथरीले विपीको सपना साकार पार्ने र
अर्कोथरीले देश र जनताप्रति प्रतिबद्ध भै
गाँस, बास र कपासको ग्यारेण्टी गर्ने कुरा सुन्दा
सुन्धाराको धरहरा कम्मर मर्काई मर्काई नाच्यो
तर त्यसपछिका वर्षहरूमा उ धेरैपल्ट हाँस्यो ।

इतिहास बोकेका र सिद्धान्त धोकेका राजनैतिक पार्टीहरू
गरिमामय सदनमा पक्ष तथा प्रतिपक्ष भै
सरकार सञ्चालनमा सहभागी बनेको देख्दा
सुन्धाराको धरहरा कम्मर मर्काई मर्काई नाच्यो
तर त्यसपछिका वर्षहरूमा उ धेरैपल्ट हाँस्यो ।

***

एउटा मानिस मर्न सक्छ, राष्ट्रहरूको उत्थान पनि हुनसक्छ तर एउटा विचार सधैं जीवित रहन्छ ।

- जोन अफ केनेडी

बालकको कलिलो मस्तिष्कमा अन्धविश्वास थोपर्नु सबभन्दा ठूलो गर्भपात हो ।

- जर्ज बर्नार्ड शा

यात्रा संस्मरण

भारतीको आलु र निर्मलाको माछा-२

◈रामप्रसाद पन्त

अज बिहानै हामीहरू सबै उठिसकेका छौं। केटाकेटीहरू पनि हात्ती चढ्ने भनेर फुरुङ्ग भएर होटेलदेखि बाहिर पुष्पवाटिकामा निस्केर वर पर गर्दैछन् । हामी सबै सौराहाको त्यस होटेल कम्पाउण्ड भित्र कलात्मक ढंगले सजाइएको उद्यानमा निर्मित छातामुनी कुर्सीमा बसेर वयस्क भइनसकेका प्रभातकालीन बालसूर्यकिरणमा तापबृद्धिको कामनासहित कफी पिउने तरखर गर्दैछौं। परिवारका सदस्यहरूले पालैपालो फोटो खिज्दैछन्। कुमार भाइ होटेल परिचरको मद्दतबाट भइरहेको मोटर सरसफाइतर्फ पनि ध्यान केन्द्रित गर्दैछन् ।

हिजो बेलुका शयनपूर्वका निर्णयले पूर्वनिर्धारित कार्यक्रममा फेरबदल आएको थियो। काठमाडौंबाट हिंड्दाको हाम्रो निर्धारित लक्ष्य थियो- सौराहा, त्रिवेणी र देवघाट । तर अब हामी त्यो निर्णय बदल्न बाध्य भएका छौं - यसर्थ कि आज आठ बजेदेखि दुईघण्टासम्म हात्ती चढी निकुञ्ज घुमेर त्रिवेणी पुग्न र त्रिवेणी घुमेर आजै देवघाट फर्कन हामीलाई संभव हुने छैन । आज नारायणघाट फर्कन नसके भोलि देवघाट घुमेर काठमाडौं फर्कन सक्नेछैनौं ।

भोलि काठमाडौं पुग्न यस अर्थमा जरुरी छ कि पर्सि सानादेखि ठूलासम्म सबैले निर्धारित दैनिक प्रकृयामा सामेल हुनुपर्नेछ । यसकारण अब हामी निकुञ्ज घुमी फर्केपछि नारायणघाट जानेछौं र कुनै एक होटेलमा खाना खाइवरी बेलुका बस्ने समेत बन्दोबस्त गरी देवघाट घुम्ने छौं । अनि भोलि बिहानै गोरखा पुगेर गोरखा दरवार घुमीवरी बेलुका काठमाडौं फर्कनेछौं । यो हाम्रो सूत्रबद्ध यात्रा तयार भएको थियो ।

होटेलका वेटर कृष्ण नगर्चीले हामीलाई सङ्केत गरे । हात्ती भएतिर जानको लागि । हामी त्यहाँ पुग्दा हात्तीहरू हाम्रो प्रतीक्षामा उभिएका थिए । काठे भऱ्याङ उक्लदै गएर हामी पालैपालो हात्तीको ढाडमाथि चढ्यौं । एउटामा चारजना र अर्कोमा सानो बच्चासहित पाँचजना । माउतेले हातमा समाइराखेको चाबुक उज्यायो र हिंड्ने सङ्केत गऱ्यो, यसैगरी अर्कोले पनि । कुमार भाइले आफु चढेको हात्तीको नाम सोधे । माउतेले उत्तर दियो- रामकली । त्यसैगरी मैले सोधें । जवाफ आयो- बिजुली । यसरी हामी अगाडी बढ्यौं । हाम्रो अघि पछि केही विदेशी र केही स्वदेशी चढेका हात्तीहरू पनि थिए। निकुञ्जको प्रवेशद्वारसम्म पुग्दा हाम्रो अघि पछि नौवटा हात्तीहरू लाम लागेका देखिन्थे। प्रवेशद्वारामा निकुञ्ज शुल्क प्रतिव्यक्ति बीस रुपियाँ लाग्दो रहेछ, तर विदेशीहरूको लागि पाँच सय ।

धेरै फरक भएन र ? मैले सोधें ।

यस्तै छ यहाँको नियम- उत्तर आयो ।

निकुञ्ज बाहिरको तारबारमा खाल्डाहरू खनिएका थिए । मैले सोधें- किन यसो गरिएको हो ?

उत्तर आयो- गैंडा बाहिर आउँछ भनेर ।

अब हामी जङ्गल भित्र पस्यौं । घना जङ्गल देखेर केटाकेटीहरू रमाए/हल्ला गरे । माउतेले सचेत गरायो- अब हल्ला नगर्नुस्, ठूलो स्वरमा बोल्दा पनि नबोल्नुस् ।

किन ? मैले प्रश्न गरें ।

शब्द सुनेर जनावरहरू परैबाट भाग्छन्, देख्न पाइँदैन ।

अलि अगाडि बढिसकेपछि हात्तीहरूले बेग्लाबेग्लै बाटो लिए- कोही दायाँ, कोही बायाँ, कोही सीधै ।

किन यसो गरेको ?

उत्तर आयो - जनावरहरूलाई घेरा हाल्न ।

यसरी हामी आँखा तीखो बनाएर सतर्कताका साथ अगाडी बढ्दैथियौं, एउटा माउतेले सिठी बजायो। अरु हात्तीहरू पनि त्यतैतिर लागे । त्यहाँ बच्चासहितको गैंडा देखिएछ । हात्तीहरूले चारैतिर बाट घेरा हाले, गैंडा भाग्न पाएन । बच्चाहरू दङ्ग परे - 'राइनो ! राइनो !!' हामीले फोटो खिच्यौं, हेर्यौं र अगाडी बढ्यौं ।

सबैजसो एकैप्रकारका रुखहरू ! यिनको नाम के हो ? मैले सोधें ।

भेल्दर र पड्केका रुखहरू- माउतेले भन्यो ।

रुखको यस्तो नाम मैले यस अघि सुनेको थिइनँ । ठेट नेपालीमा के भनिन्छ कुन्नि! तिनीहरू त्यसै भन्दारहेछन् । अग्ला अग्ला सीमलका रुखहरू पनि देखिन्थे र एकदमै होचा पोथ्रे रुखहरू पनि त्यहाँ थिए । जसलाई हल्याङ्ग मल्याङ्ग पार्दै हात्तीहरू अगाडी बढ्दै थिए ।

त्यस घना जङ्गलमा गैंडाहरू अरु पनि देखिए, त्यसैगरी घेरा हालिए र हेरिए । तर घेरा हाल्न सकिने अन्य जनावरहरू भेटिएनन् । कतै मृगहरू देखिए, कतै मयुर र ढेंडूहरू पनि भेटिए । कतै हात्तीको सन्याङ्गसुरुङ्ग शब्द सुन्ने बित्तिकै कुलेलम ठोक्ने स-साना वनविराला जस्ता वनचरहरू पनि आँखाको निमेष नजरमा देखिए । तर कतै टाढा काग कराएको बाहेक त्यति ठूलो घना जङ्गलमा अरु नभचरहरू देखिएनन्/आवाजहरू सुनिएनन् ।

मैले सुनेको थिएँ- साइबेरियन हाँस, टिकिया, लालचर, सारस र बट्टाईजस्ता पंछीहरू दुर्लभ भइसके। तर साधारण वनजङ्गलमा पनि पाइने जुरेली, भँगेरा, चिवे, फिस्टे, ढुकुर, चखेवा, कोकले, काग, कोइली, न्याउरी, लामपुछ्रेहरू पनि हराउन थालेको सङ्केत त होइन यो ? कहाँ छ त्यो बीसहजार ताल क्षेत्र ? अथवा कतातिर छ त्यो दलदले फाँट ? चिसमिरो जमीन वा धापिलो जग्गा ? त्यति रमाइरहेका त छैनन् ती नभचर वा थलचरहरू ?

धेरै अगाडी बढिसकेपछि नदी आइपुग्यो- बुढी राप्ती । त्यसको पल्लो किनारमा एउटा मृगको बथान देखियो र अलि परपट्टी बगरमा बाँदरको हुल । अनि देखिए एक-दुईवटा सेता बगुल्ला । त्यस निकुञ्जको बीचभाग भएर बग्ने त्यो नदी र किनारमा निर्भय विचरण गरिरहेका पशुपंछी देखेर मलाई अपार आनन्द लाग्यो ।

नदी पारीको त्यस वनभित्र छिरेपछि पन्ध्र बीस मिनेट भित्रै अर्को नदी देखियो ।

यो कुन चाहीं नदी हो नि ?

उही नदी, जुन हामीले अगाडी तरेका थियौं ।

त्यो नदी घुमेर यता आएको हो ?

पूरै घुमेको होइन, नदी अलिकति घुमेको हो, त्यसभन्दा बढी हामी घुम्यौं ।

के अब हामी फर्कदैं छौं ?

हो, हामी फर्कदैं छौं ।

जङ्गल भित्रभित्रै हिंडिरहँदा मलाई/हामीलाई दिशाको पनि थाहा भएन, सूर्यको अनुहार पनि देखिएन । अर्कै बाटो भएर हामी केहीछिनमा पहिले प्रवेश गरेको द्वारमा आइपुगेछौं । त्यसपछिको करीब पन्ध्र मिनेटमा हामी मानव संसाध्य कृषिभूमि र थारुबस्तीहुँदै पहिले हात्ती चढेकै ठाउँमा आएर ओल्यौं । हात्ती चढेको ठीक दुई घण्टामा हामी हात्तीबाट आर्लेछौं- दश बजे ।

त्यसपछि पनि बच्चाहरू हात्तीलाई छोड्न मानेनन् । केरा र सुन्तलाहरू खान दिए, हात्तीले तीलको दाना निलेझैं निल्दै गयो । पैसा दिए, सुडले माथि लगेर माउतेको हातमा राखिदियो । बच्चाहरू डराउन छाडेर सुँडलाई दुईहातले मुसार्न थाले । त्यो देखेर उनीहरू रमाएजस्तै हामी पनि रमायौं ।

त्यसैबेला आफ्नो स्मरण शक्तिलाई धिक्कारिन मेरी श्रीमतीले - धत्तेरिका ! कस्तो भुलेको भारती (बहिनी) हामीले ..... हिजोको उसिना आलु ल्याउनु पर्थ्यो नि ? कति मीठो गरी खान्थ्यो होला हात्तीले कपाकप !

हाटेल गएर आलु ल्याएर हात्तीलाई खानदिने समय पनि हामीसँग थिएन र हामीलाई कुरेर बस्ने

फुर्सद पनि सायद माउतेलाई थिएन । अब ढीलो नगरी हामी होटेल गयौं र तयारी अवस्थामा राखिएका व्याग सुटकेसहरूलाई मोटरमा राखेर रिभरसाइडतिर लाग्यौं- जहाँ पुगेर हिजो बेलुका गाडीबाट नओर्लिकन फर्केका थियौं ।

सनसेट भ्यू रेष्टुरेन्ट एण्ड बारद्वारा माटो थुपारेर ढिस्को बनाई अस्थायी रुपमा निर्माण गरिएको नदी किनारैको छाते कफिस्टल मुनि बस्यौं र कफीको अर्डर गऱ्यौं । कफी आउँदा र खाँदासम्म हामीले फोटोहरू खिच्यौं । वच्चाहरू घुँडा घुँडा पानी आउने गहिराइसम्म पुगेर छपलाङ्ग छुपलुङ्ग पानी खेलाए । लक्ष्मी (मेरी श्रीमती) झसङ्ग भइन् र कराइ हालिन्- ए ! बाहिर निस्क, बाहिर । यहाँ त गोही आउँछ गोही । उनी अचानक बीस-बाइस वर्ष अघिको सौराहा र राप्ती किनारलाई सम्झन पुगिछन्- उसबेला यहाँ कति ठूला गोहीहरू देखिन्थे । कछुवा त कति हो कति ! उनी खिन्न हुँदै भनिन्- खोई त अहिले ! एउटै देखिन्न ।

मैले भनें- श्रीमतीजी ! कुन दुनियाँमा छौ तिमी ? त्यो जुगको कुरा किन गछ्यौं, यस जुगको कुरा गर न । विश्वबाटै दुर्लभ जलचरहरू लोप भइरहेको हालको अवस्थामा के यस नदीमा मात्र ती गोही कछुवा र डल्फिन पाउने कल्पना गर्न सकिन्छ ? जलचरविज्ञहरूले प्रमाणित गरिसके- यहाँको पानी दुर्गन्धित भइसक्यो, घडियाल र मगर गोहीहरूलाई चाहिने अक्सिजन र आहार यस गुणस्तरविहीन पानीबाट पाउन सम्भव छैन । यहाँ प्रत्येक वर्षजसो गोहीहरू छाडिन्छन् तर अर्को वर्ष पाइँदैनन् । यसरी लोप हुँदै जानुको पछाडी एउटा अडकल के पनि काटिएको छ भने भारतले त्रिवेणी र गण्डक लगायतका ठाउँहरूमा बाँध बाँधिकोले गोहीहरू उता छिरेर जानसक्छन् तर फर्कन सक्दैनन् ।

हामीले नदी पारीको जङ्गलतर्फ पनि दृष्टि दौडाउँदै थियौं- नेपालले गर्व गर्ने ठाउँ यही हो - "हरियो वन नेपालको धन" । अब यस्तै केही निश्चित ठाउँमा वा सरकार संरक्षित निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूमा मात्र सीमित भएको छ । "शाही चितवन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष"ले सुपरिचित यो निकुञ्ज नेपालको पहिलो र महत्वपूर्ण निकुञ्ज हो । अहिले हामी हात्तीमा जे जति घुम्यौं त्यो त एउटा छेउ मात्र हो । साँच्चै पैदल भ्रमण गर्ने हो भने ऊ... त्यतातिर भ्रमण गर्नुपर्छ । तर हिंसक वन्यजन्तुहरूबाट बँच्नको लागि सशस्त्र भएर समूहबद्ध रुपमा ।

मलाई अत्यन्तै रमाइलो लागिरहेको थियो त्यो ठाउँ । अझ बसुँ बसुँ लागिरहेको थियो । सोच्दै थिएँ- वर्षेनी काठमाडौंबाट लेखक/साहित्यकारहरूको टोली आउँछ र साहित्यिक संगोष्ठीहरू गरेर फर्कन्छ । अनि समाचारहरू छापिन्छ, कसैका यात्रानुभवहरू पनि आउने गर्छन् । तिनीहरू कहाँ घुम्छन् र के नयाँ अनुभूतिहरू आर्जन गरेर फर्कन्छन्! मलाई अनुभव छैन । साहित्यकार भनी दर्जा पाएको म एकजना थिएँ त्यो समूहमा, बाँकी साहित्यप्रेमी । मेरो खुशी त्यहाँ चल्न पाउँदैनथ्यो । त्यसैले उठ्नु पर्थ्यो र उठें । वेटरले एउटा थालीमा कफीको बील लिएर उभिएको थियो । हेरें- कफी प्रतिकप रु २५/- रुपियाँ । होटेलहरूमा भन्दा दश रुपियाँ बढी । अब हामी सौराहा छाड्ने अन्तिम तयारीमा गाडीमा बस्यौं र छाड्यौं सौराहालाई ।

***

नववर्ष २०६० को सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासीमा
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल तयारी पोशाक उद्योग संघ

नयाँ बानेश्वर, शङ्खमूल मार्ग

कविता

युद्धघोष

◈रुद्र ज्ञवाली

कामको बदला माम जब पाउन्न मानिस
मान्छे भएर मान्छेको दर्जा पाउन्न मानिस
खोज्दै अस्तित्व मान्छेको जब ब्युँझन्छ चेतना
त्यो बेला नभए युद्ध अरू के हुन्छ देशमा ?

माफियातन्त्रको राज्य आतङ्क जब चल्दछ
नसक्ने पर्छ फन्दामा सक्ने कानून छल्दछ
लिलामी हुन्छ इन्साफ जब बोल कबोलमा
त्यो बेला नभए युद्ध अरू के हुन्छ देशमा ?

शान्तिको पहरेदार अशान्ति जब रोप्दछ
हार्छ कानून त्यो बेला मान्छे बन्दूक बोक्दछ
जीत बन्दूकको न्याय हारेको परिवेशमा
त्यो बेला नभए युद्ध अरू के हुन्छ देशमा ?

सिन्कीका दरमा बेच्दै राष्ट्रिय सम्पदाहरू
खोसेर सुविधा जम्मै निम्त्याई विपदाहरू
बाघको खालमा स्याल रजाइँ जब थाल्दछ
त्यो बेला नभए युद्ध अरू के हुन्छ देशमा ?

मान्छेको मनको आस्था विश्वास जब ढल्दछ
मान्छे बोल्दैन मान्छेको भित्री विद्रोह बोल्दछ
धब्बा लाग्दछ मान्छेको पौरखी स्वाभिमानमा
त्यो बेला नभए युद्ध अरू के हुन्छ देशमा ?

ध्वाँसो छिर्दछ पाठो भै बाखाको खोरमा जब
सिर्जना मर्छ हिंसाको चल्छ ताण्डव बर्बर
सत्ता गाँज्छ बुरुयाँचाले जब महन्त भेषमा
त्यो बेला नभए युद्ध अरू के हुन्छ देशमा ?

प्रजातन्त्र भजाएर सत्ता सकटको क्षण
राष्ट्र-राष्ट्रियतामाथि गर्दै प्रहार निर्मम
तगारो जब हालिन्छ उन्मुक्त अधिकारमा
त्यो बेला नभए युद्ध अरू के हुन्छ देशमा ?

-सि.न.पा -८, भैरहवा

जन्मेको ३५ दिनभित्र सम्बन्धित जि.वि.स/नगरपालिकामा गई आफ्ना बालबालिकाको जन्म दर्ता गरी बालबालिकाको पहिचान र बालअधिकार को संरक्षण गरौं ।
विवाह, बसाई सराई, सम्बन्ध विच्छेद र मृत्यु जस्ता घटेका घटनाहरु दर्ता गरौं ।

स्थानीय विकास मन्त्रालय
जनसंख्या तथा पञ्जीकरण
व्यवस्थापन शाखा,
श्रीमहल पुल्चोक ।

२०६०
विजयादशमी तथा शुभ-दिपावलीको
सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासीमा
हार्दिक मङ्गलमय शुभकामना
अर्पण गर्दछौं ।

मेरिनोल नेपाल 'आशादीप'
(मानसिक विरामीहरुको पुनःस्थापना केन्द्र)
नयाँपाटी काठमाडौं)

समीक्षा

'ज्योत्स्ना' खण्डकाव्य : एक सिंहावलोकन

◈डा. दामोदर ढकाल

ज्योत्स्ना खण्डकाव्य, श्री हरिराज शर्माद्वारा लिखित तथा मिति २०५८/२/२३ मा प्रकाशित कविको दोस्रो कृति हो । मूल्य : ५०/- भएको यो कृति बुटवल अफसेट प्रकाशन प्रा.लि.मा मुद्रण भएको छ ।

हत्या गरिएका राजपरिवारको चित्र पहिलो पृष्ठमा राखिएको छ र श्रद्धाञ्जली अर्पण गर्दै लेखिएको छ - यो नेपाल उदास भो नृपति हे ससारमा शोक भो के भो दुर्दिन देख्नु पर्दछ यहाँ साह्रै ठूलो कष्ट भो सिंगो राष्ट्र भयो अनाथ दुहुरो वात्सल्यता नै हऱ्यो कस्तो स्नेह भयो सदा नृपतिको आत्मा सबैको मऱ्यो ।

त्यस्तै अरु समयमै कालको गास बनेका मदन भाइलाई समर्पण गरिएको प्रस्तुत खण्डकाव्यको भूमिका सिद्धार्थ साहित्य परिषद्का अध्यक्ष तथा सह प्रा. बालकृष्ण भट्टराईज्यूबाट लेखिएको छ, जुन भूमिकामा यस खण्डकाव्यको सारवस्तु खिचिएको छ । यस खण्डकाव्यका महत्वपूर्ण पंक्तिहरू पनि खिचिएको छ ।

तीन खण्डमा विस्तारित प्रस्तुत कृतिमा जम्मा ५०७ श्लोक संख्या छन् । पहिलो खण्डमा १५७, दोस्रो मा १८३ र तेस्रोमा १६८ छन् । ७३ पृष्ठमा सम्पूर्ण श्लोकहरू छापिएका छन् । भूमिका सात पृष्ठमा विस्तारित छ भने कविको भनाई एक पृष्ठमा गरी जम्मा धप जिल्द बाहेक सात पन्ना अलग गरी यो कृति जनसमक्ष प्रस्तुत छ । तीनै खण्ड अनुष्टुप छन्दमा लेखिएको छन् ।

यस कृतिमा लुम्बिनी अंचलका विभिन्न ठाउँमा पात्रहरूको केही अंशमा बनारसको पृष्ठभूमि भए पनि - तौलिहवा, पाल्पा अर्गली, रिडी, रेसुङ्गा, तम्घास आदि ठाउँको परिवेशमा यो काव्य निर्माण गरिएको छ । यो आञ्चलिक तथा वर्णनात्मक खण्डकाव्य हो ।

यस काव्यका नायक कपिलवस्तु निवासी युवक छन् भने नायिका गुल्मी तम्घास निवासी प्रेम भण्डारीकी पुत्री ज्योत्स्ना छन् । चन्द्रले काशीमा बसेर पढछन् । ज्योत्स्नाले पाल्पामा । सहायक पात्रहरूमा दुवैका पिनामाता र काशीका गुरुहरू रहेका छन् । यो खण्डकाव्य चन्द्र र ज्योत्स्नाकै सम्वादमा केन्द्रित छ ।

काशीमा पढ्न बसेका चन्द्र छुट्टीमा घर आएका हुन्छन् र उनी माथल रेसुङ्गा जान भनी हिंडछन् । रिडी पुगेर बास बस्ने ठाउँमा ज्योत्स्नासँग उनको भेट हुन्छ र परिचयका साथै देशका समसामयिक विषयमा चर्चा हुन्छ । ज्योत्स्नाको रुपबाट चन्द्र मोहित हुन्छन् भने चन्द्रका विचारबाट ज्योत्स्ना प्रभावित हुन्छिन् । दुवैमा प्रणयको सूत्रपात हुन्छ । गण्डकी र ऋषिकेश भगवान्लाई साक्षी राखेर दुवै प्रेममा आवद्ध हुन्छन् र सँगै बनारस पढ्न जाने बाचा गरी बिदा हुन्छन् । पहिला बनारस पठाउन तयार नभए पनि छोरीको आग्रह टार्न नसकेर छोरीलाई बनारस पठाउन तयार हुन्छन् ।

दोस्रो खण्डमा दुवैले बनारस बी.एच.यू. मा अध्ययन गर्छन् । अकस्मात् ज्योत्स्नालाई घर आउन पर्छ । बाबुआमाले विवाहको प्रस्ताव गर्दा माघमा गरौंला भनी बनारस फर्किन्छिन् । आमा बिरामी परेकाले चन्द्र घर आउँछन् पुनः बनारस जान्छन् । ज्योत्स्ना पनि घर जान्छिन् धेरै दिन ज्योत्स्ना घर नफर्केदा चन्द्र ज्योत्स्ना भेट्न तम्घास पुग्दा ज्योत्स्नाको विवाह हुँदैगरेको देख्छन् र ज्योत्स्ना घर जाँदा बत्ती निभ्छ अलच्छिनी भनी घरबाट निकालिन्छिन् र खोलामा आत्महत्या गरी मर्छिन् ।

तेस्रो खण्डकाव्यमा चन्द्र प्रेमविह्वल भएर घुम्दाघुम्दै पागल बन्छन् र मृत्यु हुन्छ । यसरी

समीक्षा

'ज्योत्स्ना' खण्डकाव्य : एक सिंहावलोकन

डा. दामोदर ढकाल

ज्योत्स्ना खण्डकाव्य, श्री हरिराज शर्माद्वारा लिखित तथा मिति २०५८/२/२३ मा प्रकाशित कविको दोस्रो कृति हो । मूल्य : ५०/- भएको यो कृति बुटवल अफसेट प्रकाशन प्रा.लि.मा मुद्रण भएको छ ।

हत्या गरिएका राजपरिवारको चित्र पहिलो पृष्ठमा राखिएको छ र श्रद्धाञ्जली अर्पण गर्दै लेखिएको छ - यो नेपाल उदास भो नृपति हे संसारमा शोक भो के भो दुर्दिन देख्नु पर्दछ यहाँ साऱ्है ठूलो कष्ट भो सिंगो राष्ट्र भयो अनाथ दुहुरो वात्सल्यता नै हऱ्यो कस्तो स्नेह भयो सदा नृपतिको आत्मा सबैको मऱ्यो ।

त्यस्तै अरु समयमै कालको गास बनेका मदन भाइलाई समर्पण गरिएको प्रस्तुत खण्डकाव्यको भूमिका सिद्धार्थ साहित्य परिषद्का अध्यक्ष तथा सह प्रा. बालकृष्ण भट्टराईज्यूबाट लेखिएको छ, जुन भूमिकामा यस खण्डकाव्यको सारवस्तु खिचिएको छ । यस खण्डकाव्यका महत्वपूर्ण पंक्तिहरू पनि खिचिएको छ ।

तीन खण्डमा विस्तारित प्रस्तुत कृतिमा जम्मा ५०७ श्लोक संख्या छन् । पहिलो खण्डमा १५७, दोस्रो मा १८३ र तेस्रोमा १६८ छन् । ७३ पृष्ठमा सम्पूर्ण श्लोकहरू छापिएका छन् । भूमिका सात पृष्ठमा विस्तारित छ भने कविको भनाई एक पृष्ठमा गरी जम्मा धप जिल्द बाहेक सात पन्ना अलग गरी यो कृति जनसमक्ष प्रस्तुत छ । तीनै खण्ड अनुष्टुप छन्दमा लेखिएको छन् ।

यस कृतिमा लुम्बिनी अंचलका विभिन्न ठाउँमा पात्रहरूको केही अंशमा बनारसको पृष्ठभूमि भए पनि - तौलिहवा, पाल्पा अर्गली, रिडी, रेसुङ्गा, तम्घास आदि ठाउँको परिवेशमा यो काव्य निर्माण गरिएको छ । यो आञ्चलिक तथा वर्णनात्मक खण्डकाव्य हो ।

यस काव्यका नायक कपिलवस्तु निवासी युवक छन् भने नायिका गुल्मी तम्घास निवासी प्रेम भण्डारीकी पुत्री ज्योत्स्ना छन् । चन्द्रले काशीमा बसेर पढछन् । ज्योत्स्नाले पाल्पामा । सहायक पात्रहरूमा दुवैका पितामाता र काशीका गुरुहरू रहेका छन् । यो खण्डकाव्य चन्द्र र ज्योत्स्नाकै सम्वादमा केन्द्रित छ ।

काशीमा पढ्न बसेका चन्द्र छुट्टीमा घर आएका हुन्छन् र उनी मावल रेसुङ्गा जान भनी हिंडछन् । रिडी पुगेर बास बस्ने ठाउँमा ज्योत्स्नासँग उनको भेट हुन्छ र परिचयका साथै देशका समसामयिक विषयमा चर्चा हुन्छ । ज्योत्स्नाको रुपबाट चन्द्र मोहित हुन्छन् भने चन्द्रका विचारबाट ज्योत्स्ना प्रभावित हुन्छिन् । दुवैमा प्रणयको सूत्रपात हुन्छ । गण्डकी र ऋषिकेश भगवान्लाई साक्षी राखेर दुवै प्रेममा आवद्ध हुन्छन् र सँगै बनारस पढ्न जाने बाचा गरी बिदा हुन्छन् । पहिला बनारस पठाउन तयार नभए पनि छोरीको आग्रह टार्न नसकेर छोरीलाई बनारस पठाउन तयार हुन्छन् ।

दोस्रो खण्डमा दुवैले बनारस बी.एच.यू. मा अध्ययन गर्छन् । अकस्मात् ज्योत्स्नालाई घर आउन पर्छ । बाबुआमाले विवाहको प्रस्ताव गर्दा माघमा गरौंला भनी बनारस फर्किन्छिन् । आमा बिरामी परेकाले चन्द्र घर आउँछन् पुनः बनारस जान्छन् । ज्योत्स्ना पनि घर जान्छिन् धेरै दिन ज्योत्स्ना घर नफर्कंदा चन्द्र ज्योत्स्ना भेट्न तम्घास पुग्दा ज्योत्स्नाको विवाह हुँदैगरेको देख्छन् र ज्योत्स्ना घर जाँदा वत्ती निभ्छ अलच्छिनी भनी घरबाट निकालिन्छिन् र खोलामा आत्महत्या गरी मर्छिन् ।

तेस्रो खण्डकाव्यमा चन्द्र प्रेमविह्वल भएर घुम्दाघुम्दै पागल बन्छन् र मृत्यु हुन्छ । यसरी

दुखान्त भएर काव्य टुङ्गिन्छ । कविले यस काव्यका माध्यमबाट अमर हुन्छ प्रेम भन्ने कुरा देखाएका छन् । बाँच्नका लागि प्रेम अनिवार्य भएको कुरा देखाइएको छ । प्रेमका अगाडि आफन्तहरू पनि फिका हुन्छन् भन्ने कुराको बोध गराइएको छ त्यस्तै मातृभूमि प्रति पनि लेखेछन् :

[illegible]

स्वार्थ र अन्तरघात, सत्तालिप्साले जन्माएका विकृति उपभोक्तावादी भन्दैवृत्तिबाट हुर्केको पजेरो संस्कृति, भ्रष्टाचार, कुर्सीको लडाइँ समाजमा फैलिएको अस्थिरताप्रति कविको दृष्टिकोण यसरी कवितामा देखिएको छ :

स्वप्ना सहिदको गैगो व्यर्थ भो परिवर्तन ।
विषवृक्ष भयो सारा डढेलो लाग्छ क्वै दिन ॥ (१-११)

सहिदका सपनाप्रति कुठाराघात, नेपालीहरू विदेशमा गएर भाँडा माझ्नुपर्ने बाध्यता छोरीलाई पढाउन हिच्किचाउने पुरानो विचारप्रति कविले विरोध जनाएका छन् ।

अलङ्कार प्रयोग, शृङ्गार रसका साथै कारुणिक चित्रण एवम् करुणरसमा वियोगान्त पारी काव्य टुङ्गयाएर कविले मुनामदन, कुञ्जिनी आदिको बाटो समाएकाछन् ।

उत्प्रेक्षा, रुपक, उपमा, दृष्टान्त आदि उपमाहरूको प्रयोग पनि प्रचुर मात्रामा भएको छ ।

यस काव्यका माध्यमबाट कविले समाज सुधार र समाज परिवर्तनको सन्देश दिन खोजेका छन् । शास्त्रीय छन्दमा लेखिएको प्रस्तुत काव्यले नेपाली साहित्य जगतमा निश्चयनै महत्वपूर्ण स्थान ओगट्नेछ भन्ने आशा गर्दछु ।

गीत

◈इन्द्रकुमार श्रेष्ठ

अलि धेर देऊ चोटको उपहार
कमजोर दिलमा बोक्न नसकूँ
सक्छौ त आँधी बनेर आऊ
फैलाई हात रोक्न नसकूँ

अचानक तिमीमा यो परिवर्तन
भयो कसरी थाहा पाउनु छ
बैगुनी रहिछौ भनेर चिनें
तर मैले अझै गुन लाउनुछ
आँसुको वर्षा रक्ताम्य टिलपिल
भरेर जाऊ पोख्न नसकूँ
सक्छौ त आँधी बनेर आऊ
फैलाई हात रोक्न नसकूँ

सोचेकी छैनौ तिमी नहुँदा
प्रकृति सारा उदास हुन्छ
एकलास पारी मेरो छेउमा बसी
निष्ठुरी मृत्यु नङ्ग्राले छुन्छ
पठाऊ सन्देश मुटु बिझाउने
सम्हाली मैले जोख्न नसकूँ
सक्छौ त आँधी बनेर आऊ
फैलाई हात रोक्न नसकूँ ।

- कमलाकुञ्ज, दियाले-३, ओखलढुङ्गा

नववर्ष २०६० को सुखद् उपलक्ष्यमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

तेजप्रसाद ढाकाल
(सचिव) तथा
धापासी गा.वि.स. परिवार, काठमाडौं

गजल

◈रासा

जिन्दगी हाँसेर बाँच्नुपर्छ, हैन सुविदजी ?
पिरती गाँसेर बाँच्नुपर्छ, हैन सुविदजी ?

आफन्त छोडेर घरतिर, एक्लै बस्नुपर्दा
बिरह मासेर बाँच्नुपर्छ, हैन सुविदजी ?

लेखेर गजल सहरमा, कसले चिन्ला आज,
पत्रिका चासेर बाँच्नुपर्छ, हैन सुविदजी ?

सुखकै लागि हो दुःख गर्ने, सबै मानिसले
हिम्मत टाँसेर बाँच्नु पर्छ, हैन सुविदजी ?

- पशुपति, देवपत्तन

(पत्रकार एवं गजलकार मित्र सुविद गुरागाईलाई सम्बोधन गरिएको)

गजल

◈डा घनश्याम 'परिश्रमी'

लाग्छ अनाहकमा किन बात मलाई
पिउँछौ सुरा तिमी अनि मात मलाई ।

सुख-सागरमा पौडी खेल्दै छन् अरू
भागमा छ दुःखैदुःखको लात मलाई ।

कसैलाई माया-मोह, श्रद्धा र सेवा
गाली-गलौज घात-अन्तर्घात मलाई ।

उज्यालोमा रमाउन पाइनं कहिल्यै
दिन तिमीलाई भयो रात मलाई ।

चढेको छु उँभो कुनै सहारा नलिई
कसले दिन्थ्यो समाउन हात मलाई ।

-भैरहवा

गजल

◈गोपाल पौडेल

बिस्तारै बिस्तारै म भित्र छाउँछन् ती आँखाहरू
मनको आकाशमा बादल झैं आउँछन् ती आँखाहरू !

कहाँ कता पुगेको हुन्छु हुरीको पत्कर झैं सधैं
मन्द बतास भई मलाई माया लाउँछन् ती आँखाहरू !

बिर्सन खोज्छु आफैलाई रोबोटहरूको कोलाहलबीच
त्यही कतै जीवनको गीत गाउँछन् ती आँखाहरू !

रहस्य छ पर्दाभित्र "गोपाल" को पछि धाएर
रक्ताम्य उसको मुटुमा खै के ? पाउँछन् ती आँखाहरू !

बिस्तारै बिस्तारै म भित्र धाउँछन् ती आँखाहरू
मनको आकाशमा बादल झैं आउँछन् ती आँखाहरू !

भरतपुर नगरपालिका-१३, गुलाफबाग

गजल

◈वसन्तराज अज्ञात

त्यो बालापनको सखी सानी सम्झेर पिएं ।
नाङ्गै भुतुङ्गै खेलेको कहानी सम्झेर पिएं ।

दिन बित्यो, महिना बित्यो, बित्यो वर्ष पनि
बित्दै गएको हाम्रो जवानी सम्झेर पिएं ।

लर्बरिएं आज धेरैपछि भेट्दा उनीलाई
जामै सही एक घुट्को पानी सम्झेर पिएं ।

झगडा पनि गर्थ्यौं, गोटी गुच्छा खेल्दाखेल्दै
रिसाई ठुस्स पर्ने उनको बानी सम्झेर पिएं ।

चकचकको सीमा थे'न के के हुन्थ्यो के के
मायामा कोरिएका निशानी सम्झेर पिएं ।

'वसन्त' नै छु या 'अज्ञात' भएं उनको लागि
मधुर मिलनको बिहानी सम्झेर पिएं ।

दोबेला, [illegible]

खोज/लेख

शाक्य सभ्यताको साक्षी: कपिलवस्तु संग्रहालय

◈डा. मितु गिरी

विषय प्रवेश (Introduction)

प्राचीनकालमा पूर्व रोहिणी नदी, पश्चिम राप्ती नदी, उत्तर हिमाल फेदी र दक्षिण पावा-कुशीनगरसम्म विस्तारित शाक्यराज्यका राजा शुद्धोधनका सुपुत्र सिद्धार्थले बुद्धत्व प्राप्त गरेपछि यसको सांस्कृतिक तथा धार्मिक महत्त्व र महिमा टाढासम्म पुग्यो । तत्कालीन समाजमा देखिएका सामाजिक विकृति र विसङ्गतिहरूको अन्त्य गर्ने समाजसुधारकको रुपमा रहेका गौतम बुद्धलाई देवतुल्य मानी उनको जन्मस्थल लुम्बिनी र कपिलवस्तु राज्यका विभिन्न स्थानहरूमा समय-समयमा विभिन्न व्यक्तिहरू आएका थिए । उनीहरूले समर्पण गरेका सामग्री, निर्माण गरिदिएका स्मारक, यहाँका वासिन्दाहरूले आफ्नो आधारभूत आवश्यकताको क्रममा तयार गरेका भाँडाबर्तन, हातहतियार, खेलौना, गरगहना आदि सामग्रीहरू कालान्तरमा भू-गर्भमा छरिएर एवं छोपिएर रहेको अवस्थामा उपलब्ध भएका छन् । यी कलावस्तुमा प्रतिबिम्बित शाक्य सभ्यताको यथार्थ वस्तुस्थिति बुझ्न अभ्यस्त तथा पारखीपूर्ण नेत्रहरू बढी सक्षम हुन्छन् । शाक्य राज्य क्षेत्रमा उत्खनन् गर्दा उपलब्ध सामग्रीहरूको अतिरिक्त आर्कस्मिक रुपमा फेला पारिएका कलावस्तुहरू स्थानीय स्तरमा नै प्रदर्शनी गर्ने उद्देश्यले प्राचीन कपिलवस्तु राज्यको राजधानी तिलौराकोट गाउँमा पुरातत्व विभागको मातहतमा कपिलवस्तु संग्रहालय स्थापना तथा सञ्चालन गरिएको छ । यो संग्रहालय खुल्ला पुस्तकालयको रुपमा अवस्थित छ ।

संग्रहालय (Museum)

सामान्य पर्खालको घेराभित्र अर्वस्थित भुइँतले सिमेण्टेड भवनलाई संग्रहालयको रुपमा उपयोग गरिएको छ । साँघुरो तथा भुइँतलामात्र भएकोले विभिन्न बहुमूल्य कलावस्तुहरू पेटी र प्राङ्गणमा समेत छरिएको अवस्थामा राखिएका छन् । यहाँ राखिएका कलासामग्रीहरूको सूचीमा ३१७ वटा शीर्षकहरू दर्ता गरिएको आधिकारिक तथ्याङ्क भए पनि सामग्रीहरू भने त्योभन्दा बढी नै प्रदर्शन गरिएका छन् । तिलौराकोटमा उत्खनन् गर्दा फेला परेका कैयन् बहुमूल्य सामग्रीहरू राष्ट्रिय संग्रहालय छाउनीको बौद्धकला कक्ष (Buddhist Art Gallery) मा समेत प्रदर्शित छन् । कपिलवस्तु संग्रहालयमा दर्ता न १ देखि १३ सम्म सोकेस नं. १ (a) मा रहेका खैरो र (P.G.W.) का माटाका भाँडाबर्तनका टुक्राहरू यसको कालक्रम निर्धारणमा विशेष महत्त्वपूर्ण छन् । देवला मित्र, बाबुकृष्ण रिजाल, तारानन्द मिश्र, जापानको रिस्सो विश्वविद्यालय टोलि आदिको उत्खनन् क्रममा यी माटाका भाँडाका टुक्राहरू फेला पारिएका थिए । भारतको हस्तिनापुर, कौशाम्बिक, अहिच्छत्र आदि स्थानहरूको उत्खनन् गर्दा उपलब्ध भाँडाबर्तनसँग मिल्ने हुँदा सापेक्ष विधि (Relative dating) को आधारमा ई.पू. एघारौंदेखि ई.पू. आठौं शताब्दीसम्म प्राचीन रहेको तथ्य उल्लेख गरिएको छ । केही समय तलमाथि भए पनि यी भाँडाबर्तनले कपिलवस्तु राज्यको प्राचीनता यकिन गर्न सघाएका छन् । यो चरण मौर्यकाल पूर्वको मानिन्छ ।

त्यसैगरी उत्तर भारतमा कालो रङ्ग पोती बनाइएका N.B.P. समूहसँग मिल्दा भाँडाबर्तनका टुक्राहरू, रातो रङ्गले पोतिएका (Red ware) टुक्रा आदि समेत कालक्रमको आधारमा प्रदर्शन गरिएका छन् । यिनले ई.पू. सातौं-छैठौं शताब्दीदेखि ईशाको दोस्रो-तेस्रो शताब्दीसम्मको कपिलवस्तु राज्यको सभ्यताबारे जानकारी गराएका छन् । रेकर्डको सि.नं.

१४ देखि ४१, सि.नं. ७३ देखि ८७ सम्म Nortern Black Polished (N.B.P.) र Red ware प्रदर्शन गरिएका छन् । भाँडाबर्तन निर्माण गर्ने परम्परा, प्रविधि र प्रकारबाट समेत त्यहाँका सर्वसाधारण नागरिकको तत्कालीन सामाजिक-आर्थिक जीवन पहतिबारे जानकारी गरिएको छ ।

यहाँ प्रदर्शित माटाका मूर्तिहरू मौर्यकाल पूर्व (Pre Mauryan), मौर्य, शुङ्ग, कुषाण आदि युगका छन् । मौर्य सम्राट् अशोक यस क्षेत्रमा आई ब्राम्ही लिपिका दुईवटा अभिलेखहरू (निगिलहवा र लुम्बिनीमा) लेखाई स्मारकसमेत तयार गरेको देखिन्छ । उनी अघि यहाँको अस्तित्व पुष्टि गर्ने एकमात्र स्रोतको रुपमा यहाँका कलावस्तुहरू रहेका छन् । प्रारम्भमा तयार गरिएका स्त्रीमूर्तिहरूको कलासौन्दर्यता तथा आकर्षणले यहाँको सभ्यतालाई जीवन्त गराएको छ । शुङ्गकालीन माटाका मूर्तिहरूमा बालकसहितका स्त्री, दम्पती, सुगा पक्रेका स्त्री, पुरुष तथा बालक, सुगालाई दाना खुवाउँदै गरेका बालक, लक्ष्मी आदिका मूर्तिहरूको आङ्गिक अनुपात तथा कलात्मक सौन्दर्यता आकर्षक छन् । माटाका छापहरू (Seals), बाला (Bangle), माला (Bead) धातुका पञ्चमार्क समेतका गुद्राहरू, हड्डी र दाँतका मूर्ति तथा उपकरण, धातुका मूर्ति, औजार, प्रस्तर मूर्ति आदि पनि यहाँ प्रदर्शन गरिएका छन् । ढुङ्गेयुगमा प्रचलित औजारहरू पनि यथास्थानमा छन् । माटाका पशुपंक्षीका आकृतिहरू बढीनै प्रदर्शन गरिएका छन् । संग्रहालयको पेटी र प्राङ्गणको छहारीमा शिवलिङ्ग, गोटिहवाको अशोकस्तम्भका टुटेका टुक्रा, तिलौराकोटमा उपलब्ध विभिन्न हड्डीहरू आदि प्रदर्शित छन् ।

महत्त्व (Importance)

व्यक्तिगत सौख तथा रुचीबाट अभिप्रेरित भई विभिन्न दुर्लभ, आकर्षक वा बहुमूल्य वस्तुहरू सग्रह गर्ने, प्रदर्शन, गर्ने र अवलोकन गरी मनोरञ्जन गर्ने परम्पराबाट बेलायत, फ्रान्स, भारत आदि मुलुकहरूमा राज्यव्यवस्थाले नै आधिकारिक ढङ्गले संग्रहालय स्थापना गर्न थाले । नेपालमा भीमसेन थापा र जुद्धशमशेरको प्रेरणाबाट प्रारम्भ गरिएको राष्ट्रिय सग्रहालयको अतिरिक्त क्षेत्रीय एवं स्थानीय संग्रहालयमध्ये यस संग्रहालयको आफ्नै मौलिक पहिचान तथा अस्तित्व छ । शाक्य राज्यक्षेत्रका कलावस्तु सङ्कलन, प्रदर्शनी, संरक्षण, उद्धार, अध्ययन तथा अनुसन्धान आदि क्रियाकलापहरू सञ्चालित छन् । यसलाई विशिष्टिकरण नगरी समान्यरुपमा सञ्चालन गरिएको छ । यहाँ ऐतिहासिक, कलात्मक, वैज्ञानिक, प्राविधिक आदि क्षेत्रसँग सरोकर राख्ने सामग्रीहरू छन् । यिनको अध्ययन तथा अनुसन्धान भए पनि सर्वसाधारणको निम्ति जिज्ञासा मेट्न सक्ने प्रकाशित स्रोतको अझै अभाव छ ।

बौद्ध धर्म र संस्कृतिको महत्त्वपूर्ण केन्द्र भएकोले यसलाई अझ सरल तथा सहज ढङ्गले परिचालन गरी सांस्कृतिक पर्यटनलाई व्यापक गराउन सकिन्छ । पर्यटकहरू यस क्षेत्रमा आउँदा केवल नाङ्गा ढिस्काहरूमात्र हेरी सन्तुष्ट हुन नसक्ने हुँदा यहाँका सामग्रीहरू यथास्थानमा देखाइनु अत्यन्त उपयोगी छ । बौद्धसाहित्य तथा चिनियाँवृतान्तमा सीमित हुनपुगेको शाक्यवंशको सभ्यता र संस्कृतिलाई आधिकारिकता प्रदान गर्दै प्राचीन कपिलवस्तुको राजधानी भारतीय भू-भागमा अवस्थित हालको गनवरीया तथा पिपरहवा नभई तिलौराकोटनै हो भन्ने पुष्टि गर्नमा समेत यहाँ संग्रहित पुरावशेषहरू प्रत्यक्ष साक्षीको रुपमा रहेका छन् ।

बौद्ध धर्म, दर्शन, कला, संस्कृति आदि विधाको अध्ययन तथा अनुसन्धानको सिलसिलामा यस सग्रहालयको अध्ययन तथा अवलोकन नगरी पूर्ण हुन सक्दैन । साधारण साक्षर तथा निरक्षर व्यक्तिहरूलाई समेत यसले मनोरञ्जनात्मक ढङ्गले विशेष सूचना प्रदान गर्दछ । कपिलवस्तु क्षेत्रमा अवस्थित खुल्ला स्मारकहरू जस्तै : स्तूप, स्तम्भ, विहारखण्ड, राजदरबार, आवसीय क्षेत्र आदि पनि संग्रहालयको रुपमा विद्यमान छन् । बाल-

बालिकाहरूको मनोवैज्ञानिकस्तर अनुकूलका सामग्रीहरू पनि प्रदर्शन गरिएका छन् । विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका छात्रछात्राको निम्ति प्रयोगात्मक शैक्षिक केन्द्रको रुपमा परिचालन गर्न सकिन्छ ।

उपसंहार (Conclusion)

नेपालमा स्थापना गरिएका विभिन्न संग्रहालयमध्ये कपिलवस्तु संग्रहालय मूलत शाक्य सभ्यताको भण्डार तथा खुल्ला पुस्तकालयको रुपमा आवस्थित छ । यहाँ प्रदर्शित कलावस्तुहरू शाक्य सभ्यताको सबुत साक्षी प्रमाणको रुपमा विद्यमान छन् । यिनले बौद्धसाहित्य तथा चिनियाँवृतान्तमा वर्णित प्रसङ्गलाई पुष्टि गरेका छन् । देश, काल र परिस्थिति अनुकूल यसको भौतिक संरचनालाई [illegible] सुरक्षाको समुचित व्यवस्था हुनुपर्दछ । प्रदर्शित कलावस्तुको परिचय श्रव्यदृश्य रुपमा राखी संरक्षणको निम्ति अनुकूल तापक्रम, प्रकाश तथा सोकेसको व्यवस्था हुनुपर्दछ । कलावस्तुको प्रकृति तथा लक्षण अनुसार वर्गीकरण गरी व्यवस्थित हुनुपर्दछ । दक्ष एवं पर्याप्त जनशक्ति राखी स्थानीय जातजातिसँग सरोकार राख्ने कलावस्तुसमेत संकल्प एवं प्रदर्शन गरी नृतत्वशास्त्रीय कक्ष (Anthropological Gallery) सञ्चालन गरेमा पर्यटकहरूलाई बढी लोभ्याउन सकिने छ । स्थानीय होटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, पथप्रदर्शन, स्थानीय घरेलु सामग्रीको बिक्रीवितरण आदि क्षेत्रबाट रोजगार प्राप्त तथा आयआर्जन गर्न सकिने छ । आयआर्जन हुन थालेपछि संग्रहालयप्रतिको सकारात्मक भावनाले संरक्षण गर्ने तथा शाक्य सभ्यताको साक्षी कालान्तरसम्म रहिरहेन छ ।

- त्रि वि भैरहवा, क्याम्पस

> देशले आफूलाई के दियो भनेर
> सोध्नुभन्दा आफूले देशलाई के
> दिएको छु भन्ने चिन्तन गर ।
>
> **-जोन अफ केनेडी**

कविता

माटो गन्हाइरहेछ

◈भाग्यशाली अधिकारी

अरुणोदयका सङ्सँगै
इमान नैतिकता ढलिरहेछन्
आस्था मरिरहेछन्
हावा हुरी मडारिएका छन्
माटोभित्र नै आज कस्तो दुर्गन्ध आइरहेछ ।

आकाश मैलिएको छ
पानी बाक्लिएको छ
पृथ्वी गन्धले भरिएको छ
हावा हुरी मडारिएका छन्
माटोभित्र नै आज कस्तो दुर्गन्धित गन्ध
आइरहेछ ।

हिमाल तातिएका छन्
रुखपातहरू झरिरहेछन्
आगो दनदन दन्किरहेछ
हावा हुरी मडारिएका छन्
माटोभित्र नै आज कस्तो दुर्गन्धित गन्ध
आइरहेछ ।

बुद्धि, विवेक र विचार हराइरहेछन्
अन्याय अत्याचार उठिरहेछन्
सद्ज्ञान पिरोलिरहेछन्
हावा हुरी मडारिरहेछ
माटोभित्र नै आज कस्तो दुर्गन्धित गन्ध
आइरहेछ ।

सुन्दर फूलवारीमा धुँवा-धुँवा उडिरहेछ
डाँफे मुनाल पिल्सिरहेछन्
बुद्धत्व झोक्राइरहेछ
हावा हुरी मडारिरहेछ
माटोभित्र नै आज कस्तो दुर्गन्धित गन्ध
आइरहेछ ।

यो देशमा आज
उग्र चरंचुलीमा पुगिरहेछन्
कर्तव्यका बाटो भुलिरहेछन्
[illegible] डोरी [illegible]

कविता

सरकारी घुसपैठ

◈आनन्दराम पौडेल

हाम्री आमालाई
तिनीहरूले चिनेनन्
नचिनेकै वेश भयो
यो माखेसाङ्लोमा
उल्झन परेन ।
अरू त अरू
देशले समेत
खोजखबर गरेन
जनगणनामा
उनको नाम थिएन
सम्पत्ति नभएकोले
नागरिकताको जरुरत रहेन
स्कूल नटेकेकोले
सर्टिफिकेट बनाउन परेन
जागिर नखाएकोले
उमेर मिलाउन परेन ।

हुन त एउटा देश थियो
देशभित्र
हाम्री आमा थिइन्
आमाकै नाममा
एउटा सरकार थियो
त्यहाँ ठूलो विडम्बना थियो
न त आमाले
सरकारको आमाप पाइन्
न त सरकारले
आमाको अस्तित्वबोध गऱ्यो
यी सधैं सँगै रहे
सधैं अपरिचित रहे
एउटा सरकार
यतै कतै हुनुपर्छ भनेर
आमाले कहिल्यै सोचिनन्
आमाबिना
दुनियाँ बन्दैन भनेर
सरकारले हेक्का राखेन
हामीलाई जन्म दिएकीले मात्र
आमा पवित्र भएकी थिइनन्
तिनले अड्डा अदालत टेकिनन्
सरकारी कागजमा
तिनले सहीछाप गरिनन्
जालझेल र षडयन्त्रका गन्ध
तिनको नाकभित्र पसेन
हैकमी चर्का स्वर
तिनको कानमा परेन
सरकारी प्रदूषणबाट
मुक्त रहेकीले
आमा विशुद्ध रहिन्
सरकारबाट अलग्गै रहेकीले
तिनी पवित्र रहिन् ।

आमाको अर्को नाम
छैन भन्दाभन्दै
यो ऐतिहासिक घडीमा
सरकारी सिपाही
औंला ठड्याएर
मेरी आमाको नाम सोधिरहेछ
आमाको पवित्र संसारमा
यो सरकारी घुसपैठ
मलाई असह्य भैरहेछ ।

***

नववर्ष २०६० को
सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा
शुभचिन्तक महानुभावहरूमा सुख, शान्ति
तथा समृद्धिका लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

सुशील वनस्पति प्रा.लि.
परवानीपुर

सभीक्षा

जगदम्बिकावैभवम् कृतिमाथि विहङ्गम दृष्टि

◈माधव घिमिरे, टंगाल

पण्डित भीमकान्त पन्थीद्वारा संस्कृत भाषामा लेखिएको डा. लक्ष्मीकान्त पन्थीद्वारा प्रकाशित महाकाव्य हो - जगदम्बिकावैभवम् । संस्कृत भाषामा लेखिएको प्रस्तुत महाकाव्यको मूल विषयवस्तु पौराणिकाल (?)का अयोध्याका राजा (राम होइनन्) सूर्यवंशी पुष्यमित्रबाट आरम्भ भएर क्रमशः ध्रुवसन्धि, सुदर्शन, शत्रुजित, अनि काव्यको अन्तमा सुदर्शनलाई रक्षा गर्न आएकी जगदम्बादेवीको उदयको साथसाथै काव्यको अन्त्य हुन्छ । युद्ध, प्रेम, छल आदि कुराहरूको यथाप्रसंग अनुरूप चर्चा गरिएको छ । अन्त्यमा सत्यकै विजय हुन्छ भन्ने मूलभाव काव्यले लिएको छ । काव्यको आरम्भ अघि काव्यकार का सुपुत्र डा. लक्ष्मीकान्त पन्थीको प्रकाशकीय, पुस्तकको विशद् विवेचना डा. टीकाराम पन्थीबाट संस्कृत भाषामा नै गरिएको छ भने डा. विष्णुराज आत्रेयले कृति र कृतिकारको परिचय नेपाली भाषामा दिनुभएको छ, त्यसैगरी परिमितवक्तव्यम् शीर्षकमा डा. स्वामी प्रपन्नाचार्य र 'महाकवि श्रीबुध भीमकान्त' शीर्षकमा योगी नरहरिनाथले आफ्नो मन्तव्य प्रकट गर्नुभएको छ। 'किञ्चिन्निवेदनम्' शीर्षकमा लेखकले आफ्ना भावना संस्कृत भाषामा व्यक्त गर्नुभएको छ। यस काव्यमा प्रयोग भएका विविध छन्दका लक्षणहरूको परिचय पनि उदाहरणसहित दिइएको छ । त्यसैगरी प्रत्येक सर्गको कथाको विषयहरूको सूचीपत्र आरम्भमा नै भएकोले कुन सर्गमा के विषयवस्तु छ भन्ने सजिलै थाहा पाउन सकिन्छ ।

वास्तवमा पुस्तकको नामबाट यो पुस्तक जगदम्बिकादेवीको मात्रै वर्णन गरिएजस्तो देखिन्छ तर वास्तवमा पुस्तकमा देवीको प्रसंग अन्तमा मात्र पाइन्छ । सदाचारी, त्यागी राजा सुदर्शनलाई संकटबाट जोगाउन देवी प्रकट हुन्छिन् । सरल संस्कृतमा लेखिएको काव्य भएकोले सामान्य सस्कृतका ज्ञातालाई पनि पुस्तक उपयोगी छ । असत्कर्म छोडेर सत्कर्मतिर प्रेरित हुने प्रेरणा महाकाव्यले दिन्छ । नेपाली भाषामा प्रत्येक आधा पृष्ठमा काव्यको अनुवाद पनि भएकोले संस्कृत जान्दै नजान्ने तर नेपाली भाषाका ज्ञातालाई पुस्तक उपयोगी देखिन्छ । राजामहाराजा लडाइँ, शासनका लागि सघर्ष आदि पुरानै विषयवस्तु भए पनि सदाचारी र सत्कार्य गर्ने प्रेरणा काव्यले अप्रत्यक्षरूपमा दिएको छ । काव्यको आरम्भमा महाकवि पन्थीले आफ्ना अग्रज गुरुहरू होमनाथ घिमिरे, लोकनाथ ढकाल, टंकनाथ पराजुलीलगायत आफ्नै पितालाई सम्झना गरेर कृतज्ञता प्रकट गरेका छन् । त्यसैगरी गुरु दधिराम मरासिनीप्रति पनि कृतज्ञताभाव प्रकट गरेका छन् । यसबाट कविको नम्रभाव प्रकट हुछ भने यस्ता प्रसंगले काव्यको गरिमा पनि बढ्छ यसमा सन्देह छैन ।

पुस्तकको बाहिरी आवरण, पृष्ठ छपाई, शुद्धाशुद्धि आदि सबै उत्कृष्ट छ, कतै खोट लगाउन सकिँदैन । १२ सर्गमा विभाजित महाकाव्य, महाकाव्यको लक्षण अनुकूल नै देखिन्छ । अन्नपूर्ण अफसेट प्रिन्टर्सद्वारा मुद्रितः यस महाकाव्यको मूल्य १०८ राखिनु पनि स्वभाविकै देखिन्छ ।

***

जसले सत्यरुपी मोती भेट्न चाहन्छ उसले गहिराइमा डुब्नुपर्छ । -वेदव्यास

हरेक मानिसको हातमा सफलता होइन परिश्रम मात्र हुन्छ । -अब्राहम लिङ्कन

कविता

युद्ध विरामपछि

◈लुमडी आचार्य

पारी गाउँको साहिँलो पनि सहरबाट आ'छ
साथमा उसलै बोल्ने मेसिन पनि ल्या'छ
त्यो बोल्ने मेसिनलाई
ऊ 'रेडियो' भन्दो रहेछ ।

त्यै मेसिनले भनेको अरे
साढे साती दशाबाट देश मुक्त भो रे
अब सहरिया भाइ र जङ्गली भाइबीच
ताकाताक हुँदैन रे ! त्यै मेसिनले भनेको अरे
साढे साती दशाबाट देश मुक्त भो रे
अब सहरिया भाइ र जङ्गली भाइबीच
ताकाताक हुँदैन रे !

बतासे डाँडाका काईंला वाले पनि
रेडियो सुनेछन्
मनमा गुनेछन् -
"जुठेले पनि रेडियो सुनेको हुनुपर्छ
उब उसले जङ्गली आचरण त्याग्नु पर्छ
छिट्टै घर फर्कनु पर्छ"

नाति दिनहुँ सोध्ने गर्छ -
'ड्याडी कैले आउने हजुर बा ?'
साहिँली, उजेलीहरूको पनि
वित्थामा सिन्दुर पुछिन हुन्न अब
किनकी
मुलुकमा अहिले शान्ति स्वस्ति भा'छ
परेवाले पनि शान्ति गीत गा'छ
युद्ध विराम भा'छ ।

***

कविता

लोग्नेस्वारनी

दामोदर पुद्धासैनी 'किशोर'

बसिरहेछौं वेगमवेलीको भ्याङ्गमुखी
उनी चाहन्छिन् रानीरंगको वेगमवेलीले
सधैं चुल्ठो भरिरहन
म भ्याङ्गबाट काँडा चुँड्दै
बटार्न चाहन्छु वेगमवेलीको खोकिलामा
लुक्ने ठाउँ बनाउन ।

माघे झरीपछिको घाममाँ खुलमखुल्ला खुलेर
हरियो चौरको गलैंचा बन्दै
लडिबुडी खेलाउन चाहन्छिन् उनी
म उनका रौं रौं गनेर
जोड घटाउको लेखापरीक्षण गर्छु ।

हरेक दिन एउटा नाटक लेख्छु
विसंगतिको विरुद्ध, विकृतिको विरुद्ध
त्यो नाटकको आदर्शको
उच्च मूल्याङ्कन चलिरहको बेला
उनी रक्सीको ह्याङ्गओभरले दुखिरहेको
मेरो टाउको सुमसुम्याउँदै
आँशु झारिरहेकी हुन्छिन् ।

हिजो मलाई अलिकति टाउको दुख्यो
रातभर निद्रा परेन उनलाई
बिचरी कडा रोगले ढलेकीछन् आज
म मने निदाएकोछु रातभर फ्वाँ फ्वाँ
र, भुलेकैछु दिनभर हँसिमजाकमा ।

दुई पाइला चल्दा
एउटाले मौका हेरी छिर्के हानिरहने हो भने
गौरी र शंकर खेल्ने पृष्ठभूमिबीच
यदाकदा बजिरहेकै हुन्छ
न्याउलीको नमीठो बाँसुरी ।

गोंगबु, नयाँ बसपार्क

कृति चार : दृष्टि एक

◈यादव भट्टराई

१. 'आफ्नै यात्रा : आफ्नै अनुभूति'

नेपाली साहित्यका क्षेत्रमा यात्रा-साहित्यले आफ्नो छुट्टै पहिचान कायम गरेको पाइन्छ । यात्रा देशको वा विदेशको, जहाँको भए पनि त्यो आफैंमा महत्त्वपूर्ण हुन्छ । नेपाली साहित्यको यस विधामा कलम चलाउनेको सङ्ख्या बढ्दै गइरहेको छ । यसैक्रममा नियात्राकार कृष्णप्रसाद बस्याल 'आफ्नै यात्रा : आफ्नै अनुभूति' नामक यात्रासंस्मरणात्मक कृति लिएर देखापरेका छन् ।

प्रस्तुत कृतिभित्र जम्मा बीसवटा नेपाल तथा भारत भ्रमणबाट प्राप्त यात्रानुभूति समेटिएका छन् । नेपालका प्रायः पहाडी, दुर्गम भू-भागको यात्रासंस्मरण प्रस्तुत भएको सो कृतिमा कल्पनाशीलताभन्दा विश्वसनीयता र जीवन्तता भेटिन्छ । एघारवटा यात्रा लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् भने नौवटा यसै पुस्तकमा सर्वप्रथम प्रकाशित छन् । नियात्रामा वस्तुतः आत्मपरकता भेटिन्छ र यस कृतिका नियात्राहरूमा पनि सो देखापरेको छ । यस कृतिको पहिलो रचना 'चैनपुरदेखि मानसरोवरसम्म' रहेको छ भने अन्तिम रचना 'जुम्लामा पुस्तकालय : हिजो र आज' रहेको छ । यसमा प्रस्तुत दुईवटा नियात्राहरूमा नेपाल बाहिरका - अयोध्या र मानसरोवर तीर्थहरूको वर्णन पाइन्छ । आध्यात्मिक प्रभावबाट पनि कतिपय यात्रा तय गरेका छन् - नियात्राकारले । उनी कहिले मुक्तिनाथ पुगेका छन् भने कहिले सिलगढीबाट अछ्रामतिर पुगेका छन् । खप्तड, चन्दननाथदेखि न्याउरीगाड, राराको किनार, फोक्सुन्डो ताल, डोल्पा, ठाकुरज्यू दहजस्ता थुप्रै ठाउँको यात्रामा लेखकले समय लगाएका छन् । लेखकले सेती र कर्णाली अञ्चलका विभिन्न क्षेत्रहरूको भ्रमण गर्ने अवसर पाएका छन् । मूलतः लेखकले जागिरको सिलसिलामा यी स्थलहरूको भ्रमण गरेको देखिन्छ । दुर्गम ठाउँहरू भ्रमण र त्यसको अनुभूतिले पाठकलाई स्वयम्को यात्रानुभव भएको जस्तो लाग्दछ । प्रस्तुत सङ्ग्रहका नियात्राहरूमा यात्राका क्रममा लेखकले भोग्नुपरेका कठोर र सुखद अनुभूतिहरूलाई अनुभव गर्न सकिन्छ ।

समग्रमा बगर फाउन्डेशन नेपालद्वारा प्रकाशित प्रस्तुत कृतिमा साहित्यकार पूर्णप्रकाश नेपाल 'यात्री', प्राज्ञ डा. टीकाराम पन्थी, नकुल सिलवाल र लेखक स्वयम्का भूमिका र मन्तव्य समाविष्ट छन् । प्रकृतिको सुन्दर चित्रण, कलात्मक प्रभाव, सरल र सम्प्रेष्य भाषाको प्रयोग विकट स्थलहरूको संस्कृति, इतिहास, धर्म आदिको वर्णन यस कृतिका प्राप्ति हुन् । संसारका धेरैजसो मानिसहरू कहीं न कहीं यात्रा गर्दछन् तर त्यस अनुभूतिलाई अक्षरमा उतार्ने काम केहीले मात्र गर्दछन् । ती केहीमध्येका कृष्णप्रसाद बस्यालको यो प्रस्तुति प्रसंशनीय छ । जम्मा १५१ पृष्ठमा फैलिएको सो कृतिको मूल्य रू. १५०/- अलि बढीजस्तो लागे पनि कागज र छपाइको स्तर राम्रो रहेको छ ।

२. 'केही प्रतिमा : केही प्रवृत्ति'

समालोचक युवराज मैनालीद्वारा तयार पारिएको कृति हो - 'केही प्रतिमा : केही प्रवृत्ति' । समालोचना आफैंमा साहित्यको महत्त्वपूर्ण र चुनौतीपूर्ण विधा हो । निष्पक्ष ढङ्गबाट समालोचना गर्नसक्नु क्षमतावान् समालोचकको परिचायक हो । समालोचकले साहित्यिक कृतिमा भएका असल र कमसल दुवै पक्षलाई अध्ययन गरी प्रस्तुत गर्नसक्नुपर्छ । समालोचक मैनालीको प्रयास यस प्रसङ्गमा सार्थक छ ।

प्रस्तुत कृतिमा नयाँ र पुराना पुस्ताका गरी जम्मा १० जना साहित्यकारका कृतिहरूका बारेमा समीक्षा, समालोचना गर्ने प्रयास गरिएको छ । नाट्यसम्राट् बालकृष्ण समले नाटकको आधुनिक प्रयोग र मूल्यलाई सार्थकतासहित स्थापित गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । दुःखान्त नाटक रचना गर्नमा सम सिपालु देखिन्छन् । नेपाली

साहित्य का उज्ज्वल नक्षत्र लक्ष्मीप्रसाद देवकोटाको कलावादी मान्यता, युगकवि सिद्धिचरण श्रेष्ठको जीवनलाई हेर्ने दृष्टिकोण, कविवर माधव घिमिरेको 'गौरी' खण्डकाव्य र त्यसभित्र समेटिएको विरह र व्यथाजस्ता तत्त्वलाई प्रस्तुत कृतिले आत्मसात गर्न सकेको छ। लैनसिंह वाङ्देलको 'मुलुकवाहिर' होस् वा विजय मल्लको नाट्यकारिता, रमेश विकलको 'अविरल बग्दछ इन्द्रावती' को यथार्थ चित्रण होस् वा 'शिरीषको फूल मा अभिव्यक्त वास्तविकताका साथै कवि धीरेन्द्र मल्लको साहित्यिकता होस् युवराज मैनालीको समालोचनात्मक विशेषता यी सबै रचनाहरूमा प्रस्तुत भएको छ।

माथि उल्लिखित प्रायः सबै रचनामा मैनालीले आफ्नो समालोचनात्मक अभिव्यक्तिगत क्षमता प्रस्तुत गर्न सफल भएका छन्। नयाँ र पुराना लेखक साहित्यकारका यी प्रमुख कृतिभित्र पसेर ती कृतिका मूलभूत प्राप्तिलाई प्रस्तुत गर्न मैनाली सक्षम बनेका छन्।

समग्रमा भानु प्रकाशन, झापाद्वारा प्रकाशित सो कृतिमा साहित्यकार भवानी घिमिरेका दुई शब्द र लेखकको आफ्नै अभिव्यक्ति समेटिएको छ। कृतिका आधारमा अझै साधना र सुन्दर शिल्पको अपेक्षा गर्नु अहिलेलाई उपयुक्त हुनेछ।

३. 'कार्गिल'

गुल्मी जिल्लामा जन्मेका कवि रतनकुमार पाण्डेले स्नातक तहसम्मको शिक्षा प्राप्तगरेका छन्। भारतको आसाममा रहेर जीवनका विविध अनुभव बटुलेका कविले यस अघि 'ब्रह्मपुत्रका छालहरू' (कवितासङ्ग्रह), 'रत्न-कमल' (खण्डकाव्य) कृतिहरूका साथै पुष्पलता आचार्यद्वारा रचित 'मनका छालहरू' नामक कृतिको अनुवाद गरेका छन्। 'फुटेको ऐना', 'घुम्टोभित्र', 'चित्रांगद' गरी तीन उपन्यास र 'लाटी पोइल गई' (कथासङ्ग्रह) समेत चार कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन्। पाण्डेद्वारा लिखित 'कार्गिल'नेपाली साहित्यको फाँटमा देखापरेको पछिल्लो गीति खण्डकाव्य हो। वास्तवमा 'कार्गिल' युद्धलाई मध्यबिन्दुमा राखेर कृतिको सिर्जना गरेको जस्तो देखिए तापनि कार्गिलयुद्धको पृष्ठभूमिमा रचनाको शीर्षक र केही घटनाहरूको उल्लेख भएको सो कृतिको कथावस्तु, स्थान, पात्र-पात्राको चरित्र आदि सबै काल्पनिक हुन्। प्रस्तुत कृति खण्ड एक र खण्ड दुई गरी विभाजित छ। नेपालीहरू आफ्नो जीविकोपार्जनका निम्ति विदेशिनु पर्ने बाध्यता र त्यसमा पनि सिपाहीको जीवन भोग्नुपर्ने अवस्थालाई कविले पुस्तकमा चित्रण गरेको छन्। नेपालीहरू बाध्यताले गर्दा अर्काको भूमिरक्षाका निम्ति समर्पित छन्। आफ्नो भूमि, आफ्नो संस्कृति, सभ्यता र आफन्तहरूबाट टाढा रहेर अरूका निम्ति आफूलाई अर्पण गर्नु नेपालीहरूको महानता हो। निकै अघिदेखि नेपालीहरूको आफ्नो सुख र सन्तोषको वास्ता नगरिकन अरूका निम्ति लडिरहेका छन्, मरिरहेका छन्। 'कार्गिल' यस्तै एउटा वेदना, साहस र आस्थाको स्वरूप हो। कान्छीको जीवनमा घटेको यस्तै एउटा घटना-वर्णनको रूपमा 'कार्गिल'ले पूर्णता प्राप्तगरेको छ। 'कार्गिल'को प्रसङ्गमा कयौँ नेपाली चेलीहरू विधवा भएका छन्, कयौँ शिशुहरू अनाथ भएका छन् र कतिले आफन्त गुमाएका छन्। त्यसैले अर्काको निम्ति स्वाभिमानपूर्वक लडेको लडाईको कथा हो - 'कार्गिल'।

पुष्पलता आचार्यद्वारा प्रकाशित प्रस्तुत कृतिमा प्रकाशक आचार्य र कवि पाण्डेका प्रकाशकीय र मन्तव्य समाविष्ट छन्। समग्रमा 'कार्गिल' नेपाली माटो, संस्कृति र जीवनसँग सापेक्ष सम्बन्ध राख्ने घटनाको मार्मिक र वेदनायुक्त प्रस्तुति हो। यसका साथै अर्काका निम्ति नेपालीले आफ्नो प्राणको उत्सर्ग गरेको कथा र स्वाभिमानको अभिव्यक्ति पनि हो 'कार्गिल'। सरल भाषाशैली र वास्तविकतामा आधारित जस्तो देखिने प्रस्तुत कृति कवि रतनकुमार पाण्डेका सार्थकता हो भन्न सकिन्छ।

४. 'तोया गुरुङ : अनुभूति र स्वीकारोक्तिमा'

इन्द्रकुमार श्रेष्ठ 'सरित्' नेपाली साहित्यका शियाशील व्यक्तित्व हुन्। 'पूर्व क्षितिज' (कवितासङ्ग्रह-२०४५), 'दिदीको देवर' (कथासङ्ग्रह-२०५०), 'एकजोर फूलघोंडा' (कथासङ्ग्रह-२०५६) नामक कृतिहरू 'सरित्'का प्रकाशित सिर्जना हुन् भने उनले 'चौतारी', 'गजल' र 'सोपान' साहित्यिक पत्रिकाको सम्पादन गरिसकेका छन्।

कविता

मैले पत्थर पूजा गर्न छोडिदिएँ

◈सुशील घिमिरे

ढुङ्गालाई पूजा गर्ने आदत सामु
संवेदनाको कुरा खै ? कसरी गर्नु
पत्थरहरू टुक्रिए पनि
बालुवा बनेर बिजाउने गर्छन्
खाली पैतालाहरू घोच्ने गर्छन्
मलाई बगर मन पर्दैन
बालुवै बालुवा हुन्छ त्यहाँ
उब्जाउहीन बगर
किन मन पराउनु ?
राति चिसो सिरेटोले सेक्ने गर्छ
उज्यालोमा धूपको रापले पोल्ने गर्छ
कोरा मृगतृष्णाहरू देखिन्छन् त्यहाँ
म, मृगतृष्णा साँचेर बाँच्न चाहन्नँ
मनहरू भाँचिएर आँखा पिल्पिलाए पनि
पत्थरहरू सामु रोदनको भाषा बोल्नु हुँदैन
चोट लगाउने आदत हुन्छ पत्थरहरूको
ठेस लगाएर, टाउको फुटाएर,
रगत धाट्ने गर्छन् पत्थरहरू,
हतियार उद्याउने साधन हुन् पत्थरहरू
अहिंसाको देशमा ।
म रगत चाटेको हेर्न चाहन्नँ
हतियार उद्याएको देख्न चाहन्नँ
पत्थरहरूको गर्भमा पानी हुँदैन ।
त्यसैले यिनीहरू प्यासा हुन्छन्
फोहोर पानीमा डुबेर पनि
कन्चन तालहरू बियोलेर पनि
प्यास मेट्न खोज्छन् पत्थरहरू
तर, आन्तरिक प्यास कहिल्यै मेटिन्न
किनकि- यिनीहरूको गर्भमा पानी पस्तैन
सुख्खा हुन्छ यिनीहरूको आन्तरिक रुप
यसर्थ मैले अबदेखि
ढुङ्गा पूजा गर्न छोडिदिएँ ।

खाँदवारी-१, संखुवासभा

कविता

विवेक

◈तीर्थराज अधिकारी

कहिले विवेक थुनिएको हुन्छ
अक्षरहरूको शब्दकोशरूपी बन्दीगृहमा
कहिले आफै नाङ्गिएछको हुन्छ
राक्षसहरूका अतृप्त आँखाहरूमा ।
सृजनाका सुकोमल मुनाहरू भाँचेर
खोरिया खन्नमा व्यस्त देख्छु विवेकलाई
विनाशक अनगिन्ती धारिला हतियार बोकेर
वाहनहरू आकाशमा उडिरहेको देख्छु ।
कोणघारी वृक्षहरूलाई बरफले उजाडेझैं
विवेकलाई शून्यताको माइरस लागेको छ,
सर्वोपकारी चिन्तनको बटवृक्षमा
वर्षायाममा नै खडेरी परेकोछ यहाँ ।
आजभोलि समाजका विद्वान् पण्डितहरू
कोरा लगाएर खटिएका छन्
अनाथ बाल-बालिकाहरू अनायासै
अनभिज्ञ संघर्षमा मारिएका छन् ।
यदि यस्तै हो भने !
सुनौला बाला पैदा गर्ने
यस ऊर्वर धर्तीमा एकदिन
मुर्दाका लागि चिहान खन्ने ठाउँ नरहला
जब,
विवेक शब्दरूपी बन्दीगृहमा
बन्द रहला ।

मुक्तक

गरिबीका नाममा डलर पचाउन
अनेक सभा गोष्ठीहरु गर्दैछन्
मानव अधिकारको नारा घन्काएर
जनतालाई अकालमा मार्दैछन् ।
यस्तो प्रजातन्त्र के प्रजातन्त्र ?
रालोबिनाको घाँडो तन्त्र ।

-रवीन्द्र थपलिया

लोकसंस्कृति

गुल्मेली लोकगीतको परिचयात्मक वर्गीकरण

◈हिरण्यलाल ज्ञवाली

१ गुल्मेली लोकगीतको परिचय :

प्राकृतिक सुन्दरताले भरिपूर्ण गुल्मी जिल्ला निकै मनमोहक छ । काली गण्डकी, रिङ्डी खोला, बडीगाड खोला आदिद्वारा सिञ्चित गुल्मेली धर्ती निकै उर्वर रहेको छ र यही उर्वर माटाले थुप्रै लोकगायक तथा लोकगायिकालाई जन्म दिएको छ । कृषिजन्य वस्तुहरूका लागि मात्र होइन सांस्कृतिक सम्पदाजन्य लोक-कलाकारका लागि समेत यो जिल्ला निकै प्रसिद्ध छ ।

हुनत लोकगीतको कुनै त्यस्तो राजनैतिक सीमा हुँदैन र कुनै सीमाभित्र लोकगीतलाई बाँध्न पनि सकिँदैन । श्रुतिपरम्परामा जीवित लोकगीतहरू एक भेगबाट अर्को भेगमा सर्दै जान्छन् र आफूमा परिवर्तन पनि ल्याउँछन् । त्यसैले न अर्घाखाँचीका लोकगीतले गुल्मी र पाल्पा हुँदै पोखरातिरको यात्रा गर्छन्, स्याङ्जामा गएर बास बस्छन् वा कतै सुटुक्क पसेर ताजा मोही, दही खान्छन् । त्यसैगरी यहाँका कतिपय गीतले अन्यत्र यात्रा गरेका छन् । अन्यत्रका कतिपय गीत यता सरेका छन् । त्यसैले गुल्मेली लोकगीतको चर्चा गर्दा गुल्मी जिल्लाको सेरोफेरोमा रहेका अर्घाखाँची, प्यूठान, बाग्लुङ, पर्वत, पाल्पा, स्याङ्जाजस्ता जिल्लाको सम्बन्धलाई नकार्न मिल्दैन । साँच्चै भन्ने हो भने उपर्युक्त जिल्लाका लोकगीतका बीचमा त्यत्ति सीमारेखा वा भिन्नता देखिँदैन । त्यसैले छरछिमेकमा नाता गाँस्ने त्यस्ता लोकगीतहरूमध्ये गुल्मी जिल्लामा विशेष प्रचलित लोकगीतलाई निम्नानुसार चिनाउन सकिन्छ :

१.१ भ्याउरे/झाम्रे

भ्याउरे लोकगीतलाई झाम्रे पनि भनिन्छ । यो कुनै खास ऋतु वा समयविशेषमा नभई जुनसुकै ऋतु वा समयमा गाउने चलन छ । दोहोरी वा जुहारी, रोदी, गाइने, तुरी खेल्ने गीतहरू यसै अन्तर्गत पर्दछन् । भ्याउरे लोकगीतका भाका अनन्त छन् । भ्याउरे गीतहरू कुनै लस्के र कुनै चुट्के भाकामा गाउने गरेको पाइन्छ । त्यस्तै एकल, युगल र सामूहिक गरी गायक/गायिकाको सहभागिताका दृष्टिले हेर्दा पनि भ्याउरे गीत विभिन्न प्रकारका पाइन्छन् । भ्याउरे गीतका केही भेद यस प्रकारका छन् :

(क) दोहोरी: यसलाई जुहारी, जुवारी र युगल गीत पनि भनिन्छ । सम्वादात्मक शैलीमा गाइने दोहोरी गीतमा विशेषतः युवा-युवतीको सहभागिता हुन्छ र यसमा माया-प्रीतिका कुराहरू व्यक्त गरिन्छ । दोहोरी लोकगीत विभिन्न भाकाका हुन्छन् । यसमा प्रायः एक पक्षमा केटाहरू र अर्को पक्षमा केटीहरू सहभागी भएको पाइन्छ । दुवै पक्षमा एक एकजना टोलीप्रमुख हुन्छन् र गीत झिक्ने काम तिनले नै गर्छन् । त्यसपछि त्यस टोलीपक्षका अरुले त्यस गीतलाई छोप्ने गर्दछन् । यसरी गीत सुरु गर्नुलाई गीत झिक्नु र त्यसलाई अरुहरूले गाउने कामलाई गीत छोप्ने भनिन्छ । गीत झिक्ने टोलीनेतामा प्रत्युत्पन्नमति र आशुकवित्व हुनुपर्दछ । टोलीनेताले झिकेको गीतलाई सम्बन्धित पक्षका गायक वा गायिकाहरूले तीन-चार पटकसम्म आवृत्ति गरिरहन्छन् र त्यस बेलासम्म अर्को पक्षले त्यसको उत्तर दिइसक्नुपर्ने हुन्छ । यस किसिमको दोहोरी गीत दुई चार घन्टादेखि दिनभर तथा रातभर पनि गाउने गरिन्छ । आजभोलि विभिन्न ठाउँमा दोहोरी लोकगीत प्रतियोगिता समेत आयोजना गर्ने गरेको पाइन्छ । त्यस किसिमको आयोजनामा भाका, समय आदि निर्धारण गर्नुका साथै अन्य नियमहरू समेत बनाइएको हुन्छ । यसमा बाजाको रुपमा मादलको प्रयोग गर्ने चलन छ । यसमा नाच्न समेत मिल्ने भए पनि गीत लामो समयसम्म चल्ने भएकाले

नाचिरहन कठिन हुन्छ। पक्ष र विपक्षमा एक एकजना मात्र सहभागी भएर दोहोरी गीत गाउन सकिन्छ।

(ख) तुरी खेल्ने/तुरी गाउने : गाईवस्तु चराउन जाँदा ठिटा-ठिटीहरूले गाउने एक किसिमको दोहोरी गीत गुल्मी जिल्लामा तुरी खेल्नेका नामले प्रसिद्ध छ। यसको नाम अश्लीलजस्तो लागे पनि वस्तुतः यस गीतका सन्दर्भमा तुरी शब्दले दोहोरीलाई संकेत गरेको बुझिन्छ र दोहोरी शब्दबाट नै तुरी शब्द बनेको हो भन्न सकिन्छ। गुल्मीमै जन्मी हुर्केको र मौलाएको तुरीगीतको प्रयोग वर्तमान समयमा कम हुँदै गइरहेको छ। वर्तमानमा युवा-युवतीहरूले गाईवस्तु चराउनुभन्दा विद्यालयमा गई लेखपढ गर्ने हुनाले पनि यो पहिले जस्तो प्रचलित नभएको हो। यसलाई नृत्यवाद्यविहीन मायाप्रीतिको युवागीत मान्न सकिन्छ।

(ग) विविध प्रकार भ्याउरे गीत : सालैजो, सुनीमाया, यानीमायाका साथै लस्के, चुट्के जस्ता विभिन्न लय र भाकाका भ्याउरे गीतहरूलाई विविध अन्तर्गत राख्न सकिन्छ।

गुल्मी जिल्लामा प्रचलित लोकगीतको एक भेदका रुपमा रहेको भ्याउरे गीतका सबभन्दा धेरै शाखा छन्। यस अन्तर्गत विभिन्न लय, भाका र विषयका विभिन्न गीत पर्दछन्।

१.२ असारे/बाली

असारे गीत वा वालीलाई ऋतुकालीन कर्मगीत अन्तर्गत समावेश गर्न सकिन्छ। समूह मिलेर गाउने हुनाले यो सामूहिक गीत हो। कतिपय व्यक्तिले असारे गीत र बालीको बेग्ला-बेग्लै स्वरुप दर्शाएर अलग-अलग मानेको पाइन्छ। असारेगीत वा बाली रोपाइँ गर्दा गाउने प्रचलन छ। त्यसैले यसलाई रोपाइगीत समेत भन्ने गरेको पाइन्छ। असारेगीत बाली नृत्यवाद्यविहीन गीत भए पनि बाजाको प्रयोग गर्न भने सकिन्छ। यस किसिमका गीत गाउँदै काम गर्दा थकाइको महसुस कम हुनुका साथै मनोरञ्जन समेत प्राप्त हुन्छ, त्यसैले यस गीतको महत्त्व स्पष्ट हुन्छ।

असार महिनामा बाली गाउँदै रोपाइ गर्ने र दिउँसो अर्नीका रुपमा चामलको पिठोबाट बनाइएको असारे पुवा खाने चलन छ। केही शृङ्गारिक र हास्य व्यङ्ग्यात्मकगीत समेत गाउने गरेको पाइन्छ। रोपाइँ गर्ने (रोपार) प्रायः महिलाहरू हुन्छन् र दाँजे लगाउने र ठेगारेको काम गर्ने पुरुषहरू हुन्छन्। त्यसैले तिनीहरूका बीचमा हिलाले छ्यापाछ्याप हुनुका साथै गीतद्वारा पनि व्यङ्ग्य प्रहार गरेका हुन्छन्। हिलो र पानीले लुछुप्प भिजेका महिला-पुरुषहरू झन सुन्दर देखिन्छन्।

१.३ तीजका गीत :

भाद्र शुल्क तृतीयामा पर्ने हरितालिका (तीज) का अवसरमा गाइने गीतलाई तीजका गीत भनिन्छ। तीजका गीतलाई ऋतुकालीन सांस्कृतिक पर्वगीत अन्तर्गत राख्न सकिन्छ। जातीय आधारमा तीजका गीत जारीजातिले गाउने गीत हुन्। साउनेसंक्रान्तिदेखि नै छिटपुट रुपमा तीजका गीत गाउन सुरु गरिए पनि तीजभन्दा एक/डेढ हप्तापूर्व तीजका गीत गाउने काममा तीव्रता आउन थाल्दछ र तीजका दिनसम्म त्यो चरमोत्कर्षमा पुग्दछ। तीजभन्दा अघिल्लो दिनलाई दर खाने दिन भन्दछन् र त्यस दिनको राति धेरै बेरसम्म कसैका घर दलान वा आगनमा बसी तीजका गीत गाउने र नाच्ने गर्दछन्। ऋषिपञ्चमीका दिनसम्म तीजका गीत गाउने प्रचलन छ। तीजका दिन सार्वजनिक खुला चौरमा भेला भई नाचचान गर्दछन्। तीजका गीतका लागि निकै प्रसिद्धी कमाएको गुल्मी जिल्लामा विभिन्न प्रकारका तीजका गीतहरू प्रचलित छन्। श्रुतिपरम्परामा आधारित कतिपय पुराना तीजका गीतहरू लुप्त भइसकेका हुन सक्छन् भने कैयन् तीजका गीतहरू लुप्त हुने स्थितिमा पनि छन्। मूलत पुरुषप्रधान समाजमा नारीहरूले भोग्नुपरेका पीडालाई तीजका गीतमा व्यक्त गरिएको पाइन्छ। पहिले-पहिले तीजका गीत गाउँदा थपडी मात्र बजाउने चलन भए पनि अचेल मादलको प्रयोग गर्ने प्रचलन सुरु भएको पाइन्छ।

१.४ भैलो :

भैलो गीत तिहारका अवसरमा विशेषत औंसी (लक्ष्मीपूजा) का दिन गाउने चलन छ। यो गुल्मी

जिल्लामा प्रचलित लोकगीतहरूमध्ये एउटा प्रसिद्ध गीत मानिन्छ । यसलाई पनि सांस्कृतिक पर्वगीत मानिन्छ । यो एक्लै नभएर सामूहिक रुपमा गाइने भएकाले सामूहिक गीत हो । यो गीत प्रायः महिलाद्वारा गाउने चलन छ । आइमाई, केटाकेटीहरू मिलेर भैलोगीत गाउनका लागि घरघर जाँदा घरधनीले बत्ती बालेर उनीहरूको स्वागत गर्नुका साथै आफ्नो घरमा पाकेका रोटीहरू नगद पैसा समेत दिने गर्दछन् । भैलो खेलेर जम्मा गरेको पैसाले वनभोज जाने अथवा त्यो पैसा त्यसका सहभागीहरूले बराबर बाँडेर लिने चलन पनि छ । अचेल गाउँघरमा कुनै सामाजिक/शैक्षिक कामका लागि भैलो खेलेर पैसा उठाउने र विद्यालय भवन, पुस्तकालय, फर्निचर आदि निर्माण गर्ने चलन सुरु भएको देखिन्छ । सहर बजारतिर अचेल भैलो खेल्ने एउटा विकृतिको रुप लिएको देखिन्छ । भैलिनीहरूले जबर्जस्त तोकेर र कम माग्ने, नदिएमा सराप्ने गरेको पनि पाइन्छ । तर गुल्मीमा त्यस किसिमको अशिष्ट क्रियाकलाप आजसम्म देखा परेको छैन । यस गीतमा लोकबाजा बजाउने र नाच्ने गरिन्छ । भैलोगीतमा एकजनाले भट्याउँछ र समूहले 'भैले' भन्छ । यसरी नै यो गीत गाउने क्रम अघि बढ्दछ ।

१.५ देउसी :

यो पनि तिहार (दीपावली) का अवसरमा गाइने ऋतुकालीन सांस्कृतिक तथा सामूहिक पर्वगीत हो । यो गीत महिला र पुरुष दुवैले गाउँछन् । देउसी गीत देवताहरूको वीरता र पराक्रमको कथामा आधारित हुन्छन् । यसमा पनि एकजनाले भट्याउने र समूहले 'देउसी रे' भन्ने चलन छ । देउसी गीत गाउँदै घरघर घुम्ने कामलाई देउसी खेल्ने भनिन्छ । देउसीमा देवताहरूका पौराणिक कथा र रामायणका कथामा वर्णित देवताहरूको पराक्रम र वीरतालाई गीतमा उनेर प्रस्तुत गर्ने चलन छ ।

देउसी गीतमा देउसीहरूले घरधनीलाई आफू आएको सूचना गीतका माध्यमबाट दिन्छन् । त्यसैक्रममा आउँदाखेरी बाटामा निकै दुःख पाएको र बली राजाले माग्न पठाएको कुरा पनि गीतकै माध्यमबाट व्यक्त गर्दछन् ।

१.६ फागु/होली

फागुन महिनाको पूर्णिमाका दिन गाइने फागु वा होली गीतलाई पनि ऋतुकालीन सांस्कृतिक चाडपर्व गीतका रुपमा लिन सकिन्छ । फागु पर्व भारतमा र नेपालको तराइ भेगमा बढी धुमधामका साथ मनाइने भए पनि यस गुल्मी जिल्लामा समेत फागु गीत गाउँदै होली खेल्ने र अबिर रङ्ग आदि एकले अर्कालाई लगाइ यो पर्व मनाउने चलन छ । यस अवसरमा केही अश्लील गीतका साथै श्लील गीतहरू पनि गाउने गरेको पाइन्छ । फागुगीत गाउँदा लोकबाजा बजाउने र नाच्ने पनि गरिन्छ ।

यो पर्व महाभारतमा वर्णित प्रल्हाद र हिरण्यकशिपुको कथासित गाँसिएको हो र होली शब्द होलिकाको नामसित गाँसिएको छ । यस दिनमा गुल्मेलीहरूले रंग र अबिर दल्ने र मीठा-मीठा खाने गरेको पाइन्छ । गाउँका केटाकेटी मिलेर घरघरमा गई होली खेल्ने र पैसा उठाई भोज खाने गर्छन् । पौराणिक कालमा कृष्ण र गोपिनीहरू होली खेलेको प्रसङ्गले यस पर्वको प्राचीनतालाई स्पष्ट पार्दछ ।

१.७ सोरठी

यो दसैं, तिहारका अवसरमा मगर जातिले गाउने वाद्ययुक्त र नृत्यगीत हो । यस गीतका लागि धेरैजनाको आवश्यकता पर्ने भएकोले यसलाई समूह गीत अन्तर्गत राख्न सकिन्छ । यस गीतका साथमा गरिने नृत्याभिनयलाई मारुनी नाच भनिन्छ । वस्तुतः मारुनी भन्नाले नर्तकीलाई सकेत गरेको बुझिन्छ । सोरठी गाउँदा पुरुषहरू नै नारीको भेष-भूषा लगाएर मारुनी बन्ने चलन छ । त्यसका साथमा रहने नटलाई पुर्सुङ्गे भन्दछन् । यस गीतमा मादल मुजुराजस्ता लोकबाजाहरू आवश्यक हुन्छन् । त्यस्तै नर्तक-नर्तकीले चाप लगाउने चलन छ । चाप भनेको खुट्टामा लगाउने त्यस्तो आभूषण हो जसले खुट्टाको तालसँगै छमछम सांगीतिक ध्वनि दिन्छ र सौन्दर्य प्रदान समेत गर्दछ । मारुनीले चोलो, घाघरी, पछ्यौरी

आदि कपडा प्रयोग गर्छन् भने पुर्सुङ्गेले पुरुषले लगाउने सेतो भोटो, आस्कोट, छड्के पटुका आदि लगाउने र फेटा गुँथ्ने चलन छ । यस गीतमा मादल बजाउने व्यक्तिलाई मादले भन्दछन् । करिब १०/१२ जना नृत्य-गायन गर्ने लोककलाकारको सहभागिता रहने यस गीतमा कम्तीमा दुईजना मारुनी, एकजना पुर्सुङ्गे र दुई जना मादले रहने चलन छ । मारुनी, पुर्सुङ्गे र मादलेको संख्या यसभन्दा बढी पनि हुन सक्छ । यसमा पुर्सुङ्गेले दर्शक/श्रोतालाई हँसाउने काम गर्दछ । यस प्रकारको गीतमा शृङ्गार, करुण हास्य र वीरताको भाव व्यक्त भएको हुन सक्छ । मगर जातिको बाहुल्य रहेको यस गुल्मी जिल्लाको सोरठी गीत र मारुनी नृत्य पहिले-पहिले निकै फस्टाएको भए पनि केही वर्षयता मगर जातिका युवाहरू पठन-पाठनका साथै अन्य क्रियाकलापमा बढी संलग्न हुँदै गइरहेका हुनाले सोरठी गीत र मारुनी नृत्यको प्रयोग केही कम हुँदै गइरहेको महसुस समेत गर्न थालिएको छ । वस्तुतः सोरठी गीत गाउँदा बिस्तारै बिलम्बित रुपमा गाउने चलन छ । त्यसरी लोकगायकहरूले गाइरहेको अवस्थामा यसलाई सजिलै बुझ्न पनि सकिँदैन ।

१.८ भलाए

यस गीतलाई 'माल' पनि भन्दछन् । भलाए वा माल ब्राम्हण र क्षत्रीहरूका घरमा विवाह, व्रतबन्ध आदि शुभ अवसरमा प्रायः बृद्ध महिलाहरूले गाउने चलन छ । यो वाद्य-नृत्य विहीन सांस्कृतिक तथा माङ्गलिक गीत मानिन्छ । दुलहा अन्माउँदा, दुलही भित्राउँदा, कसार बटार्दा र यस्तै महत्वपूर्ण क्षणहरूमा भलाए वा माल गाउने चलन अद्यावधि देखिन्छ । लस्के भाकामा गाइने यस गीतमा दुई तीनजनादेखि आठ दशजना महिलाको समेत सहभागिता रहने हुनाले यसलाई समूह गीत भन्न सकिन्छ । निकै लस्काएर गाउनेहुनाले यो गीत बुझ्न पनि कठिन पर्दछ । यो गीत विशेषत : करुण रस प्रधान हुन्छ ।

१.९ जिउँती/रत्यौली

यो विवाहका अवसरमा गाइने सामूहिक लोकगीत हो । वरका घरबाट दुलही लिनका लागि केटीपक्षका घरतर्फ जन्ती प्रस्थान गरिसकेपछि बर का घरमा गाइने यस गीतमा महिलाहरूको मात्र सहभागिता रहन्छ । यसरी जातीय दृष्टिले हेर्दा नारीजतिले मात्र भाग लिने जिउँती वा रत्यौलीलाई मनोरञ्जनप्रधान सास्कृतिक लोकगीत मान्न सकिन्छ । यसमा कतिपय महिलाहरूको पुरुषका गर गहनाहरू लगाएर अश्लील नृत्याभिनय गर्दछन् । यसमा वाद्यवादनको आवश्यकता नपरे पनि लोकबाजाको प्रयोग गर्न पनि सकिन्छ । संभोग शृङ्गारमूलक भाव व्यक्त हुने यस किसिमको लोकगीत नेपालको पूर्वी भेकतिर रत्यौलीका नामले प्रसिद्ध छ । रत्यौली सस्कृतको रतिमा नेपाली प्रत्यय यौली लागेर बनेको व्युत्पन्न शब्द हो । त्यसैले यसको नामबाटै यस प्रकारका गीतमा व्यक्त हुने भाव स्पष्ट हुन्छ । विवाहको लगन रातिको भएमा यो रातमा गाउने गरिन्छ भने दिउँसोको भएमा दिउँसोमै गाउने चलन छ । गुल्मेली नारीजातिको निकै लोकप्रिय गीत मानिने जिउँती वा रत्यौली गाउनका लागि युवतीहरूका साथै अधबैंसे युवतीहरू र प्रौढ अवस्थाका महिलाहरू समेत निकै उत्सुक हुन्छन् । त्यसका लागि जन्ती प्रस्थान गर्नासाथ उनीहरूको जिउँती फुर्न थाल्छ । कतिपय महिलाहरूले यसै अवसरमा आफ्नो यौन कुण्ठा र अतृप्त यौन चाहना व्यक्त गर्ने खालका गीत गाउँदै सोही अनुरुपको अभिनय समेत गर्ने गरेको पाइन्छ । दुलाहाको घरका दुलाहाकी आमा, दिदी, भाउजूजस्ता आफन्तहरूलाई व्य य गरी गीत गाउने चलन पनि पाइन्छ । उक्त कार्यक्रममा सम्मिलित महिलाहरूलाई विवाह हुने घरकाले सगुन (रोटी, कसार, चिउरा, अचार आदि) खुवाउने गर्दछन् । यो गीत गाउने र नाच्ने क्रम घण्टौंसम्म चलिरहन्छ । महिलाहरूले यसप्रकारका गीत गाउँदै नृत्यभिनय गरिरहेको अवस्थामा कतिपय पुरुषहरूले लुकीछिपी हेर्ने गर्दछन् । त्यस्तो अवस्थामा महिलाहरूले देखे भने उनीहरूलाई लखेट्ने गर्दछन् । पहिले-पहिले केटाहरू केटीको पहिरनमा त्यहाँ प्रवेश गर्ने प्रयास गरेका, पक्राउ परेका, महिलाहरूले त्यस्तालाई

हास्यपात्रका रुपमा प्रस्तुत गरेका घटनाहरू पनि सुनिन्छन्। कुनै कुनै जिउँती वा रत्यौली गीतहरू निकै मार्मिक पनि हुन्छन्।

१.१० बालगीत

प्रायः युवायुवतीहरूले माया-प्रीतिका गीत मन पराउने हुनाले त्यस्ता गीतहरूलाई उमेर अवस्थाका आधारमा युवा-लोकगीत अन्तर्गत राख्न सकिन्छ भने बूढाबूढीलाई शान्तरसयुक्त धार्मिक प्रकृतिका गीतहरू मन पर्ने भएकाले त्यस्ता गीतहरूलाई बूढाबूढीका गीत अन्तर्गत राख्न सकिन्छ। त्यस्ता धार्मिक गीतहरूमा भजन, कीर्तन आदि पर्दछन्। तर ती गीतहरूलाई उमेर अवस्थाका आधारमा नामाकरण नगरिए पनि बालबालिका सम्बन्धी गीतहरूलाई बालगीत भनी नामाकरण गरिएको पाइन्छ। बालबालिकाहरूलाई रोएको बेला फुल्याउँदा, फकाउँदा, सुताउँदा (निदरीगीत), खुवाउँदा गाइने लोकगीतहरूनै बालगीत हुन्। गुल्मी जिल्लामा पनि त्यस्ता केही बाल लोकगीत प्रचलित छन्। बालगीत पनि नृत्यवाद्यविहीन हुन्छन्।

१.११ भजन/कीर्तन

हरिशयनी एकादशी, हरिबोधनी एकादशी, महाशिवरात्रि, कृष्णजन्माष्टमी, रामनवमी, नवदुर्गा, हरेक एकादशी र पूर्णिमाजस्ता धार्मिक चाडपर्वका अवसरमा र पूजा-पाठ तथा यज्ञयागादि गर्दा गुल्मी जिल्लामा देवी-देवताको नाम तथा यशलाई गाउँदै, बजाउँदै, स्तुति भजन, कीर्तन गर्ने प्रचलन रहेको देखिन्छ। कुनै व्रत बस्दा पनि भजन कीर्तन गर्ने चलन छ। यस प्रकारको भजन कीर्तन प्रायः रातमा हुने भए पनि दिनमा र बिहानमा पनि भजन कीर्तन गर्ने प्रचलन रहेको छ। प्रायः ब्रम्हण क्षत्रीहरूले भजन-कीर्तनमा रुचि राख्ने गरेको पाइए पनि अन्य जातिले पनि यसमा रुचि राख्छन्। भजन-कीर्तनमा प्रायः उमेर ढल्किसकेका बूढा-बूढीहरूले विशेष रुचि राख्ने गर्दछन्। सप्ताह, नवाह वा यस्तै लामो समयसम्म वा धेरै दिनसम्म चल्ने यज्ञहरूमा प्राय दिनहुँ रातिको समयमा एक दुई घण्टा भजन कीर्तन गर्छन् भने अन्तिम दिन समापन अर्थात् साङ्गतापछि झन् व्यापक रुपमा भजन कीर्तन गर्छन्। त्यस्तै लक्षवर्ती, सत्यनारायण व्रत, चण्डी, रुद्री आदि एक दिवसीय यज्ञ गर्दा पनि त्यस्तै दिनको रातमा भजन/कीर्तन गर्ने चलन अद्यावधि कायमै छ। त्यस्ता अवसरमा कतै छेउछाउमा युवायुवतीले माया-प्रीतिका गीतहरू पनि गाउने गर्दछन्। जे सुकै भए पनि भजन कीर्तनलाई गुल्मेली लोकगीतको एउटा महत्वपूर्ण अङ्गका रुपमा लिनु पर्ने हुन्छ र त्यसलाई छाड्ने हो भने लोकगीतको अध्ययन अपूर्ण वा अपाङ्ग बन्न जान्छ। खैजडी सहित ती गीतहरूले गुल्मेली लोकगीतका सन्दर्भमा छुट्टै पहिचान राख्दछन्। त्यस्ता गीतहरू गाउँदा नाच्ने चलन पनि छ। त्यसैले भजन कीर्तनलाई वाद्यनृत्ययुक्त सामूहिक धार्मिक गीतका रुपमा लिन सकिन्छ। खास कुनै ऋतु वा समयमा मात्र गाइने गीत नभएकाले भजन कीर्तनमा केही आख्यान पनि पाइन्छ। कृष्णचरित्र र रामायण वा रामगाथामा आधारित भजन कीर्तन नै गुल्मी जिल्लामा विशेष रुपमा प्रचलित देखिन्छन् र गुल्मी चारपालाका रविलाल कडेलले रचिकृत रामायण, नामक रामगाथामा आधारित कृति पनि तयार गरेका छन्। त्यस अन्तर्गतमा भजन कीर्तनहरू गुल्मी जिल्लामा विशेष लोकप्रिय रहेका छन्।

यसरी हेर्दा गुल्मी जिल्लामा भजन कीर्तन विधा निकै फस्टाएको कुरा स्पष्ट हुन्छ। यहाँ प्रचलित भजन कीर्तनमा निकै विविधता पाइन्छन्। कुनै लस्के भाकामा गाइन्छन् भने कुनै चुट्के भाकामा पनि गाइन्छन्। त्यस्तै रामायणको खास क्षणको कथाको अंशलाई गीति स्वरुप दिएर हनुमान उतार्ने, हनुमानलाई कज्याउने र अन्त्यमा हनुमानलाई बसाल्ने वा शान्त पार्ने चलन पनि निकै प्रचलित छ। रामायणको खास क्षणको कथांशलाई भट्याउदा कतिपय व्यक्तिलाई हनुमान उत्रने विश्वास गरिन्छ। त्यस्ता भक्तमा हनुमानको शक्तिको स्थानान्तरण हुने र तिनीहरूले अद्भुत कामहरू गर्न सक्ने लोक विश्वास अनुरुप हनुमान उत्रनेहरूले केही साहसिक तथा अद्भुत कामहरू पनि गर्दछन् जो सामान्य अवस्थामा गर्न कठिन पर्दछ। विशेषतः युवा अवस्थाका पुरुष जातिलाई हनुमान उत्रन्छ। आजको भौतिक युगमा यसलाई सहजै स्वीकार्न नसकिए

पनि यो यहाँको लोकविश्वासको एउटा नमूना हो ।

१.१२ विविध प्रकारका लोकगीत :

माथि उल्लेखित लोकगीतका अतिरिक्त यस गुल्मी जिल्लामा अरु विविध प्रकारका लोकगीतहरू समेत प्रचलित भएकाले ती सबैलाई यस अन्तर्गत सामान्य चर्चा गरी समेट्ने प्रयास गरिएको छ। लोकगीतका रुपमा उल्लेख गर्न योग्य त्यस्ता गीतहरूमा दशैमा सराय खेल्दा प्रयोग गरिने वाक्खै वा, गाइने गीत, घाँस काट्दा गाइने घँसियागीत धामी झाँक्रीले फलाक्ने लोकविश्वासमा आधारित गीति अभिव्यक्ति र झारफुक गर्दा प्रयोग गरिने (ओहोला दोहोला फू मन्तरको वाचा आदि बोल भएका तान्त्रिक मन्त्र पनि लोकविश्वासमै आधारित भएकाले यस अन्तर्गत समावेश गर्न सकिने) गीति अभिव्यक्ति आदि पर्दछन् । त्यस्तै पीनास फुक्दा प्रयोग गरिने कथात्मक गीत, ज्वरो आउँदा र सातो जाँदा फुक्फाकगर्ने मन्त्र नाम गरिएका गीति अभिव्यक्तिलाई पनि यसै अन्तर्गत समावेश गर्न सकिन्छ । विवाहका अवसरमा गाइने दमाइँ गीत पनि यसै अन्तर्गत पर्दछ ।

माथि उल्लेख गरिएका गीत तथा गीति अभिव्यक्तिमध्ये कतिपय गीतको आफ्नै पहिचान छ भने कतिपय गीतलाई अन्य शीर्षक मै चर्चा गरिएको पनि छ। गुल्मी जिल्लामा दमाइँ गीत, गाइने, घँसिया गीत आदिका नामबाट छुट्टाछुट्टै गीतहरू प्रचलित नदेखिए पनि उपर्युक्त गीतले उपर्युक्त क्षणको भावलाई व्यक्त गरेमा त्यसलाई अन्य गीत भन्दा आंशिक रुपमै भए पनि बेग्लै मानी चर्चा गर्न सकिन्छ। उदाहरणार्थ गुल्मी जिल्लामा दमाइं गीतका नामबाट प्रसिद्ध बेग्लै खालका गीतहरू छैनन् तापनि भ्याउरे गीतको एउटा खास लयको गीत विवाहका अवसर मा पञ्चैबाजा बजाउँदै त्यसैका तालमा दमाईहरूले गाउने र साथसाथै नाच्ने पनि गर्दछन् ।

भ्याउरे गीतबाट केही मात्रामा दमाइँ गीत छुट्टिएजस्तै घाँस काट्दा एक्लै विरहको स्वरमा गाइने घँसियागीत र गाइनेले सारङ्गी रेट्तै गाउने गाइनेगीतलाई पनि भ्याउरे गीतबाट छुट्टिएर आफ्नो निजत्व देखाउन सक्ने देखिन्छ । त्यस्तै अन्य तन्त्रमन्त्रात्मक गीत र लोक-विश्वासमा आधारित गीतिमूलक अभिव्यक्तिको खोजअनुसन्धान गरी लोकगीतको एउटा भेदका रुपमा राख्न सकिने संभावना पनि प्रबल रुपमा रहेको छ। भविष्यमा यस क्षेत्रमा खोज अनुसन्धान गर्नेहरूका लागि त्यो ढोका खुला छ र त्यसतर्फ चासो देखाएर भविष्यमा खोज-अनुसन्धान हुने कुरामा आशावादी पनि हुन सकिन्छ ।

२. गुल्मेली लोकगीतको वर्गीकरण

लोकसाहित्यका अध्येता तथा अनुसन्धाताहरूले लोकगीतलाई स्वरुप, आकार, जाति, कर्म, उमेर, प्रस्तुति, विषयवस्तु, लय आदिका आधारमा वर्गीकरण गरेका छन्। नेपालको पश्चिमाञ्चल क्षेत्रको लुम्बिनी अञ्चलअन्तर्गत पर्ने गुल्मी जिल्लामा प्रचलित विविध प्रकार का लोकगीतलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

२.१ स्वरुप वा आकारका आधारमा वर्गीकरण :

यस आधारमा गुल्मेली लोकगीतलाई लघुतम, लघु र मध्यम गरी तीन भागमा बाँड्न सकिन्छ । जीवनको एक झिल्किएका मात्र झिलिएको दुई हरफदेखि चार हरफसम्मका गीतलाई लघुतम गीत अन्तर्गत राख्न सकिन्छ । यसअन्तर्गत बालगीत, चारहरफे सिलोक आदि पर्दछन् । त्यस्तै जीवनको एक अन्जुली परिवेशलाई लिएर भावना व्यक्त भएका गीत लघु आकारका गीत अन्तर्गत पर्दछन् । मनमा लागेका कुराहरूलाई छोटो मीठो रुपमा भन्नका लागि मध्यम आकारका लोकगीत उपयुक्त मानिन्छन्। असारे, मालसिरी, सालैजो आदि मध्यम आकारका गीतका उदाहरण हुन्। मध्यम आकारका आख्यानको प्रबलता हुँदैन । अर्थात् यस प्रकारका गीतहरू आख्यानात्मक हुँदैनन् । लोकगाथाभन्दा लामाखालका लोकगीतलाई मध्यम आकारका मान्न सकिन्छ । यस्ता लोकगीतहरू लोकगाथा र लघु आकारका लोकगीतका बीचमा पर्दछन् । आख्यान भए पनि पूर्ण आख्यान नभएकाले त्यस्ता लोकगीतलाई लोकगाथाअन्तर्गत राख्न नमिल्ने भएकाले र लघु आकारका लोकगीत भन्दा लामाखालका भएकाले नै त्यस्ता खालका लोकगीतलाई मध्यम आकारका लोकगीत अन्तर्गत राखिएको हो । देउसीरे, घटनाप्रधान नीजका गीत आख्यानप्रधान

भजन कीर्तन आदि यस अन्तर्गत पर्दछन् ।

२.२ जातिका आधारमा वर्गीकरण :

गुल्मी जिल्लामा प्रचलित सम्पूर्ण लोकगीलाई जातिका आधारमा वर्गीकरण गर्न नसकिए पनि कतिपय लोकगीतलाई यस आधारमा पनि बाँड्न सकिन्छ । बाहुन जातिको माल, मगर जातिको सोरठी, गुरुङ जातिको रोदी र गन्धर्वका गीतलाई जातिगत भिन्नता छुट्टिने लोकगीतका रुपमा लिन सकिन्छ । तर एक जाति अर्को जातिको गीतमा सहभागी बन्दुले यहाँको अनेकतामा एकतालाई देखाउँछ । पुरुषप्रधान समाजमा नारीले भोगपरेका पीडालाई व्यक्त गरी तीजका अवसरमा नारीहरूद्वारा गाइने तीजका गीतहरू नारीजातिका छुट्टै गीतहरू हुन् । त्यसैले यहाँ प्रचलित कतिपय गीतहरूलाई जातिका आधार मा वर्गीकरण गर्न सकिने कुरा स्पष्ट हुन्छ ।

२.३ कर्मका आधारमा वर्गीकरण :

यस आधारमा गुल्मेली लोकगीतलाई सकर्म र अकर्म गरी दुई भागमा बाँट्न सकिन्छ । काम गर्दा गाइने गीतलाई बालीजस्ता गीत सकर्म हुन् भने जिउँती, तीजका गीत सोरठी आदि सकर्म गीतका उदाहरण हुन् ।

२.४ उमेर अवस्थाका आधारमा वर्गीकरण :

लोकगीतमा मानवीय भावना व्यक्त भएको हुन्छ । उमेर अवस्थाअनुसार मानिसको कुनै कुरामा बढी तृष्णा र कुनै कुरामा वितृष्णा हुने गरेको पाइन्छ । बाल-बालिका, युवा-युवती र बुढा-बुढीका चाहना वा इच्छाहरू बेग्लाबेग्लै हुने भएकाले यस आधारमा कुनै बालगीत, कुनै युवायुवतीका गीत र कुनै बुढा-बुढीका गीत हुन सक्छन् । बालगीत सजिलै छुट्टिए पनि युवायुवतीका र बुढा-बुढीका गीतहरू छुट्याउन केही कठिन पर्ने देखिन्छ तापनि यहाँ माया-प्रीतिको भाव व्यक्त भएका गीतलाई युवागीत र भजन कीर्तन आदिलाई बृद्धगीतका रुपमा संकेत गर्न खोजिएको हो ।

२.५ प्रस्तुतिकरणका आधारमा वर्गीकरण :

कुनै पनि गीतको आ-आफ्नो प्रकारको प्रस्तुतिकरण हुन्छ । त्यसैले गुल्मेली लोकगीतलाई प्रस्तुतिकरणका आधारमा एकल र समूह, वाद्ययुक्त र वाद्यविहीन, नृत्यभिनय र नृत्यभिनयविहीनका अतिरिक्त लयात्मक प्रस्तुतिलाई दृष्टिगत गरी विविधरुपमा वर्गीकरण गर्न सकिन्छ । बालगीत, घाँस-दाउरा खोज्दा गाइने गीतहरू एकल गीतका उदाहरण हुन् भने भैलो, देउसीरे असारे, बाली, सोरठी आदि समूह गीतका उदाहरण हुन् । त्यस्तो बालगीत, तीजका गीत आदि वाद्यविहीन गीतअन्तर्गत पर्छन् भने मादल, डम्फु, मुजुरा, बाँसुरी, खैजडी, घुँघरु आदि प्रयोग गरेर (बजाएर) गाइने गीतहरू वाद्ययुक्त गीतका नमूना हुन् ।

त्यस्तै नाच्दै अभिनय गर्दै गाइने तीजका गीत, सोरठी आदि नृत्यभिनय गीत अन्तर्गत पर्छन् भने बालगीत सिलोक आदि नृत्यभिनयविहीन लोकगीत हुन् । चुट्के लयका गीतहरू द्रुतगीत अन्तर्गत पर्छन् भने लस्के भाकाका गीतहरू विलम्बितमा पर्छन् । ती दुवैको बीचमा पर्ने गीतहरू लयका दृष्टिले मध्यगीत अन्तर्गत पर्दछन् । तर कतिपय त्यस्ता गीतहरू पनि यहाँ प्रचलित छन् चुट्के, लस्के र मध्य जुनसुकै लयमा पनि एउटै गीतलाई गाउन सकिन्छ ।

२.६ विषयवस्तुका आधारमा वर्गीकरण :

यस आधारमा गुल्मी जिल्लामा प्रचलित लोकगीतलाई संस्कार र धार्मिकगीत, पर्व वा ऋतुकालीनगीत, समसामयिक र सदाबहार वा बाह्रमासे गीतका रुपमा वर्गीकरण गर्न सकिन्छ । विवाह, ब्रतबन्ध आदि सांस्कृतिक अवसरमा गाइने संस्कार गीत हुन् । यस अन्तर्गत जिउँती वा कीर्तन, भजन आदि पर्दछन् । त्यस्तै भजन, कीर्तन आदि धार्मिक गीतअन्तर्गत पर्दछन् भने फागु पूर्णिमामा गाइने होलीगीत, तिहारका अवसरमा गाइने देउसी, भैलो, सोरठीजस्ता गीतहरू र तीजका गीतहरू पर्व वा ऋतुकालीन लोकगीत अन्तर्गत पर्दछन् । तत्कालीन कुनै घटनामा आधारित लोकगीत समसामयिक अन्तर्गत पर्छन् भने बाह्रै महिना गाउन मिल्ने गीतहरू सदाबहार/बाह्रमासे गीत अन्तर्गत पर्छन् । भ्याउरे भाकाका दोहोरी, सालैजो आदि सदाबहार वा बाह्रमासे गीतका उदाहरण हुन् ।

२.७ स्रोतका आधारमा वर्गीकरण :

गुल्मी जिल्लामा प्रचलित अधिकांश लोकगीत यहाँकै समाजबाट उब्जेका हुन् । यहाँको सामाजिक आर्थिक प्राकृतिक, सांस्कृतिक आदि स्वरुपलाई दर्शाउने खालका यहाँकै समाजबाट उब्जेका त्यस्ता लोकगीतलाई उत्पाद्य भन्न सकिन्छ । यहाँ ऐतिहासिक

तथा पौराणिक विषयवस्तुमा आधारित लोकगीतहरू समेत प्रचलित देखिएकाले त्यस्ता लोकगीतलाई प्रसिद्ध वा प्रख्यात भन्न सकिन्छ। यसरी गुल्मी जिल्लामा प्रचलित लोकगीतलाई स्रोतका आधारमा उत्पाद्य र प्रसिद्ध वा प्रख्यात गरी दुई भागमा बाँड्न सकिने देखिन्छ। यसो भन्नुको तात्पर्य लोकगीत अन्य गीत झैं कविकल्पनामा आधारित हुन्छन् वा तिनको रचना खास व्यक्ति विशेषले गर्दछन् भन्ने होइन। तर लोकगीत भुइँफुट्टा कदापि होइन र यो शून्यमा अडिन नसक्ने भएकोले यसको उत्पत्तिको कुनै न कुनै आधार हुनु स्वाभाविकै हो।

२.८ रस-भावका आधारमा वर्गीकरण :

सर्वसाधारण जनताको हृदयबाट अनायास र साएका सिद्धै नेपालको राष्ट्रिय धरोहरका रुपमा र हेका गुल्मेली धर्तीका अमूल्य सम्पदा मानिने यहाँका लोकगीतहरू शृङ्गार, करुण, वीर, शान्त आदि विभिन्न रस र रति, शोक र उत्साह वैराग्य आदि भावमा आधारित हुन्छन्। त्यसैले यहाँका लोकगीतलाई रस-भावका आधारमा समेत वर्गीकरण गर्न सकिन्छ। युवायुवतीहरूले गाउने मायाप्रीतिका गीतहरूमा विशेषतः शृङ्गार रसका साथै रति-भाव व्यक्त भएको पाइन्छ भने पुरुष-प्रधान समाजमा सासू-ससुराबाट अपहेलित, आफ्नै पतिद्वारा उपेक्षित बुहारीहरूले तीजका अवसरमा गाउने कारुणिक गीतमा शोकको भाव व्यक्त गरिएको हुन्छ। त्यस्तै शत्रु-बैरीलाई मार्नका लागि आफ्नै पतिलाई प्रेरणा दिने खालका वीरतापूर्ण गीतमा उत्साहको भाव व्यक्त गरिनुका साथै भजन कीर्तन आदि भक्तिभावपूर्ण गीतमा वैराग्यको अभिव्यक्ति हुन्छ। यसरी हेर्दा गुल्मी जिल्लामा प्रचलित लोकगीतहरूमा रसभावको विविधता पाइन्छ। यसका अतिरिक्त यदाकदा हास्य, रौद्र आदि रस प्रधान लोकगीतहरू समेत यहाँ सुन्न पाइन्छ।

भावगत संरचनाका दृष्टिले हेर्दा गुल्मी जिल्लामा प्रचलित लोकगीतहरू दुई प्रकारका देखा पर्छन् :

१ पंक्ति-पंक्तिका बीच भावगत सम्बन्ध भएका

२ पंक्ति-पंक्तिका बीच भावगत सम्बन्ध नभएका

यी दुई प्रकारका लोकगीतमध्ये पहिलामा अनावश्यक पंक्तिको प्रयोग हुँदैन। त्यस्तै दोस्रो प्रकारको गीतको पहिलो चरण तुक मिलाउनका लागि मात्र प्रयोग गरिएको हुन्छ, मूल कथ्य पछिल्लो पंक्तिमा हुन्छ।

उपर्युक्त वर्गीकरणका अतिरिक्त गुल्मेली लोकगीतलाई तालिकामा समावेश गरी निम्नानुसार वर्गीकरण गर्न सकिन्छ।



यसरी विविध प्रकारका लोकगीत प्रचलनमा रहेको गुल्मी जिल्ला लोकगीतका दृष्टिले सम्पन्न रहेको छ। यस जिल्लामा प्रचलित विवध प्रकारका लोकगीतहरूबाट उक्त कुराको पुष्टि हुन्छ।

सन्दर्भ सामग्री

१ कृष्णप्रसाद पराजुली : लोकगीतको आलोक, वीणा प्रकाशन प्रा.लि. काठमाडौं

२. चूडामणि बन्धु : लोकसाहित्य सिद्धान्त विवेक वर्ष ९ अङ्क ३, ने.प्रा.स. वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर

३. ठाकुर काफ्ले : गुल्मी लोकलय

४ दीन पन्थी : गुल्मेली जनजीवन र लोकसस्कृतिका केही पक्षहरू, हाम्रो पुरुषार्थ, वर्ष २४ अङ्क १, २०५३

५. राधेश्याम पौडेल : गुल्मी जिल्ला परिचय, गृहमन्त्रालय, काठमाडौं

कविता

नरमेध

◈सुदीपभद्र खनाल

हे मेरा मनका सुरम्य सपना छायाँ र माया सुन
मैरी खेत बिक्यो टरेन घरको घ्यू तेल पीठो नुन
होला क्यै त भनी उदार मनले स्वप्ना जहाँ देखियो
त्यैं चट्याङ पऱ्यो टुट्यो निद छुट्यो स्वप्नील संसार त्यो।

त्यो भित्री मनको मुराद, दुःखको तीतो सुसेली बन्यो
त्यो विश्वास प्रशान्त सागर सुकी मैलो कुलेसो बन्यो
चकनाचूर भए समग्र सपना आकाश भैंमा खस्यो
मुर्छामा छ बसुन्धरा धुकधुकी बाँकी छ ! वाणी बस्यो।

मान्छे कोमल फूल सौम्य यसरी काँडा बनेको किन ?
यो कस्तो नरमेध-होड ननिको नौलो चलेको किन ?
मैली संस्कृति स्वच्छता विकृति यो फैलीरहेको किन ?
मान्छे मानवबाट आज यसरी दुङ्गो बनेको किन ?

मान्छे मानवकै चुसेर पसिना मान्छे बनेको किन ?
मान्छे मानवता भुलेर यसरी मान्छे बनेको किन ?
मान्छे आज लघार्न मानव स्वयं तम्सीरहेको किन ?
मान्छे निम्ति अजेय त्रास यसरी 'मान्छे' बनेको किन ?

खै हाम्रा सपना समस्त सुकिला आफैं हराए किन ?
मोती-रूप पवित्र बूँद जलका चोखा विलाए किन ?
मान्छेका हुलबाट मानिस यहाँ आफैं हराए किन ?
यो कस्तो कुन सभ्यता मनुसँगै 'मान्छे' डरायो किन ?

थालेको नरमेध भोलि कसरी रोकिन्छ हे मानव ?
या सारा मनु बेदिमा होमिन्छ हे मानव ?
यो कस्तो कुन यज्ञ हो नरबलि-स्पृही छ मौलो किन ?
यस्तो विभ्रमले त भोलि कसरी खुल्ला सुनौलो दिन ?

त्यो हाम्रो सपना खुला सडकको के हुन्छ भोलि अब ?
भ्रान्तिले सपना बनेर विपना मौलन्न रे उत्सव
हे मान्छे ! मनको विकार तमको कालोपना फालिदे
रोकी यो नरमेध ईश्वर सके दे प्रेम दे शान्ति दे।

हल्का यौवन फूलको समयका सामिप्यले फक्रिई
काँडाकै पनि साथमा मृदुलता चाहिन्छ जो त्यो लिई
फक्रेझैं कुसुमी उदार दिलका मान्छे तिमी जाग हे !
छर्की शान्ति-सुधा भविष्यतिरको निर्माणमा लाग हे।

◈◈◈

नववर्ष २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा
शुभचिन्तक महानुभावहरूमा सुख, शान्ति तथा समृद्धिका लागि
हार्दिक मङ्गलमय **शुभकामना** व्यक्त गर्दछौं।

स्ट्याण्डर्ड छाला उद्योग

वीरगंज उप-महानगरपालिका-२ छपकैया

फो नं ५२१२७०

समीक्षा

वीपीको समाधि : एक समीक्षा

◈टीकाराम घिमिरे

नेपाली साहित्यका क्षेत्रमा आ-आफ्ना विशिष्ट एवम् गरिमामय रचनाका माध्यमद्वारा धेरै साहित्यकारहरू महत्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । साहित्यका विभिनन विधाहरूमध्ये सर्वाधिक फष्टाएको वा मौलाएको विधा मनेको पद्यविधा हो । आधुनिक नेपाली साहित्यको शुरूवात सँगै थालिएको गद्यात्मक पद लेखनकै बोलबाला रहेको अहिलेको काव्य-रचनाका क्षेत्रमा छन्दोबद्ध फुटकर रचना, खण्डकाव्य वा महाकाव्य लिएर कमै साहित्य-साधक देखापरेको छन् ।

प्रथमतः साहित्य-साधना स्वयंमा कठिन कार्य हो । त्यसमा पनि पूर्वीय साहित्य-सिद्धान्तद्वारा प्रतिपादित काव्य लेखनका सीमाभित्र आबद्ध भएर छन्दोबद्ध रचना गर्नु भनेको झनै दुष्कर कार्य हो ।

कर्म जतिसुकै दुष्कर र कठीन भए पनि दृढ इच्छाशक्ति, अथक श्रम र गहन लगनशीलता जस्ता गुणहरूले व्यक्तिलाई कठीन कर्म पनि सहज र सरल तुल्याइदिन्छ । इच्छा र लगनशीलता व्यक्तिका चाहना पूरा गर्ने आधार हुन् । झन् सानै उमेरदेखि कसैको रूचि र चाहना छन्दोबद्ध कार्यरचनातर्फ ढल्किएको छ र निरन्तरता पनि पाइरहेको छ भने वयगत प्रौढतासँगै स्तरीय काव्य श्रृजना हुनपर्नु स्वाभाविक नै मान्नुपर्दछ ।

सानै उमेरदेखि फुटकर कविताहरू रचेर साथी-सङ्गीका बीचमा आफ्नो साहित्यिक प्रतिभा प्रदर्शन गर्दै आएका नीलकण्ठ भट्टराई अहिले हाम्रा सामु गहकिला खण्डकाव्य र महाकाव्य लिएर देखापरेका छन् - ती पनि छन्दमा ।

सधैं सादापन र उच्चविचार बोके हिंड्ने कवि भट्टराईको समीक्षा कृति 'वीपीको समाधि' अध्ययन गर्दा उनी नेपाली साहित्यका मूर्धन्य साहित्यकार एवं नेपाली राजनीतिका शिखरपुरुष श्री विश्वेश्वर प्रसाद कोइरालाबाट अत्यधिक प्रभावित देखिन्छन् । स्वर्गीय कोइरालाको जीवनको अन्तिम अवस्था वा मृत्युलाई खण्डकाव्यको विषयवस्तु बनाएर उनीप्रति खण्डकाव्यका भट्टराईले जुन भावना व्यक्त गरेका छन् त्यसको परिणतिका रूपमा 'वीपीको समाधि'लाई लिन सकिन्छ ।

प्रस्तुत खण्डकाव्य पूर्वार्ध र उत्तरार्ध गरी दुईखण्डमा विभक्त छ । पूर्वार्ध वा प्रथम खण्डमा वीपीको मृत्युलाई महासमाधिका रूपमा चित्रण गर्दै कविले वार्णिकछन्दमा मार्मिक एवं हृदयस्पर्शी भावनाहरू व्यक्त गरेका छन् । वीपी एक साधारण मान्छे नभएर महामानव हुन् उनी नेपाली-साहित्यिक र राजनीतिक इतिहासका कालखण्डमा देखापर्ने साहित्यकार र राजनीतिज्ञ मात्र नभई जीवन अर्पण गर्ने वीपी कोइरालाको निधन नेपालीका निम्ति असह्य पीडा सावित भएको थियो । जब वीपी कोइराला मृत्युसँग अन्तिम लडाई लड्दै थिए र त्यस लडाईमा उनी पराजित भई मृत्युको वशमा पुगे- त्यो क्षण, त्यो अवस्था निश्चय पनि अत्यन्त मार्मिक, कारूणिक, पीडायुक्त थियो । देश र समाजको भलाइका निम्ति आजीवन संघर्ष गर्ने महामानव वीपीको निधनमा उनका आफन्त परिजन मात्र रोएका थिएनन्, सारा नेपाली रोएका थिए । उनको मृत्यु भएको मित्रपार्क स्थित निवासमात्र होइन, सारा काठमाडौं र सम्पूर्ण नेपाल नै विस्मयको गहिरो सागरमा डुब्न पुगेको थियो । प्रकृति रोएको थियो । भवन अट्टालिका, मार्गहरू, मार्गहरू, बोट-वृक्षसबै स्तब्ध थिए । सबैलाई उनको अनुपस्थिति पच्न सकिरहेको थिएन । उनको मृत्युको घोषणा कोही पत्याउन तयार थिएनन् । सबैलाई आफ्नै घरमुलीको मृत्यु भएजस्तो अनुभव भइरहेको थियो, सबैले आफुलाई

अभिभावकविहीन ठानिरहेका थिए । अब के हुन्छ र कसो हुन्छको भाव सबैका मुहारमा स्पष्ट झल्किन्थ्यो, तर पनि आफूलाई सम्हाल्दै सबै वीपीको अन्तिम दर्शन गर्दै थिए र भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै थिए ।

यिनै दर्दनाक र विस्मयकारी क्षणका बीचमा शुरु हुन्छ वीपीको शवयात्रा । हजारौं-हजार मानव सागरका रूपमा अगाडी बढेको वीपी महाभिनिष्क्रमणको यात्रा जति अगाडी बढ्दथ्यो त्यति मानवसागर विशाल बन्दै जान्थ्यो । सारा सडक, पेटी किनारा मलामीद्वारा भरिभराउ थिए । महिला, वृद्ध, अशक्त आ-आफ्ना घरका छत बुइँगलबाट वीपीलाई अश्रुपूर्ण विदाई गर्दै थिए ।

यसरी हेर्दा प्रस्तुत खण्डकाव्यको पूर्वार्धको विषयवस्तु भनेको वीपीको मृत्युशैय्याको अन्तिमावस्थादेखि मृत्यु, शवयात्रा र आर्यघाटमा गरेको दाहसंस्कार हुँदै धूमयानबाट स्वर्ग जाने क्रममा वायुमण्डलसम्म पुगेको घटना नै प्रमुख रूपमा रहेको देखिन्छ । खण्डकाव्यको उत्तरार्धमा कवि कल्पनाका उडानमा अधिक उडेको देखिन्छ । "जहाँ न पहुँचे रवि वहाँ पहँचे कवि" भन्ने उखालाई चरितार्थ गर्दै खण्डकाव्यमा काव्यकार नीलकण्ठ भट्टराईले कल्पनाको सहारा लिदै स्व. विश्वेश्वरप्रसाद कोइरालाको स्वर्गमा यसरी स्वागत-सत्कार गरियो भन्ने कुराको रोचक वर्णन गरेका छन् ।

पूर्वार्धको कथावस्तुमा वीपीको आर्यघाटमा दाहसंस्कार गरिएपछि उनी धूमयानमा सवार भई वायुमण्डलसम्म पुगेको चर्चा छ । वायुमण्डलभन्दा माथि स्वाभाविक रूपमा धूमको पहुँच हुन सक्तैन त्यसैले वायुमण्डलभन्दा माथिको यात्रामा वीपीलाई स्वर्गसम्म पुग्न व्योमयानले सघाएको थियो । व्योमयानमा स्वर्ग पुगेका श्री विश्वेश्वरप्रसाद कोइरालाको स्वागतका निम्ति स्वर्गका बाटाहरूमा अनेकौं जलपूर्ण घडाहरू राखिएका थिए, अनेकौं स्वागतद्वार बनेका थिए र रङ्गीविरङ्गी ध्वजापताकाहरूले स्वर्गको सौन्दर्यमा थप सुन्दरता बढाएका थिए । देव-देवाङ्गनाहरूको पुष्पवृष्टि र सुन्दर स्वागतद्वारहरू पार गर्दै स्वर्ग पुगेका वीपी कोइरालाले इन्द्रसँग गरेको सम्वाद, इन्द्र समक्ष उनले राखेका विभिन्न जिज्ञासाहरूको सुन्दर साहित्यिक वर्णन गरिएको छ । यतिमात्र होइन, वीपीको स्वागतका निम्ति स्वर्गका नेपाली शहीदहरू र देवगणहरू उपस्थित भएको मन्दाकिनीमा स्नान गरेपछि उनको दर्पनाश भएको प्रजातन्त्रका निम्ति अथक लडाई गर्ने वीपी कोइरालाजस्ता नेताहरूले प्रजातन्त्र प्राप्तिसँग नेपालीको मुहार हँसिलो हुने, जीवनशैलीमा सुधार हुने, सबै तह र तप्काका जनताले मानवोचित जीवन यापन गर्न आवश्यक पूर्वाधार प्राप्त गर्ने जुन आशा लिएका थिए ती सबै निराशामा परिणत भए । बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि सत्तामा पुगेका नेताहरूले शहीदहरूको आत्मोत्सर्गको अर्थ र जनताका चाहना बुझ्नुको साटो आ-आफ्ना स्वार्थपूर्तिमा लिप्त भए भन्ने वर्णन गर्दै खण्डकाव्यमा नीलकण्ठ भट्टराईले सत्ताधारीहरूको काम र व्यवहारबाट स्वर्गमा बसेका वीपी कोइराला लगायतका शहीदहरू मर्माहत भएको व्यहोरा समेत आफ्ना काव्यमा उल्लेख गरेका छन् । तर पनि विगत चौध वर्षदेखि जनहितको, राष्ट्रहिततको कार्यबाट विचलित भएका नेताहरूमा एकदिन विवेक फर्किने र देश समृद्धितर्फ उन्मुख हुने आशा गर्दै वीपी कोइराला लगायतका स्वर्गमा रहेका नेपाली शहीदहरूले पुनः नेपालमै जन्म लिने मनसाय व्यक्त गरेका कुराहरूलाई खण्डकाव्यमा रोचक शैलीमा प्रस्तुत गरिएको छ । मुलुक हाँक्ने जिम्मा लिएका नेतृत्व पंक्तिका व्यक्तिहरूको अकर्मण्यता, अदूरदर्शिता र सत्तालिप्साका कारण देश दिनप्रतिदिन अधोगतितर्फ उन्मुख भइरहेको देख्दादेख्दै पनि स्वर्गमा रहेका नेपालीहरूबाट पुनः नेपालमै जन्म लिने भावना प्रकट गराउनु भनेको काव्यकारले राष्ट्रप्रति माया प्रदर्शन गर्नु हो । उनी अझ पनि धैर्यका साथ के कुरामा आशावादी देखिन्छन् भने मुलुकको नेतृत्व एकदिन सही व्यक्तिका हात पर्नेछ र स्वर्गीय शहीदहरूले सोचे अनुसारको समुन्नत, समृद्धि र स्वाभिमानयुक्त स्वतन्त्र नेपालको निर्माण हुनेछ । राष्ट्र र राष्ट्रियताप्रति समर्पित एउटा नेताको

मृत्युलाई विषयवस्तु बनाएर खण्डकाव्यको रचना गर्ने काव्यकार नीलकण्ठ भट्टराई देशको वर्तमान अवस्थाप्रति अत्यन्त चिन्तित देखिन्छन् र मुलुकको उज्ज्वल भविष्यको चाहना राख्दछन् । शोकपूर्ण विषयलाई काव्यकारिताको विषयवस्तु बनाएर पनि कविले आफ्नो खण्डकाव्यका माध्यमद्वारा राष्ट्रियता सम्बन्धमा अनेक सकारात्मक भावनाहरू प्रकट गरेका छन् । एउटा सचेत नागरिकमा हुनुपर्ने राष्ट्रप्रेम, राष्ट्रवादी भावना उनमा पनि रहेको प्रस्तुत खण्डकाव्यबाट छर्लङ्ग हुन्छ ।

'वीपीको समाधी' खण्डकाव्यको मूल विषयवस्तु वीपीको मृत्युक्षणको वरपरको विषय नै हो तापनि उत्तरार्धमा स्वर्गको गमन र त्यहाँ भएका स्वागत-सत्कार, सम्वाद आदिको वर्णनको शोकको अनुभूतिभन्दा आनन्दानुभूति दिएको देखिनछ । पुनः चौध वर्षको अवधिमा देशले केही गर्न नसक्नुमा खिन्नता झल्कन्छ । यसरी हेर्दा काव्य शोक, आनन्द र खिन्नताको तीन अवस्थाबाट अगाडी बढेको देखिन्छ । कवि नीलकण्ठ भट्टराईका अनेक फुटकर रचना यसपूर्व प्रकाशित भए पनि पुस्तकका रूपमा उनको यो पहिलो रचना हो । यद्यपि लेखनका दृष्टिले यसपूर्व नै उनले वीपीका विषयमा महाकाव्य तयार गरिसकेका भए पनि आर्थिक कारणले त्यो प्रकाशित हुन सकिरहेको थिएन । प्रथम प्रकाशित रचना भएकाले होला खण्डकाव्यमा केही सामान्य त्रुटीहरू देखिन्छन् "अपि मासं स कुर्यात् छन्दोभङ्गं नकारयेत्" को आग्रहले होला एकाध ठाउँमा छन्द मिलाउने लोभले शब्दस्वरूपमा विचलन आएको देखिन्छ । शुद्धाशुद्धीमा पनि त्यति ध्यान पुग्न नसकेको हो कि ? जस्तो देखिए तापनि पूर्वार्धमा त्रियानब्बे श्लोक र उत्तरार्धमा छयासी श्लोक समेटिएको प्रस्तुत खण्डकाव्य 'वीपीको समाधि' नेपाली खण्डकाव्यमा प्रकाशकीय, लेखकीयका अतिरिक्त प्रा.डा. घट्टराज भट्टराईको संक्षिप्त मन्तव्य समेत समावेश गरिएको छ । पच्चीस रूपियाँ मूल्य रहेको प्रस्तुत कृतिको आवरण विषयवस्तुअनुरूप आकर्षक छ । समय अनुसार मूल्य महँगो भन्ने ठाउँ छैन । महत्वपूर्ण विषयवस्तु र स्तरीय प्रस्तुतीकरणका दृष्टिले वीपीको समाधि खण्डकाव्य पठनीय र संग्रहणीय छ ।

***

नववर्ष २०६० को
सुखद् उपलक्ष्यमा सम्पूर्ण
देशवासीहरूमा हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

हिमालयन बैंक लि.
Himalayan Bank Limited
हेड अफिस तथा मुख्य शाखा
त्रिदेवी मार्ग, ठमेल, पोष्ट बक्स ३८१०, काठमाडौं
फोन नं ४२२७७४९, ४२५०२०१, फ्याक्स: ४२२२८००

नववर्ष २०६० को
सुखद् उपलक्ष्यमा हाम्रा सम्पूर्ण
ग्राहकवर्ग एवं शुभ-चिन्तकहरूमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

नबिल बैंक लिमिटेड
Nabil Bank
Nabil Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O box:3729, Kathmandu, Nepal
Tel: 4429546/47
Fax: 0097-1-4429548, Telex: 2431 NABIL H NF
e-mail: nabil@nbil.com.np
Web Page: http://www.travel.nepal.com/nabilbank

कविता

आमाछोरीहरुप्रति

◈ज्ञानप्रसाद आचार्य

पीडाको पोखरीभित्र पौडिएर घरीघरी
सहिछ्यौ कसरी तिम्ले हैकम्वाद थरीथरी ।
लुकायौ तिमीले पीडा प्रतिशोध भने थियो
त्यै प्रतिशोधको बाटो सिर्जनाशक्तिले लियो ॥

हीनताभासमा डुब्दै सुन्यौ पाखण्डी दर्शन
जुर्मुराई लड्यौ युद्ध थाल्दैछन् सब तर्सन ।
निसासिन्थ्यौ अँध्यारामा उज्यालो दीप देखियो
निराशापथमा जाँदा आशाको मार्ग भेटियो ॥

स्मृतिमण्डलमा रम्दै विडमा विजयी बनी
हर्दैर्ये गोधूली बेला आइन् सन्ध्या-जया पनि ।
मुटुको धुकधुकी बन्दै जयन्ती पनि साथमा
लिएर नर्मदा बाँच्छन् पवित्र घाट-घाटमा ॥

क्रान्ति-चेत लिई आमा-छोरीहरू सबै मिली
उन्नति पथमा लागे देश बन्छ झिलीमिली ।
क्रान्तिघोष गरेमात्रै टुट्छ सामन्ती बन्धन
आधा आकाश नै हाँस्छ बल्नेछ दीप दन्दन ॥

जया च विजया चैव जयन्ती अनि नर्मदा
आमाछोरी मिली नाशून् रूढिवादहरू सदा ॥

- नवलपरासी

कविता

शीतलहर

◈गोकुल अधिकारी

महँगा हिटरले बाफिएका र
वातानुकूल संयन्त्रले भरिएका
सिमेन्टका घरहरूसँग
शायद कुनै विशेष सम्बन्ध हुनसक्छ उसको
निमुखाहरूको घरदैलोमा उत्ताउलिदै
हिड्ने शीतलहर
अग्ला पर्खालहरूको घेरो नाघ्न सक्दैन र
मूल बाटोबाट उ लखेटिन्छ ।

जाडोले जहिले पनि गरीबहरूकै गाउँ छिचोल्छ
र, कलिला बालक एवं अशक्त बृद्धहरूलाई
सुटुक्क थुतेर लैजान्छ
स-साना झुपडीहरूमा पस्न
कुनै प्रवेशाज्ञा चाहिदैन उसलाई ।

कमजोर र निमुखाहरूको बस्ती
उसको बास बस्ने सुरक्षित थलो हो
दरिद्रहरूको गाउँ छिचोल्दै हिंड्ने
जाडो र शीतलहर भोकाउँदै भोकाउँदै सल्बलाउँदा
न्यानो तराइमा पनि उ उत्ताउलिदै हिंड्न थालेछ ।

***

With Best Compliments
On The Happy Ocasions Of New Year
2060

UNIVERSAL TOURS AND TRAVELS (P.) LTD.

KOREAN AIR

P.O. Box # 939
Tel: 4252048, 4252049, 425050
Kamaladi, Kathmandu

निबन्ध

चिन्तनको चौतारी: दु:खको नाम साहस

◈अच्युतप्रसाद पौडेल 'चिन्तन'

बिहानी पछि सन्ध्या, दिन पछि रात, सर्दीपछि गर्मी, सुख्खा मौसम पछि वर्षा मौसम, यो प्रकृतिको चक्र निरन्तर नै चलिरहन्छ । हामीले चाहेर प्रकृतिको गति रोकिन्न । ठीक त्यस्तै जीवनमा दु:ख पछि सुख र सुख पछि दु:ख एवं क्रम चलि नै रहन्छ । दु:खलाई दु:खको रूपमा नलिएर साहसको प्रतीकको रूपमा लिन सके मानव जीवन सुखमय हुन्छ । प्रत्येक बादलले पानी बोकेकै हुन्छ र प्रत्येक आँखाले आँसु बोकेकै हुन्छ । मनको दर्दलाई खुल्ला हावामा पठाएर प्रकृतिको सुखमय ताजा हावा मनभित्र राख्नु नै सत् चित् आनन्द हो । हामीले पाएको देह क्षणिक त छँदैछ, त्यो क्षणिक देहलाई त्यसभित्र रहेको ईश्वरीय आनन्दलाई परमानन्दमय, सुखरूपी ईश्वरीय ब्रहमानन्दमा मिलन गराउनु जीवनको सार्थकता रहन्छ । जीवनलाई कष्टकर ढंगमा होइन फूल झैं हल्का राख्नुपर्छ । ईश्वरको सृष्टिमा मनुष्य नै सबैभन्दा असल प्राणी हो । त्यसैले हरपलमा प्रसन्न रहनु हाम्रो परम सौभाग्य हो । आशापछि निराशाले जग बसाउँछ । निराशापछि शरीरका तन्तुहरू खुम्चिन्छन् । मन मर्छ, दिल मर्छ, त्यसैले त हामी पटक पटक मर्छौं । बस चढ्दा भीड भयो, मरिहाल्छौं, ट्रेन चढ्दा गर्मी भयो मरि हाल्छौं, हिउँदमा खूब ठण्डी हुन्छ मरिहाल्छौं । अफिसबाट फर्कदा खाजा तयार भएन मरिहाल्छौं । हेर्दा हेर्दै टि.भी को लाइन गयो मरिहाल्छौं । छोराछोरीले राम्ररी पढेनन्, मरिहाल्छौं । यी धेरै कुराहरू छन् । एक दिनमा लगभग हामी ५० पटक मर्छौं । अर्थात् दु:खी हुन्छौं । दु:खी हुनु र मर्नु एउटै कुरा हो । देह त्याग हुँदा त मर्ने होइन, त्यो त आनन्दमय ईश्वर मा लीन हुने कुरा हो । शरीर ढल्दा दु:ख मान्ने कुरा छैन, यदि दु:ख मानियो भने चाहिं त्यो देह मरेको हुन्छ । देह मर्ने होइन, सर्ने हो । आत्मा त अमर छ, अजर छ ।

हामीलाई के दु:ख छ ? केही छैन । ईश्वरको सबैभन्दा राम्रो सृष्टिमा हामी हुर्केका छौं । मोज, मस्ती गर्न पाएका छौं ! कृष्ण भगवानको जीवन हेरौं न ! जन्मदै कारागार । न्वारान नभई पुतनासँग भिड्नु परेको । शत्रुहरू पछि पछि लाग्ने, लखेट्ने मात्रै हो र ? मार्नै खोज्ने । प्रत्येक दिन एउटा समस्या नभएको कुनै दिन हुन्नथ्यो । कसले युद्ध ललकार्‍यो तैपनि नडराई सामना गरेर विजय नै प्राप्त भएको । कारागारमा जन्म, गोकुलमा हुर्कनु परेको, द्वारका बस्दा पनि सुख भएन । जमिनमा बस्न नदिएर पानीमा घर बनाएर लुकेर बस्नु पर्‍यो । तर पनि साहस गुम भएन ।

कृष्णकी बहिनी द्रौपदीको के कुरा गर्ने ! क्षण-क्षणमा संकट/रजस्वाला भएका बखत कौरव सभामा दुशासनले साडी खिंच्दा के समस्या परेन होला ? ५/५ पतिहरू निरीह भएर टुलुटुल हेरेर मुन्टो निहुराए । यति कडा दु:ख हामीलाई छ र ? पाण्डवहरू १२ वर्षको बनवास गए । बनवासको समय श्रीकृष्ण भेट्न गए । कृष्णले हाँस्दै द्रौपदीलाई हेरिरहे । महिलामा आँसु छिटो झर्छ । द्रौपदीको आँखाबाट आँसु टल्पलाएका थिए । श्रीकृष्ण जस्तो साथी भएर पनि बनवासको पीडा सहनु पर्ने, भनिरहेको थियो त्यो आँसुले । सान्त्वना पनि नदिएर के हरेको मात्रै, खूब खुशी भएर मुस्कान छोडेको ? भन्दै द्रौपदी रिसाइन् । श्रीकृष्णले सान्त्वना दिंदै भने - द्रौपदी यो केही ठूलो कष्ट होइन । दु:खलाई शिरमा राखेमा भार झन बढ्छ, छोडिदेउ, हाँस्न सिक, म जस्तै । मेरो जति दु:ख परेको छैन तिमीलाई । "दु:ख अरूलाई व्यक्त गर्दा जीउ हलुका हुन्छ, भनेर" "तिमीलाई आँसुको माध्यमले बताएकी हु' भनिन् उनले ।

पाँच पाण्डवजस्ता शूर वीर पुत्रहरू प्राप्ती गर्ने कुन्तीको जीवनी हेरौं । अथाह दु:खको सागर छ । बचपनमै अर्काको घर । बाबु शुरसेनले जन्म दिए । कुन्ती मोजले लाड प्यारमा पालन पोषण गरे । किशोर अवस्थामै बिहा भयो । त्यति मात्रै होइन । कुमारी छँदै कर्ण जन्मे । समाजको लाज, घृणासँग

जुध्नुपर्ने थियो। ऋषि दुर्वासाको सेवा गर्न खटाइएकी थिइन् उनी। दुर्वासाबाट उनलाई एउटा शक्तिशाली मन्त्र प्राप्त भएको थियो। त्यसबेलाको मन्त्र शक्ति बलवान थियो। अहिलेको यन्त्रशक्ति झैं। बचपनको मानसिकता दुर्वासाबाट प्राप्त मन्त्र कत्तिको शक्तिशाली छ भनेर प्रयोग गरिन् उनले। सूर्यदेवलाई बोलाइन्। प्रकट भए उनी। रित्तो हात फर्कन्न भन्दा गर्भवती भईन्। निर्लज्ज, यो कसरी हुन्छ? भन्दा "चिन्ता नगर" कुमारीत्व हट्ने छैन भनी सूर्यदेव फर्के। अति सुन्दर बालक जन्म्यो। नाम 'कर्ण' बाकसमा हालेर फालिन् समुद्रमा उनले। त्यही बालक पाण्डवहरूको विपक्षमा धावा बोल्दै कौरवको लडाकु भएर आयो। जीवनभर कसैलाई थाहा भएन। कुन्तीलाई थाहा भएर पनि भन्न सक्दिनथिन्। कौरवहरू सखाप भएर नदी किनारमा बसेर युधिष्ठीरले पिण्ड, तर्पण दिंदा कुन्तीको आँखा रसायो। कर्णलाई जल देऊ भन्दा युधिष्ठीर रिसाए। को हो? त्यो शत्रुलाई पिण्ड, तर्पण गर्नुपर्ने भन्दा, त्यो तिम्रो दाजु हो भनिन् कुन्तीले। युधिष्ठीर रिसाए। किन यी कुरा गोप्य रहे त? अबदेखि कुनै स्त्रीहरूले कुरा लुकाउन नसकून् भनी श्राप पनि गरे उनले। अहिले पनि भातृभाव, करुणाको सागर दयाकी प्रतिमूर्ति समान स्त्रीहरू कुनै कुरा छिपाउन सक्दैनन्। त्यत्तिमात्र होइन उनको जीवनमा परेको पीडा अर्को असह्य थियो। पाण्डुसँग बिहा भयो। उनी दीर्घ रोगी थिए। पतिसुख कल्पना मात्रै भयो। कान्छी पत्नी माद्रीलाई लिएर वन विहार गर्न जाँदा शिव पार्वती विचरण गरिरहेको ठाउँमा पुगेछन्। पार्वतीबाट श्राप पऱ्यो। पतिपत्नी सहवास गरेमा मृत्यु होस् भनेर। केही समयपछि श्रापलाई भुलिएछ। पाण्डु-माद्री सहवास भएछ, तुरुन्तै पाण्डुको मृत्यु भइहाल्यो। दुर्वासाबाट प्राप्त भएको मन्त्रशक्ति प्रयोग गरी युधिष्ठीर, पवनदेवलाई बोलाएर भीमसेन, इन्द्रलाई बोलाएर अर्जुन, माद्रीलाई मन्त्रशक्ति दिएर अश्विनी कुमारबाट नकुल/सहदेव ५ छोराहरू पैदा भए। पाँच पाण्डवहरू इन्द्रका स्वरूप हुन्। महाराज इन्द्रका अंशहरू हुन्। विभिन्न देवताहरूको आश्रय/पुकार गरेर इन्द्रका प्रतिमूर्तिहरू पठाइएका हुन् पाण्डवहरूको रूपमा। पाँच पतिका साझा पत्नी द्रौपदी वास्तवमा इन्द्रकी पत्नी शची हुन्। शची पतिव्रता नारी हुन्। यसमा शंका छैन। उनी साधारण नारी होइनन्। असाधारण व्यक्तित्वले पूर्ण भएकी नारी हुन्। स्वर्गबाट शची धर्तीमा झरेकी हुन्। आफ्ना पाँच पति वास्तवमा इन्द्रको रूप एकै हो।

दुःखमै मनुष्यको पहिचान हुन्छ। सुख र वैभवमा त सबै वरिपरि घुम्छन्। तर दुःखमा धैर्य र सान्त्वना दिने सच्चा साथी हुन्। सच्चा भक्त पनि त्यही हुन्छ। वास्तवमा दुःखमा भजन हुन्छ, कीर्तन हुन्छ। स्तुति हुन्छ। ईश्वर स्मरण हुन्छ। जब जब संकट हुन्छ तब हिजोका दिनहरू स्मरण हुन आउँछन्। सुखमा मानिस ईश्वरलाई भुल्छ। विरलै मात्र हुन्छन् सुखमा ईश्वर सम्झनेहरू। भगवान् कृष्णले विदा हुन लाग्दा कुन्तीसँग प्रश्न गरेका थिए - के वरदान दिउँ? कुन्तीले भनेकी थिइन्। दुःख नै देउ। किन? भन्ने प्रश्नमा "तिम्रै स्मरणको लागि" भनेकी थिइन् उनले साँच्चै भीमसेनलाई विष दिंदा तिम्रै स्मरण गरें मैले? वीर अभिमन्यूको मृत्यु हुँदा तिम्रै स्मरण गरेर चित्त बुझाएँ। उत्तराको गर्भमा बालक परीक्षितलाई अश्वत्थामाले अस्त्र प्रयोग गर्दा तिमीलाई नै सम्झिए मैले। अरू के के दुःख पर्दा तिमीलाई नै सम्झे मैले। त्यसैले अझै पनि मलाई दुःख नै देउ भनी निकै साहस गरिन् कुन्तीले।

वास्तवमा दुःखले नै शरीरलाई पवित्र राख्न सकिन्छ। अरुलाई दान गर्दा धन पवित्र हुन्छ। अरूको सेवा गर्दा तन (शरीर) पवित्र हुन्छ। ईश्वरको स्मरण गर्नाले मन पवित्र हुन्छ। कुवाको पानी झिकेर सफा गरेन भने पानीमा फोहोर, दुर्गन्ध बस्छ त्यस्तै धन कमाएर अरूको सेवामा प्रयोग भएन भने त्यो अपवित्र हुन्छ। दानमा सबैभन्दा ठूलो दान ज्ञान दान हो। ज्ञानले आँखा खुल्छ। आँखा खुल्दा संसार हेर्न सकिन्छ। बाहिरी संसार हेर्ने चर्मचक्षु हो भित्री संसार हेर्ने ज्ञानचक्षु हो।

मानिस दुःखको श्रोत आफै हो। समस्याको श्रोत हो। समाधानको श्रोत पनि आफै। दुःख तीन प्रकारको हुन्छ। कर्म प्रभावले हुने दुःख। खराब काम गर्नाले हुने दुःख। यो निश्चित समयावधि पछि समाप्ती हुन्छ। जस्तै चोरी गऱ्यो सो को कानुन, नियमअनुसारको दण्ड, जरिवाना तिऱ्यो। निश्चित दण्ड जरिवाना र आवश्यकता अनुसार

जेल सजाय । समय व्यतीत हुन्छ । समाप्त पनि हुन्छ । दोस्रो दुःख भनेको प्रतिकूल समयको दुःख । समयानुकूल भएन । आफूले सोचेको जस्तो भएन । चिनी चाहेको नून प्राप्ती भयो । जाडो चाहेको गर्मी भयो । सुन्दरता चाहेको कुरूपता प्राप्त भयो । यस्तो दुःख पनि निश्चित समयावधिमा समाप्त हुन्छ । समय अनुकूल नभएको दुःख । केही समयपछि प्रतिकूल समय बदलिन्छ । आफूले चाहेको समय प्राप्त हुन्छ । यो परिस्थितिजन्य दुःख हो । पहिलो र दोस्रो दुवै दुःखकों औषधि छ या समयावधि स्वतः हटेर जान्छ । तर तेस्रो दुःख बडो डरलाग्दो हुन्छ । यसको औषधि छैन, समयावधि पछि पनि यो समाप्त हुँदैन । त्यो हो मनको दुःख । मनभित्र ग्रस्त भएर रहेको रोग । महारोगभन्दा ठूलो । असन्तोषको दुःख । एउटा व्यापारी भन्छ पोहोर साल यसै सिजनमा पाँच लाखको क्रय विक्रय भएको थियो । यो साल दुई लाखको मात्र भयो । १० वर्षको तुलना गर्छ । यसै सिजनमा पोहर कति कमाइ भएको थियो । त्योभन्दा अघिल्लो साल कति भएको थियो । वार्षिक सरदरसम्म निकाल्न चाहँदैन ऊ । अनि सँधै हाहाकार । 'यो वर्ष त बर्बाद नै भयो नि' भनी हाल्छ उसले जसलाई भेटे पनि । यद्यपि उसको बजार चलेकै छ । उसका परिवार चलेकै छन् । सबै व्यवहार चलेकै छ । तर ऊ भन्न चाहँदैन कि ऊ सन्तोषी छ । दीन, हीन, भावनाले ग्रस्त छ । त्यस्तै अन्य पेशा गर्नेहरू पनि विगतसँग तुलना गरेर यो पटक आफूले चाहेजस्तो भएन । कुनै पनि समय-प्रलोभन, असन्तोष, पीडा असह्य, असहज, कुरूपता, दीनता, हीनता के के हो कुन्नि । एकैछिन पनि धन्य म खुशी छु, भन्नै चाहँदैन । यो मनको दुःखीको चिन्ह हो । यसको कुनै औषधि छैन ।

जे होस्, दुःखलाई साहसको प्रारूप सोचेर धैर्यले अगाडि बढ्न सकेमा निराशाले जीवनमा ठाउँ लिन सक्दैन । सँधै प्रफुल्ल, आनन्द, परमसुखी हुन सकिन्छ । ईश्वरले जीवन दिएका दुःखी हुनलाई हुँदै होइन, मस्त सुखी रहनका लागि हो । चिन्ता होइन चिन्तन गर्ने हो । जीवनलाई परमसुखी बनाउने हो ।

***

Mobil 1

Keep Your Enginge running like new And We Can Prove It !

Sole Distributor:

Tara Lubricants (Pvt.) Ltd.

Distributor: Tuladhar Impex
Phone: 4227130, 4227094
Bagbazar, Kathmandu
P.O.Box No. 596

घरेलु तथा साना उद्योगहरुको दीर्घकालीन विकासको लागि

औद्योगिक प्रवर्द्धनका क्रियाकलापहरु



घरेलु तथा साना उद्योग विभाग

औद्योगगिक प्रवर्द्धन शाखा

लघुकथा

कडी

◈रामविक्रम थापा

एकवर्ष राजधानी बसेर बडादशैंमा घर आएको धाउन्ते र गाउँले पर्खन्तेको पिडमा भेट भयो - पर्खन्ते हैन ए ! धाउन्ते !! तेरा रचनाहरू त साउने झरीका च्याउतुल्यै जतातत्तै बग्रेल्ती छापिन्छन् । एकवर्षमै त त चर्चित साहित्यकार भइस् नि

यो कसरी भयो, यार ?

धाउन्ते : एक वर्षदेखि राजधानी बसेर सम्पादकहरू कहाँ विन्नीपूर्वक धाएको फाइदा यत्ति .....। लेख-रचनाको पुछारमा देख्दैनौ मेरो ठेगाना : 'हाल-काठमाडौं' ?

***

गजल

◈उज्ज्वल जी.सी.

बगैंचामा कस्तो फूल फुलेछ साथी
नजर यो आज उतै भुलेछ साथी ।

कसरी उर्लेछन् यौवनका मातहरू
कल्पनामा जिन्दगी यो झुलेछ साथी ।

सुनसान ओढारमा मायालु खोज्दै
अन्धो मन चारैदिशा डुलेछ साथी ।

विश्वासमा गाँसिएर सम्बन्ध कतै
हृदयका पाना आफै खुलेछ साथी ।

बिर्सिएर निष्ठुरीले सुनौलो बाचा
मुस्कानमा तीतो आँसु घुलेछ साथी ।

केही हाइकु

◈रेणुका भट्टराई

१ जीवनी रेसा
सूर्यको तेजसँगै
अस्ताउँदैछ ॥

२ युद्धको बेला
गुलाबी परागको
भग्नावशेष ॥

३. जुनेली रात
हिमनदी वग्दैछ
समुद्र भेट्न ॥

४ मौन कलम
बन्दुकको खेलमा
गुराँस झर्छ ॥

५ नेपाली मुटु
फेरि खोज्दै जान्छु म
भेट्छु कि कतै ॥

गजल

◈शम्भुकुमार मिलन

हेर्दाहेर्दै रात परेछ तिमी आउने बाटो
कसलाई हेरी बुझाउँ यो मन भन तिम्रो साटो ।

कहिले पनि सोचिएन यस्तो होला भन्ने
बढ्दै गयो मुटुभित्र त्यो मायाको गाँठो ।

गहभरी आँसु झारें तिम्रै सम्झनामा
कसरी यो अनायसै हामी बीच फाटो ।

यस्तो पनि हुँदो रैछ जिन्दगीमा हेर
जता हेर्‍यो उतै देख्छु बादलको टाटो ।

***

कविता

त्यो दु:स्वप्न नदोहोरियोस्

◈ममता शर्मा नेपाल

अकस्मात् निद्रा बिथोलिन्छ
ओहो ! कस्तो दु:स्वप्न थियो त्यो
नदीमा रगत बगेको
फूलको बोटमा बमको गोला फुलेको
जलाततै बारुदको गन्ध
आफन्त जति सबै परचक्री
बन्दुक भिरेकाजस्ता
कतै बाबुले छोरालाई दागबत्ती दिंदै
अनि कतै सासुले धुहारीलाई सेता वस्त्र दिंदै
सबैथोक भयावह एवं त्रासदीपूर्ण
आँखा खोल्दा सबैतिर अन्धकार
वातावरण निस्सासिएको
स्तब्ध र अवाक् हुन्छु
हत्तपत्त, जिज्ञासा शान्त पार्न
अखबार पढ्न खोजेको हुन्छु
अक्षरहरू रक्ताम्य देखिन्छन्
खबर सुन्न रेडियो खोल्छु बम पड्किए झैं लाग्छ
टेलिभिजनमा मृत्युको ताण्डव नृत्य देखिन्छ
लाशहरूको जुलुस निस्किन्छ
भागेर जानु अब कहाँको यात्रा
सुरक्षार्थ शरीर-झोला सबै उदांग पारिन्छ
सायद आफ्नै देशमा परदेशी भइएछ
माया भेटिन्न कतै
लाग्छ बिरानो देशमा टुहुरो भइएछ
पसिनाले नियुक्क भिजेको हुन्छु
अनि सोच्न थाल्छु
यो मेरो देशको दृश्य हुन सक्तैन
मेरो देश त सुन्दर शान्त छ
म कामना गर्न थाल्छु
भो अब यस्तो दु:स्वप्न फेरि नदोहोरियोस्
हे ईश्वर, मेरो बगैंचामा बम होइन
खुशीको फूल फुलिरहोस् ।

गीत

मेरो प्यारो गोदक

◈प्रकाशमणि दाहाल

गोदक हो गोदक यो, मेरो गाउँ गोदक
बिहानीको घामजस्तै उज्यालो, मेरो गोदक !
मेरो दिलको धड्कन र आँखाको नानी
मेरो प्यारो जन्मभूमि सम्झनाको खाली
कण कण शरीर यो जसका दाना-पानी
हृदयको पत्र पत्र सारा, मेरो राम-कहानी !
गोदक हो .....
सौरेनीमा गुराँसले शिर सजाएर
कुँडुलेको दोभानमा पाउ धुवाएर
गाउँ-बेंसी, वन-पात आँचलमा बेरी
मोनालिसा नजरले बसिदिने हेरी !
गोदक हो .....
अँधेरीको गीतसँगै रमाउँदै यता
सुसाउँदा माई-जोग्माई गुनगुनाउँदै उता
शिर-पुछार सडकको अँगालामा पसी
धजे वनको पछ्यौरीमा मुस्काउने बसी !
गोदक हो .....
मूर्ती, इलाम, बतासे र नाम्सलिङ्ले हेरी
छिमेकीको मायाभित्र राखिएको घेरी
लेकदेखि अउलसम्म पाखादेखि टाहार
गम्केको छ पाई गोदक पौरखीको स्याहार !
गोदक हो .....
प्रकृतिको विशेष यो सिर्जनाझैं सानो
सबै जाति पृथ्वीको फूलबारी मानौं
नेपालकै प्रतिनिधि सानो अंश एक
बिनाठूलो गरिबी वा सम्पत्तिको भोक !
गोदक हो .....
झरी-बादल, चाड-पर्व, दु:ख-सुख खेपी
बाँचेको छ अनन्त यो इतिहासदेखि
मुक्त हाँसो हाँसिदिन्छ दिल खोली सदा
एकैछिन त बस्नु होला आउनु-जानु हुँदा !
गोदक हो .....

समालोचना

भूपिका कविता र मानवताको सन्निकटता

◈युवराज मैनाली

संयुक्त घरबारको परिवार यो घर। जहाँ बेग्लाबेग्लै मानिसहरूका थिए धेरै धेरै परिवार - त्यस परिवारमा म एउटा पनि थपिएँ। स्वाभाविक सामयिक प्रक्रियाहरूमा डोरिँदै आफ्नो जन्मको पैंचो तिर्न आफैले पनि जन्माएँ, हुर्काएँ । अहिले म धुप्रै नानीहरूको बाबु भएको छु। म ढुक्क थिएँ यो मेरो आफ्नो घर हो, मेरा सन्तानहरूको घर हो तर बल्ल भ्रम अचम्मको भ्रमलाई भताभुङ्ग पार्दै आफैलाई अचम्मित पार्दै थाहै नपाउने गरी यो घर बेचिदिई सकेका रहेछन् । जाली व्यक्तिहरूले किनिसकेका रहेछन् । त्यसलाई यस घरका अरू सुसम्पन्न शक्तिहरूले । अनि थाहा भो यो घर मेरो निम्ति घर नभएर डेरा भैसकेछ। घर वरिपरिको पर्खाल जसलाई म आफ्नो स्वतन्त्रताको रक्षा गर्ने भित्ता भन्ठान्थें तीत म निस्केर, मैले आफ्नो हक माग्छु कि भनी मलाई छेक्न उभ्याइएको घेरा रहेछ।

कालजयी शब्दका वर्तमानको सेरोफेरोको व्याख्या गर्दै औंलाको भाकामा म बोलुँ या नबोलुँ ! सत्यमा आँखा चिम्लनु या विस्फारित स्वरूपमा फैलिंदो आँखा ट्वाल्ल पारेर सेताम्य फुस्रेआँखा पल्टाउँ कि नपल्टाउँ । 'जेठी माग्छे पानी कान्छी माग्छे घाम म एक्लो बुढो कतातिर जाम्' का कथाका मूलपात्र "म" अर्थात् आम नेपाली जनताका अनि आजको मुलुकभित्रको व्यथा माथिका हरफसँग सन्निकट छन् कि छैनन् भन्ने कुरा मैले भन्ने हैन घर भित्रका सबैले आ-आफ्ना ढंगमा नै सही अनुभूत गर्ने कुरा हो, यसमा अरू न भनेर यति नै भनुँ :

आफ्नो घरलाई आफ्नो भन्ठानेर
यस घरमा भएका त्रुटिहरूलाई
सुधार्नु आफ्नो कर्तव्य मानेर
मैले यस घरका सजिला, असुरक्षित
भन्याङहरूलाई झिकेर
सजिला र सुरक्षाप्रद भन्याङ्
बनाउन चाहेको थिएँ।

आजसँग आत्मसात, हिजोको उच्छ्वास भोलिप्रतिको टिलपिले विश्वास आजको आम नेपालीको स्थितिको छायाङ्कनको वास्तविक तस्वीर यही त हो नि २७ भदौ २०३० बाट मङ्सिर २०५९ सम्म २०४६-०५९ को सँघारको परिक्रमामा विकरालता बाहेक अरू के नै पाउन सकिएको छ र ! यसैले कालजयी शब्द... जति जोगी आए... सतिका सरापले कालाम्य मुहार मात्रै हेरिरहनु परेपछि नयाँ उपमामय शब्द फुर्नु पनि कसरी ?

शब्द आफ्ना हैनन् तर पनि आफ्नै तुल्याउँछ जस्तो भावना चोरेर आफ्नोमा मिलाउँ मिलाउँ जस्तो यस्ता हरफ कोर्ने त्यो व्यक्ति उनै हुन् जो घरिघरि बनारसको गल्लीमा पठन पाठनको हुरीमा हुत्तिएका 'सर्वहारा' उपनाम भिरेर "नयाँ भयाउरे" लयमा उग्र वामपन्थी नारावादी गीत भट्याउँदै आफ्नो अस्तित्व बोधको पहिचान गराउन उद्यत केटो । बोलाउँदा नबोलाउँदै लुसुक्क छेउमा बस्न आइपुग्छ एक्लोपनको साथी बन्दै । बनारसबाट उपत्यका छिरेपछि "निर्झर" को (२०१५) झर झराउन खोज्दछ तप्त हृदयलाई भिजाउन खोज्दै । त्यसबेला उसको निर्झरपनाले भिनाउन अझै सक्दैन तातिएको सुख्खा बालुवामा पानी हालेजस्तै । सायद यही महसुस गरेर होला उसले चोला फेर्छ। सर्वहाराको स्वघोषित पदवी विस्तारै त्यागेर शब्दशब्दको ताँडो चढाउँदै सरल भाषामा विद्रोह व्यङ्ग्य समय समाजको आवरण धुजा-धुजा पार्दै काव्यबाणको प्रहार गर्न थाल्दछ, उनको नयाँपनको खुबीलाई खुट्याएर रूपरेखाले उनलाई आफ्नो भूमि दिन्छ। त्यो भूमिमा उनको अभ्यास खारिदै जान्छ अनि उनी आफूलाई

लोकप्रियताको पिङमा हुइकिँदै दशवर्षको सेरोफेरोमा 'घुम्ने मेचमाथि अन्धो मान्छे' (२०२६) बोकेर उभिन्छन् ।

अनि थाक टुकुचेका धुलोमा लडीबुडी खेली हुर्केको केटो भूपेन्द्रमानलाई भूपि शेरचनको नामले सबैले चिनिसकेका हुन्छन् । उपत्यकासँग उनी लडीबुडी खेल्दै थुप्रै संगातिसँग भट्टीपस्न जानिसकेका हुन्छन् । अनि फेरि एक पटक उनलाई चोला फेर्ने रहर जाग्दछ । यस पटकचाहिँ आफ्नो लिङ्ग परिवर्तन गर्न उद्यत भएर २०४१ साल चैत्र १३ गते रचनाका सम्पादक रोचक घिमिरेलाई "कृपया मेरो नाम 'भूपि' लाई अवदेखि 'भूपी' को रूपमा ...." भनी चिट्ठी लेख्छन् ।

तिनै भूपी शेरचनका २०२७ देखि २०५२ सम्मका विभिन्न पत्र-पत्रिकामा छापिएका रचनालाई "केही पुराना राम्रा कविता साथ अर्को संकलन निकाल्ने आकांक्षा पूरा हुन नपाएको भरथेग गर्न श्री शिव रेग्मीबाट साझा प्रकाशनका निम्ति सम्पादन गरी २०५७ मा "भूपी शेरचनका कविता" शीर्षकमा प्रकाशित गरियो । शैली र भाषामा मामुली व्यङ्ग्य पोखेझैँ गहन चिन्तनमा पाठकलाई डोरिन बाध्य पार्ने काव्य विशिष्टताको आफ्नैपनको स्वतन्त्रात्मक अभिव्यक्ति वातावरणीय यथार्थका ज्वलन्त लय र भाकामा राष्ट्रियदेखि व्यक्तिव्यक्तिको घाउ चर्काइहरूको विम्ब क्षमता मै आफूलाई उत्सर्ग गर्ने क्षमताले नै उनका थोरै रचनाले चर्चाको शिखर छुन पुग्न सकेका हुन् । तर पनि रचनामा यतिका फुक्न सकेका भूपेन्द्रमान भने आफै सुक्दै मानसिक शारीरिक संघर्षले खुम्चदै गए । काठमाडौं उनलाई फापेन । उनी पियक्कड बन्दै गए । ने.रा.प्र.प्र. को थोरै समयको सदस्यताले पनि उनमा आउनु पर्ने तृप्तता आउन सकेन । अन्तमा यही दुर्व्यसनजन्य रोगले उनी यो संसारबाट विदा भए । अहिले उनी रहँदा हुन् त नेपाली काव्य धार जनमानसको अझ कति ढुकढुकी बोल्दा हुन् भन्ने कुरा त माथि उल्लिखित "म भूइँचालोपछि जन्मेको मान्छे मलाई भूइँचालो गएको हेर्ने ठूलो रहर छ ।" एक सय छत्तीस हरफको कालजयी कविताबाटै प्रष्ट हुन्छ ।

"भूपिशेरचनका कविता" मा ४२ कविताको खण्डका साथसाथै ११ गीत खण्ड पनि उनिएका छन् । साझाले आफ्नो प्रकाशकीयमा "आधुनिक नेपाली काव्य जगतमा स्वच्छन्दवादी, प्रगतिवादी काव्यधाराका सबल अनि सशक्त हस्ताक्षर कवि भूपी कुशल व्यङ्ग्यकार र सफल गीतकार मात्र होइनन्, नवीन विम्ब प्रतीक र अलङ्कारको प्रयोगले समकालीन युगका विकृति र विसंगति पीडा कुण्ठाको चित्रण गर्दै मानवीय मूल्यको खोजीमा क्रान्ति र परिवर्तनको स्वर उराल्ने क्रान्तिकारी चेतनाका बाहक प्रगतिवादी कवि पनि हुन् काव्यिक सौन्दर्य र संरचनागत कला पक्षमा जोड दिने कवि भूपीका कविता/गीतमा सरलता र सबलता छ सहजता र संवेद्यता, कर्णप्रियता र सुमधुरता छ अनि राष्ट्रवाद र देश भक्तिको भावना मुखरित छ ।" मनेर जुन भनिएको छ यसको बावजूद पनि 'घुम्ने मेच माथि अन्धो मान्छे' (२०२६) मा जुन छ त्यसको हाराहारीका कुराहरू त छँदैछ 'घुम्ने मेच माथि' मा होचिमिन्हलाई चिट्ठी छ भने यसमा 'अमर सहिद साल्भाडोर आएण्ड्रेलाई श्रद्धाञ्जलि' छ । पहिलोमा छ -

तिम्रो प्रत्येक बौद्ध-बिहारको विध्वंसमा
मैले आफ्नो स्वयम्भूको ज्ञानचक्षुमा
आँसु उलिंएको देखेको हुँ
तिम्रो हनोई माथिको बम वर्षको छिर्का
मैले आफ्नो धरहरामाथि परेको अनुभव गरेको छु ।

सुख जति भोग्न पाए पनि अतीतको दुःखको साथी विर्सन नसकेर नेताहरूले के-के गरे गरिर हेछन् त्यो सबै मुलुकमा उर्लेका भाव सायरी हो वा गजल विषय त आखिर टपक्क मन टिप्नु न हो कसरी टिपे त मन भूपीले यसै लहरमा छ अर्को फेरि -

प्रत्येक पहेंलोले धातुलाई सुनको गजुर भन्न मन लाग्छ
प्रत्येक रङ्गिन चरालाई वनको मजुर भन्न मन लाग्छ
चाकरी गर्दागर्दै यस्तो बानी परिसक्यो अब ता
कुनै गधालाई भेटे पनि उसलाई हजुर भन्न मन लाग्छ ।

बाध्यताका चित्कार हुन् यी भाग व्यङ्ग्य धार हैनन् । व्यङ्ग्य विधामा आएका परिवर्तनका छाडा सस्कृति सायद भूपीले हिजो आँखा चिम्लेर नदेख्या होलान् । उनका व्यङ्ग्यमा जुन संस्कार छ, त्यो सार्थकताको समयान्तरको खाडलमा जाकिदिने साहस गरेरै हिजोको भोलिलाई रूपान्तर नगरिकन 'उठी' प्रवृत्ति अपनाए होलान् । यहाँनिर आएर भूपीलाई हठीकै रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । तापनि उनको आफ्नै लीग थियो, रहेकै छ । सो स्वत्वको सोझो बाटो पहिल्याउँदा उठेका आरोप र अस्वाभाविक पनि हुँदैनन् नै । उपमाभय जीवनका धनी भूपीमा आडम्बरयुक्त आड अपच रहेको छ, छँदैछ । अर्थात् आफ्नो किशोरीय अवस्थाको उग्रवादमा समाजप्रतिको दायित्व बोधले हिंसा प्रतिहिसाप्रति निरपेक्ष रहे चैतन्यताको अनुभूत अंगिकारको चैतन्यवाद सायद उनको मानवीय धर्मवादप्रतिको यात्राको अनङ्ग पाइला ठोकाइको ध्वनि चाप सदुपयोगको जस बटुल्न प्रायोगितकतामा प्रयुक्त हुन पुगेको पनि देखा पर्दछ। यसरी आफ्नै भित्रको दौवल्यता विरुद्धको शसक्त वा आफ्नै अन्तर्मुखी दरिलोशक्तिको प्रावल्यतामा उग्रवादमा पनि सन्तुलनको धार तङ्कारो रूपमा देखा परेबाट उनी आफूलाई मध्यमार्गको धारमा रहेको देखा पर्दछन् । यहाँनिर आएर यहाँ म हेर्न सक्तिनँ सहिदहरूको सालिकको हेराईका यी पङ्ति अगाडि राखौं -

म औषधिको गोली खाने मान्छे
मैले फाँसीमा झुण्डिएका
फलामका गोली खाएका
ती सहिदहरूको फलाक्नु इतिहास ?
मलाई लाग्छ व्यर्थको हो बकवास
(म हेर्न सक्तिनँ सहिदका)

आफू जन्मेका साल सन् १९३५ आफ्नै देशको नागरिकताबाट बुरेम्वर्ग कानूनद्वारा जर्मन यहुदीहरू आफ्नै देशको नागरिकताबाट वञ्चित भएको स्मरण गर्दै विश्व शान्ति र समृद्धिका बाधक कारकहरू निर्भिक रूपमा स्पष्ट रूपमा उजिल्याइ दिएका छन् । आफूलाई बुद्धको सन्देशमा अर्पित गरिदिएका छन् । फेरि पनि अर्घेलो जस्तो लाग्न सक्छ कुरा उही ..... काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिरको आह्वानलाई यहाँ सीमित सीमाभित्र कैद गरेर राख्न सकिदैन भन्ने स्पष्ट अभिव्यक्ति स्वरूपमा उही शब्दका बगर नै बनेर पोखिइन्छन् जस्तै :

मेरो सालनाल काटिइँदाखेरि
स्वतन्त्र विश्वका अगुवा
र प्रजातन्त्रको आदर्श देश अमेरिकामा
काटियो होला कुनै पुंसत्वको प्रति निग्रो नोकर
कुनै सभ्य सम्पन्न र प्रजातान्त्रिक नपुंसक गोराद्वारा
गोरी मालिक्निसँग पल्केको अपराधमा ?

पल-पल क्षण-क्षणमा स्वतन्त्रता र प्रजातन्त्रको स्वघोषित पण्डा गोहरू कालामाथिको वर्वरताको सम्मयता देखाउन चुक्दैनन् । मौलिक मानवीय स्वतन्त्रताविरुद्ध हस्तक्षेपको नशामा लठ्ठ भएर गोर्भाचोभहरूका प्रतिमूर्ति बनाउन हर्दम लागि परिरहेका हुन्छन् । गाउँका तालुकदारको हैकम विश्वभरि फैलाउन साम्राज्यको र काम पिपासु रातारात ओठमा शान्तिका रक्तले ओठ रातास्य पार्न हिजोदेखि आजसम्म निरन्तर लागि पर्दैछन् । आर्थिक सामाजिक आदिमा संक्रामक किटाणु बनेर विश्वलाई अविरल रूपमा डसिरहेछन् आफ्नै परिभाषा र परिच्छेद बाहिर हुन खोज्नेहरूलाई निरन्तर रूपमा । आर्थिक दियोबत्ती, सामाजिक रक्त धमनी, राजनीतिक ढुकढुकी सबका सबमा आधिपत्य जमाएर मुसुमुसे गन्धमा खितखित हाँसिरहेका स्वतन्त्रता देवीका पुजारी आफ्नो स्वतन्त्रताको पूजाथालीमा पस्किरहेकाछन् । निरन्तर उही मानव रक्त मानव हाडका दुर्गन्धमय धुँवाहरू त्यै देवीमा मेरो बाबुलाई मार्न खोजेथे" को चिरकल्पनामा स्वप्न संसारमा छक्याउन खोज्दै साम्राज्यताको असफल कुलतको भाकामा । हिजो २.३.३१ का भूपीका कविता अझ आज ताजा भएर उभिइन्छ । यसै उसै छाडेर पनि अन्ततिर आफ्नै परिवेशमा पनि संविधान मृत्युका कुरा गर्नेहरू अनि जीवित कुरा गर्नेहरू छाड्दैछन । देशका मुटुका धमनी धमनी शिरा शिरा पोर्ट्रेट रूपमा उनै तिनैका भक्तिभावका कुराहरू देशभक्ति यौटा

नेक टाई दौरा सुरुवाल र घण्टका ज्यालोमा अल्झाएर भित्ता र झण्डाका नौलो परिभाषा र भूमिका बाँधेर। किनकि सुक्याछन् पँधेरो र कुवाहरू यसैले खेती गर्नका लागि पम्पहरू चाहिन्छन् पम्पहरू चलाउन ऊर्जा चाहिन्छ ऊर्जाका आधार उनीहरूका आँखामा (सहज स्वरूप) साम्राज्यवाद र विस्तारवाद पम्पिङ्ग सेटको उर्जा पानी मैसकेका छन्। यहाँनिर असर फेरि भूपीको त्यो नेपाल टेलिभिजनले लिएको अन्तर्वार्ताका दृश्यपटल उभिइन्छ-बहुदल माने प्रजातन्त्रको अन्तिम खोलाको रूप आर्थिन्छ र मान्न मन लाग्छ तिमीले के पियौ ? त्यो विर्ष पियौ, तिमी नभएर आज देश धेरै धेरै रोयो यादको अर्को शब्द जुलुस निकाल्न अहिलेलाई म चाहिरहेको छैन किनकि जुलुसै जुलुसहरूले अझ त डरलाग्दा राँके जुलुसहरूले मुलुक यति डढाई सके यति प्रदूषित पारिसके त्यसलाई पनि अख्तियारमा हाल्न मन लागिसक्यो तर अख्तियारको लाचार छायाँले टिप्नु पर्ने नामहरू सायद भोलि आइनै मण्डलीमा समावेश गर्नुपर्ने डरले छोरी कुटेर बुहारी तर्साउने अभिनयमा बाध्यताका जुलुस निकालेको जस्तो प्रतीत हुन्छ। अरू पछि आउने त आखिर "यार" नै हो यारसँग प्यार नगरेका हुँदा हो त धमिजा आदि अनि जोतिषीहरू छुट्नभन्दा पहिल्यै जुटिनु पर्थ्यो महेश्वर धनेश्वर सन्तानेश्वरदेखि गहतदेखि महत होस्टेहैंसे हुनुपर्थ्यो तर खै ? सायद ___" सँग जोर्नी जोरेको अन्तर्राष्ट्रिय लवजको छुटमा पूत पाएर जति जोगी आए पनि कानै चिरिएका भनेर गफ हाँक्ने म जस्ताको नामर्दीपनमा भूपी पनि लाजमा भाट तन्त्र भट्याउँछन् र आफैं रमाउछन्। सायद ___तर हैन भूपी पनि स्वतन्त्रता र सह-अस्तित्वको आधारमा यसैले उनको आर्तनाद फुट्दछ -

विश्वभरि थरि थरिका मानिसहरू
थरि थरि थरिका मानिसहरूद्वारा
सोसिएर लुटिएर कुटिएर मारिएर
छोडेर गएका होलान् यस धरतीलाई
यस धरतीभित्र कैयन् भुइचालोहरू रोपेर
आकाशभरि अतृप्त आकाङ्क्षाहरू खोपेर।

हो, यसैले हिंसा र प्रतिहिंसाका रोपारहरूले रोपेर गएको शोषण उत्पीडन, भूकम्पीय खतरा अथवा भनूँ प्लेट सर्काइ हामी वालीको रूपमा काटिइरहँदा यो भूभागदेखि त्यो भूभागसम्म अर्थात् सारा विश्वभरि। यौटा स्वार्थीको चोट आफूभरि दुख्छ सत्ताको प्यासभरि मुटुभरि पोल्छ आफ्नै पारालै तर यौटा जोगीको चोट आफूभरिको छँदाछँदै विश्वभरिको अर्थात् समस्त प्राणीमात्रको चोटमा आफू परिलन्छ ऊ कुनै रङ्गमा रङ्गिइदैनन्। ऊ कहिल्यै आफ्नो मान्छे वा अरूको मान्छेमा विभक्तिएर विखण्डित धाराधारामा फैलिएर बहँदै मात्र मानवीय धारमा त्यो पनि स्वच्छ मानवीय आकाङ्क्षाका स्वच्छ शान्तमय सृजनका आवहवामा आर्तनादको समुच्चय अन्तर आवाजको कलकलमा सङ्गीतमय स्वरमा आल्हादित हुने आकाङ्क्षामा आफूभित्रै भंगालो-भंगालो हुईक्याएर, धुमाएर प्रदूषित सबै सोहरेर स्वच्छ प्रवाहका निम्ति उद्वेलित हुन पुग्दछ। 'यसैले त अनजानमै उसको कलमभित्र ती असङ्ख्य मारिइएका मानिसहरू आएर बसेका हुन्छन् र उसका कलमका निवबाट मसीको साटोमा उनीहरू आँशु झरिर हेकै हुन्छ रगत तप्किरहेको हुन्छ। प्रेमको मायालु कविता रूपान्तर भएर हत्या, शोषण आदि इत्यादिको विषाक्त आवहवा विरुद्ध सशक्त प्रतिकारको निम्ति आह्वान गरिरहेको हुन्छ।

यसप्रकार कालजयी कविताका धनी भूपी शेरचनका काव्यधार जीवोन्मुख एवं मानवोन्मुख छन्। विरलै पाइने नवीन विम्ब प्रतीक र अलङ्कारका प्रतीक भूपी शेरचन प्रेरक पुञ्जको रूपमा रहेका छन् र रहनेछन्।

***

जसरी सूर्यको किरणलाई कुनै पदार्थद्वारा अपवित्र पार्न सकिदैन,
त्यसरी नै सत्यलाई पनि अपवित्र गर्नु असम्भव छ।
-जोन मिल्टन

पढेर फूललाई

◈जयन्ती 'स्पन्दन'

सौन्दर्यको मगमगाई
चलायमान हावामा स्पर्श गर्छ हृदय
प्रकृतिले लिन्छ गति
ए फूल !
तिम्रो अद्वितीय मोहक-माधुर्य
ए सौन्दर्यकी खानी-पहाडकी रानी ।

यसपालि-तिमीलाई भेट्न, आस्वादन गर्न
जीर्ण बुट्यानका पतिङ्गर छिमलेर
म तिम्रो सँघारमा आउँदा
सूर्योदयसँगै झुल्किए तिम्रा बिलौनाहरू
मनै चिस्याउने, तनै गलाउने
तिम्रा आथाह पीडाहरू ।

तमासा हेरिरहेछन् केही रमितेहरू
फूल माडिएको देख्ता पनि
फूल नासिएको देख्ता पनि
ए फूल !
तूफानको अलपत्रे चालमा
म तिम्रो हविगत हेर्न सक्तिनँ
तिमी कोमलताकी प्रतीक
तिमी मेरो आस्था-मेरो जीवन
म मात्रै एक्लो तिम्रो रक्षक बन्न सकिनँ
म मात्रै एक्लो ..... ।

- मीनभवन

मृत्यु सडकमा ....

◈राज माङ्लाक

अनावश्यक-जस्तै
लास फलेको वृक्षमा
गोलभँडासँग जिन्दगी छाम्मेर
र्यातबेला
हरियाली आयातमा उभिन्छौ
पीडा आविष्कार गृहमा ।

युद्धलहरले पराजय ओढेर कक्रिटमा
बाँच्न भौंतारिएका कमिला आकारले
निथ्रुक्क भिजेर मृत जीवन ओढेर
बिहानको प्रतीक्षासँग बिहान कुँदिरहेका छौं ।

बाँच्नुको आकृति
हर्षोत्सवको जलप भिरेर मनमा
मृत्युको तमासाले
हरियो पातमा
जिन्दगी छेलिरहेको अभिनय देखाउँदैछौं
सम्वादहीन यात्रा थालेर सडकमा ।

र्यातबेला
युद्धमैदानमा वसेर युद्धसँग भाग्न व्यस्तमा
हिरोसिमा हेरेर-आफै
मध्यरातको हत्केलामा जीवन छाम्दै
कमजोर आत्माले सडक नापिरहेका छौं ।

- पाँचथर

नववर्ष २०६० को

सुखद् उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग तथा
शुभचिन्तक महानुभावहरूमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड

प्रधान कार्यालय : कमलादी, काठमाडौं नेपाल

क्षितिज उघ्रेन

◈पूर्ण मुनकर्मी

छुवाछुतको विरुद्धमा गाउँमा आन्दोलन चलिरहेको थियो । भगवतीको मन्दिरमा अछुतहरूले दशैंको दिन सामुहिक प्रवेश गर्न धेरै पहिलेदेखि प्रचार प्रसार भैरहेका थिए । त्यसको विरुद्धमा संभ्रान्त परिवारले केही लठैतहरूको व्यवस्था समेत गरिसकेको थियो । दुवैतर्फबाट प्रचार प्रसार तथा तयारी जोडतोडका साथ चलिरहेको थियो ।

हिरालाल मिजार भर्खरै एउटा संघर्ष समितिबाट घर फर्केको मात्र थियो । भुराहरूले नयाँ लुगा र यसपालि जिउँदो वस्तुभाउको मासु खाने इच्छा बिसाए । श्रीमती पातलीले पनि बिहेपछि पहिलोपटक रातो साडी र चोलोको माग शुष्क आवाजमा व्यक्त गरिन् । पातलीले खसमको फाटेको दौरा देखाउँदै एकजोर नयाँ चप्पल समेत राख्न बिन्ती गर्न बिर्सिन ।

दिउँसोको समितिको छलफलमा हिरालाल निकै सक्रिय भएर लागेको सम्झना उसको मथिंगलबाट बिलाइसकेको थिएन, तर त्यो अवस्था अब घरमा निरन्तरता दिन उसको आत्माले दिइरहेको पनि छैन । परिवारको अगाडि अहिले ऊ थकित महसुस गऱ्यो । ओठभरि जिब्रो डुलायो । जिब्रो आफैले पनि माँगिरहेको थियो । सँगैको घाँटीविहिन प्लाष्टिकको करुवाभरीको पानीले घाँटी भिजायो, तर पनि ओठ जस्ताको तस्तै । केही बोलेन । करुवाको पींदसम्म आँखा घुमायो र त्यहीं छोड्यो । खाजाको लागि पातलीलाई हातले इशारा गऱ्यो । फाटेको दौरामा हालेको मकै खाईसकेपछि केही जवाफ नदिई दैलो बाहिर निस्क्यो - तल बेंसीतर्फ । केटाकेटी तथा पातलीको आशाको त्यान्द्रो लम्बिदै गएको अनुभूति गऱ्यो, डरमिश्रित मुस्कानका साथ ।

रात निकै छिप्पेपछि हिरालाल फर्क्यो । आज उसको लागि उसको सधैंको त्यो बाटो निकै साँघुरो भयो । मुखारविन्दबाट भद्दा आवाजमा बेंसीघरे माइँला बाजे र बीर्खमान साहुलाई सत्तोसराप गर्दै आँगनमा आएर गम्भ्रङ्ग ढल्यो र बेसुरमा सन्नाटालाई चिऱ्यो "के ठान्याछन् उनीहरूले, यो दशैंमा हामी पनि देखाउँछौं साऽऽऽऽऽऽऽऽ !"

***

नववर्ष २०६० को
सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मलतय शुभकामना व्यक्त गर्दछौं ।

तेलको थोपा थोपा जोगाऔं
इन्धन खर्च घटाऔं

नेपाल आयल निगम लिमिटेड
फो.नं. २६२९७० फ्याक्स : २६३४७१

कविता

चिट्ठीमा

◈धीरेन्द्र मल्ल

लामो मध्यान्तरपछि
सात समुद्रपारि
विदेशमै बसोबास गरिरहेको
मेरो मित्रको पत्र
अहिले मेरो हातमा छ ।

यहाँ मलाई
अनि मेरो परिवारलाई
भगवान् श्री पशुपतिनाथको कृपाले
आरामै छ
तहाँ तिमीलाई
अनि तिम्रो परिवारलाई
के कस्तो छ ?
कृपया झर्को नमानी
लेखी पठाउनू
पत्रको सुरुआतमै
यही लेखिएको छ ।

प्रत्युत्तरमा
म मेरो मित्रलाई
के लेखूँ ?
मेरो मित्रको पत्र
आफ्नो हातमा
ओल्टाई/पल्टाई
म यही सोचिरहेछु ।

लेखूँ- यहाँ जहाँ
स्वयम् आराध्यदेव
भगवान् श्री पशुपतिनाथ
विराजमान् छन्
त्यहाँ आजकाल
कहाँ, कता, कतिखेर
के कस्तो हुन्छ ?
त्यो कसैलाई थाहुँदैन
हिंसा/प्रतिहिंसा
घात/प्रतिघात
प्रहार/प्रतिप्रहार
घटना/दुर्घटना
एउटा सामान्य कुरा भैसकेको छ ।

यो लेखेमा
मेरो मित्र
अवश्य नै चिन्तित हुनेछ
लेख्छु/पढ्छु
मन मान्दैन
च्यात्छु/फेरि लेख्छु
यहाँ मलाई
अनि मेरो परिवारलाई
आराध्यदेव श्री पशुपतिनाथको कृपाले
अनि तिमीजस्तो
आत्मीय् मित्रको शुभेच्छाले
ठीकै छ
त्यहाँ तिमी
अनि तिम्रै परिवारको विषयमा
धुप्रै जानकारी पाएर
मेरो मन
आनन्दले विभोर भएको छ
सञ्चो बिसञ्चोको खबर
आदान प्रदान गर्दै गर्नू
यही नै मेरो कामना छ
अनि तिमीलाई तिम्रो परिवारलाई
मुटुभरिको मेरो शुभकामना छ ।

***

नववर्ष २०६० को
सुखद् उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्ग तथा
शुभचिन्तक महानुभावहरूमा सुख, शान्ति
तथा समृद्धिका लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

एम.बी. पेट्रोल्युब
छातापिपरा, बारा

लघुकथा

नेपाल बाजेको छोरो

◈अपरिचित

मिरमिरेमै नेपाल बाजे आउनु भयो । बाजेले पूजापाठभन्दा एउटै छोराको दुखेसो सुनाउनु भयो । पुरेत्याइँ - जजमानी, कर्मकाण्ड धेरै गरे । धेरैको शुभकर्म पनि गरे, अशुभ कर्म पनि गरे । शोकाञ्जलिका तर्पण दिए । दिन लगाए तर आफ्नो एउटै छोरा हिजोदेखि बहुलाजस्तै भयो । बुढेसकालको 'सहारा' अब के गर्ने भन्दै आँसु बहाए । विचरा नेपाल बाजेले ।

नभन्दै हो रहेछ बाजेको प्यारो छोरो फलाक्दै उकालो चढ्दै रहेछ । गाउँमा हल्ला भयो । उत्सुकतावश सबै उसका चिच्याइ सुनिरहे अबेर सम्म । ऊ भन्दै थियो - "ए ! बा ! मर्द बा ! बा ! ए बा !" कति छन् कति देवता, भगवान, ईश्वर, अल्लाह परमेश्वर । मन्दिरमा घन्ट बज्दैन भीडले मूर्ति ढुंगा, काठमा, सिमेन्टमा, फोटो, चित्रका कपडा कागजमा थापना भए भगवान आदि र पुजारी ।

"यति धेरै ईश्वरका रूपमा भगवान, स्वामी मान्छे छन् मान्छे । यसैले आजभोलि मान्छे पुज्नेको भीड मन्दिर र मञ्चमा भगवानको तस्वीर, पदार्थ प्रसादभन्दा प्यारो भएको छ । हो रहेछ । मानिस भगवान हुन्छन् भनेको । मान्छेले मान्छेलाई भगवान बनाई दिएपछि उहिलेको कुरा कहिल्यै खुइलिएन । बा ? ए बा ! नत्र भने भगवान ईश्वर आदि छाडेर मान्छे सम्प्रदायको भगवान पूजा गर्ने नै थिएन ।"

ऊ एक्लै फलाकिरहेछ । ए बा ? मान्छेमै भगवान ईश्वरको बास भएपछि देव-दानव छुट्याउनै गान्हो भएको छ । कुन देव हो ? कुन दैव र कुन दानव हो भनेर । यति श्रेष्ठ भगवान भएका मान्छे वा खोज्दैछन कोही । वा ! मर्द ! बा !

आमा गर्भवती भै रहन्छिन् । या धुन्धकारी या मान्छे दुवै भगवान के पाउने हो थाहा छैन । तर आमाले नबोल्दा मैले वा चिनिन । मेरी आमा सुत्केरी भैरहन्छिन् । कहिले जेठोवाद कहिले जेठीवाद, कहिले मत्स्यवाद, कहिले अर्थवाद, थरिथरिका छोरा-छोरी पाएको पायैछन् । आजभोलिका परिवार नियोजनले केही गरेन । खोइ कुन वादको छोरा नियोजन गर्न दिन्न रे दुवै सुखी परिवारका खातिर ।

आमाको मौनता मेरो बाबाको हुनसक्छ । यस्ता बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँधैमाथि खुइलिएछ उहिलेको कुरा । उता भगवान यता भगवान । भगवानको बली हुन सक्दैन । बा ! के अनर्थ ! मान्छे मरेको छ मान्छे । भगवान मरेको छ । होइन छोरो मरेको छ । विचार मरेको छ । बा ! होइन ! होइन ! वाद मरेको छ । बा कस्तो वाद ? मलाई आमावाद चाहिन्छ आमा । बाबा नभेटिँदैमा आमालाई पोइल लाउन सकिन्न । यस्तो बाबुको घूँडो चुसेर ! बा ! ए बा ? मलाई वाद देऊ ! मानवता देऊ ! आमा देऊ ! आमा भन्दै एकोहोरो चिच्याई रहेछ । चिच्याई रहेछ ।

खोल्सामा आवाज थर्किन्छ र गुञ्जन्छन् । सबै मौन स्वीकृत लक्षणमा टोलाई रहेछन् । प्रकृति प्रवृति भएकै हो भन्ने ठानेर । बस ! सबै बाजेको मुख कोराकोर गरिरहेछन् । गाँड कोराकोर गरिरहेछन् ।

***

आइ कहिल्यै नसकिने चैत वैशाख मेरो
लाइ कहिल्यै नसकिने प्रीत नौ लाख मेरो ।

- कविवर माधवप्रसाद घिमिरे

संस्मरण

पाण्डव सुनुवार र स्रोताको कन्दरा

◈अरुण खत्री 'नदी'

पाण्डव सुनुवार र रेडियो नेपालको चौतारी कार्यक्रम हुँदा म २०४३ सालमा खानेपानी संस्थानमा खरिदार पदमा प्रवेश गर्दै थिएँ। लोकगीत गायकहरू पाण्डव सुनुवार, हिरण्य भोजपुरे, वरिष्ठ नाट्य निर्देशक मदनदास श्रेष्ठ र संगीतकार वुलु मुकारुङ् दश महिना भित्रमा खानेपानी संस्थानको वितरण शाखामा आ-आफ्नो घरमा धारा जडान गर्नको लागि आउनु भयो । उहाँहरूको सेवा गर्न पाउँदा मलाई असाध्यै खुशी लाग्यो । ओलखढुंगा जस्तो पहाडी भेगमा जन्मनु भएका पाण्डव सुनुवार ले विभिन्न जिल्लाबाट काठमाडौं लोकगित गाउन आउनेहरूलाई चौतारी कार्यक्रममा भाग लिने मौका दिनुहुन्थ्यो । पाण्डव दाइसँग परिचय भएर मैले तीन पटक चौतारी कार्यक्रममा भाग लिने सुअवसर पाएको थिएँ । उहाँको स्वर मन नपराउने शायद कमै होलान् । पछि गएर हरेक शनिवार बिहानको एघार बजेपछि प्रशारण हुने 'फोन इन' कार्यक्रम पाण्डव दाइले चलाउन थाल्नुभयो । फोन इन कार्यक्रममा रेडियो सुन्ने श्रोताहरूले पठाएका मुक्तकहरू पनि उहाँले सुनाइदिने गर्नुहुन्थ्यो । पाण्डव दाइसँग भेट हुनु अगाडि त्यति मीठो बोल्नेको अनुहार कस्तो होला भन्ठानेको थिएँ तर उहाँको अनुहार देख्दा मलाई साच्चै अचम्म लागेर एकछिन हाँसो पनि उठ्यो । २०४७ सालमा मैले लोकसेवा आयोगको परीक्षा दिएर नाम निकालेपछि शुक्रवार दिउँसो ३.०० बजेपछि 'फोन इन' कार्यक्रममा भाग लिन ठूलो इच्छा लागेर निकै पटक फोन हानेर भाग लिने मौका पाएँ । फोन इनमा भाग लिँदा मलाई पाण्डव दाइले चिन्नु भएर 'अब नदीजी ! सागर बन्नुपर्‍यो' भन्नुभयो । मैले भक्तराज आचार्य दाइले मीठो स्वर मा गाउनु भएको गीत 'जति चोट दिन्छौ देउ मायालु' फर्माइस गरें । उहाँले मैले मन पराएको गीत फर्माइस गर्नु भयो ।

एकपटक म लामो समयपछि रेडियो नेपालमा विभिन्न कार्यक्रमहरूलाई रचना दिन जाँदा पाण्डव दाइसँग भेट हुनपुग्यो । उहाँले मलाई 'अरुण नदी भाइ ! धनेन्द्र विमलको तपाईले लिनुभएको अन्तर्वार्ता मैले दायित्व पत्रिकामा पढ्न पाएको थिएँ' भन्नु भयो । मैले दाइले मलाई तपाई भन्नुभन्दा तिमी भन्नु राम्रो हुन्छ अबदेखि मलाई तिमी भन्नु भनें । रेडियो नेपालमा म फुर्सदको समयमा दाइलाई भेट्न आइरहन्छु । तपाईंको स्वरको 'भिज्यो तिम्रो रातो पछ्यौरी नि है है' र 'लालुपाते फुलेर लाल भयो आज मेरो जोगीको चाल भयो नरोऊ मायालु' गीत सुन्न पाइ रहुँजस्तो लाग्छ भनें । दाइलाई बाचुन्जेल म सम्झिरहनेछु । दाइले चलाउनु भएको शनिवार मध्यान्ह ठीक १२.०० बजे प्रसारण गरिने इन्द्रधनुष र इन्द्रेणी कार्यक्रम हट्दा मेरो मन साच्चै दुख्यो भनें । अस्ती भखरैको कुरा हो रेडियोनेपालमा म रचना छाड्न जाँदा उहाँसँग भेट्ने चाहना भएर पाण्डव सुनुवार नेमप्लेट भएको कोठाभित्र छिरें । उहाँ आफ्नो सिटमा बसिरहनु भएको रहेछ । अरुण भाइ सागर कहिले बन्ने भइयो नि ? कुन अफिस हो भाइको भन्नुभयो । मैले अहिले म भूमिसुधार विभागमा काम गर्दैछु दाइ भनें । भूमिसुधारमा त खुबै कमाउन पाइन्छ रे नि अरुण भाइले कत्तिको कमाइयो नि दाइले भन्नुभयो । मैले म त साहित्यप्रेमी हुँ दाइ । मलाई सरकारले दिएको तलव र लेखरचना लेखे वापतको पारिश्रमिक आइ नै रहन्छ त्यो बाहेक अन्य आम्दानी मेरो छैन पाण्डव दाइ भनें । अन्त्यमा उहाँको स्वर सधैंभरी गुन्जिरहोस् । मेरो लाख लाख शुभकामना ।

-सामाखुसी मार्ग

लघुकथा

फैसला

◈सागर "मणि" थापा

श्रीमती विश्वकर्मा खूब रिसाइन् 'चुरोटको धूँवा फुकेर मात्रै समस्या समाधान हुन्छ ?' - 'म के गरौं त ?' चुरोट एष्ट्रेमा ठोस्दै डा. विश्वकर्मा श्रीमतीसँग जगिए । उनलाई मुद्दा परेको थियो ।

श्रीमती चाहन्थिन् कि डाक्टरले डाक्टरी पेसा छोडिदेऊन् । सांसद बन्नतिर लागून् । मन्त्री बनून् । तर डाक्टरले आफ्नो शपथलाई भुलेनन् ।

अदालतमा मानिसहरूको खचाखच भीड थियो । उनीहरू न्यायाधीशको फैसला सुन्न आतुर थिए । न्यायाधीशले अन्तिम फैसला सुनाए- 'प्रतिवादी डा. विश्वकर्मामाथि त्यस गाउँका मानिसहरूले यस कारणले मुद्दा हालेका थिए कि उनले गैरनेपालीहरूको पनि उपचार गर्दथे । देशको सिमानामा अवस्थित अस्पतालमा पारि देशका विरामीहरू पनि भर्ना गरिन्थ्यो । तसर्थ डाक्टरलाई नेपालीहरूको मानवाधिकार हननको अभियोग लगाइयो । तर न्यायाधीशको फैसलामा लेखियो - 'समाज सेवाको कुनै भौगोलिक सीमा हुँदैन । डाक्टरको कर्तव्य रोगीलाई निको पार्नु हो । सम्पूर्ण मानव जातिको सेवा गर्नु हो ।' न्यायाधीशको फैसला सुनेर वादीपक्षकै मानिसहरूले हर्ष प्रकट गरे ।

-कीर्तिपुर-१३, चोभार ओपी

कविता

हामी होली खेलौं

◈असीम उपाध्याय

गाँस बास अनि कपासको लागि
हाहाकार मच्चिएको शुभ साइतमा
आला, रक्त मुच्छेल हातहरूले
गौतम बुद्धको आँगनमा
आउ प्रिय, हामी होली खेलौं ।

तिमी नारी सौभाग्य सिन्दूर खोसेर ल्याऊ
म संविधानमा रगत पोको पारेर ल्याउँछु
अनि रातभरि भिमानमा
आउ प्रिय, हामी होली खेलौं ।

तिमी उतावाट बन्दुक पड्काउ
म यतावाट बम उडाउँछु
बन्दुक र बारुदको धुँवामा
रूमाल, टोपी र कागजले मुख छोप्तै
आउ प्रिय, मन्सारमा हामी होली खेलौं ।

तिमी मार्नु पर्ने जति मार
म कमाउनु पर्ने जति कमाउँछु
अनि हजारौंलाई घरवार विहीन बनाउन सकेकोमा
उत्सव मनाउन गोदावरी वार्तापार्कमा आऊ ।

प्रिय हामी आफन्त मिलेर होली खेलौं
अझ नृशंश होलीको वातावरण प्रशस्त गरौं
आउ हामी होली खेलौं ।

- जोरपाटी

नववर्ष २०६० को
सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा
शुभचिन्तक महानुभावहरूमा हार्दिक मलमय
शुभकामना व्यक्त गर्दछौं ।

प्रो मनोज चौरसिया
चौरसिया प्याकेजिङ् इन्डष्ट्रिज,
पिपरा